# बालागुरु महाकाव्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत शोधपत्र


शोधार्थी

**लक्ष्मीदेवी पौडेल**

स्नातकोत्तर द्वितीय वर्ष

पद्मकन्या बहुमुखी क्याम्पस

बागबजार, काठमाडौं


२०६७

शोधनिर्देक
श्रीचेतोनाथ गौतम
सहप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस

# बालागुरु महाकाव्यको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत शोधपत्र


शोधार्थी
**लक्ष्मीदेवी पौडेल**
स्नातकोत्तर द्वितीय वर्ष
पद्मकन्या बहुमुखी क्याम्पस
बागबजार, काठमाडौं

२०६७

# मूल्याङ्कनको लागि सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको ऐच्छिक दसौं पत्रको प्रयोजनका लागि शोधार्थी लक्ष्मीदेवी पौडेलले **बालागुरु महाकाव्यको अध्ययन** शीर्षकको यो शोत्रपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधपत्रप्रति म पूर्णतः सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति २०६७०६।१०

...................................

**चेतोनाथ गौतम**

सहप्राध्यापक

पद्मकन्या बहुमुखी क्याम्पास

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत**

**पद्मकन्या बहुमुखी क्याम्पस**

**बागबजार**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभाग अन्तर्गतकी छात्रा लक्ष्मीदेवी पौडेलले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि **बालागुरु महाकाव्यको अध्ययन** शीर्षकमा प्रस्तुत गरेको यो शोधपत्र स्नातकोत्तर तहका लागि स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| | | **हस्ताक्षर** |
|---|---|---|
| १. सह प्रा. चेतोनाथ गौतम | शोध-निर्देशक | .............................. |
| २. सह प्रा. चेतोनाथ गौतम | कार्यक्रम संयोजक | .............................. |
| ३. प्रा. हेमचन्द्र नेपाल | विभागीय प्रमुख | ............................. |
| ४. प्रा.बद्रीविशाल भट्टराई | बाह्य परीक्षक | ............................. |

मितिः ३०६७०६।१०

# कृतज्ञता ज्ञापन

**बालागुरु महाकाव्यको अध्ययन** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु चेतोनाथ गौतमको कुशल निर्देशनमा तयार पारेकी हुँ । उहाँले मलाई आफ्नो अमूल्य समय दिएर मेरो उत्साह बढाउँदै गर्नु भएको शोध निर्देशनबाट नै यो शोधकार्य सम्पन्न हुन सकेको हो । महाकाव्य जस्तो महत्त्वपूर्ण विषयमा शोधपत्र लेख्नका निम्ति मेरो शोध प्रस्ताव स्वीकृत गरी शोधपत्र लेखनकाा क्रममा आएका समस्याहरूलाई गम्भीरतापूर्वक समाधान गर्न उचित निर्देशन दिई केही पुस्तकहरू समेत उपलब्ध गराइ सहयोग गर्नुहुने श्रद्धेय गुरु चेतोनाथ गौतमप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

लेखनका क्रममा उपुयुक्त परामर्श तथा शोधपत्रका लागि आवश्यक सल्लाह समेत दिने आदरणीय श्रद्धेय गुरु दुर्गाप्रसाद अधिकारीलाई पनि म कृतज्ञता ज्ञापन गर्दछु । त्यसै गरी शोत्रपत्रको लागि सामग्री सङ्कलनमा सहयोग गरिदिने आरणीय गुरु लालानाथ सुवदीप्रति पनि म कृतज्ञ छु । शोधपत्रका लागि समय सयममा आवश्यक सल्लाह र टाइप गरी सहयोग गर्ने दाजु डिल्लीवीरजङ्ग कार्की र दिदी शान्ताकुमारी अधिकारीप्रति ऋणी छु । त्यसै गरी शोधकार्यका क्रममा वेलावेलामा आवश्यक सल्लाह र पुस्तक दिई सहयोग गर्ने गुरु नारायण गड्तौलाप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

जीवनको यस मोडसम्म ल्याई पुऱ्याउन जुन योगदान पिता नारायणप्रसाद पौडेल र माता गङ्गादेवी पौडेल, त्यसै गरी ससुरा बुबा षडानन्द गौतम र सासुआमा खड्गकुमारी गौतमले दिनुभएको छ, यो मेरा लागि रहनेछ । त्यसै गरी यो शोधपत्र तयार पार्ने क्रममा बारम्बार मलाई घचघच्याउने मेरा दाजु रमेश पौडेलको गुन पनि विर्सन सक्दिन । यो शोधपत्र तयार पार्नका लागि आवश्यक आर्थिक सहयोग जुटाइदिनु हुने, लेखनका समयमा अभिप्रेरित गर्नुहुने मेरा जीवनसाथी नारायण गौतमप्रति म आभार प्रकट गर्दछु । त्यसै गरी बेलाबेलामा सचेत गराउने बहिनी संगीता वस्ती, नन्द तारा लम्साल र भाइ बद्री पौडेलालाई धन्यवाद दिन्छु । सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग पुऱ्याए वापत त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय, पद्मकन्या बहुमुखी क्याम्पसको पुस्तकालय, प्रज्ञा प्रतिष्ठानको पुस्तकालयप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यम प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय पद्मकन्या क्याम्पस, नेपाली शिक्षण समितिमा पेस गर्दछु ।

भर्ना समूह २०६३
क्याम्पस क्रमाङ्क : २२
परीक्षा क्रमाङ्क : ३९०४
त्रि.वि. दर्ता नं. : ६-१-११-१६६-९८
मिति २०६७।०६।१०

.................................
**लक्ष्मीदेवी पौडेल**
पद्मकन्या बहुमुखी क्याम्पास
स्नातकोत्तर नेपाली विभाग

# शोधसार


शोध शीर्षक- **बालागुरु महाकाव्यको** अध्ययन

## शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसको नेपाली विभागको स्नातकोत्तर द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## शोध समस्या

(क) महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको परिचय के कस्तो छ ?

(ख) दुर्गाप्रसाद अधिकारीका काव्यकृतिहरू कति र कस्ता छन् ?

(ग) बालागुरु षडानन्दको जीवन चरित्रलाई **बालागुरु महाकाव्य**मा कसरी प्रस्तुत गरिएको छ ?

(घ) पूर्वीय महाकाव्यीय लक्षणका आधारमा **बालागुरु महाकाव्य** कस्तो देखिन्छ ?

## शोधको उद्देश्य

(क) दुर्गाप्रसाद अधिकारीको परिचय प्रस्तुत गर्नु ।

(ख) दुर्गाप्रसाद अधिकारीका काव्यकृतिका वारेमा चर्चा गर्नु ।

(ग) जीवनीपरक दृष्टिले **बालागुरु महाकाव्य**को चर्चा गर्नु ।

(घ) पूर्वीय महाकाव्यीय लक्षणका आधारमा **बालागुरु महाकाव्य**को अध्ययन गर्नु ।

## शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न पुस्तकालयीय र अन्तर्वार्ता विधि प्रयोग गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित समग्रीलाई विश्लेषणात्मक विधिका आधारमा अध्ययन गरी शोधपत्रको रूपमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

बालागुरु महाकाव्यका लेखक दुर्गाप्रसाद अधिकारी हुन् । उनले बालागुरुका सम्पूर्ण कार्यहरूलाई काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत महाकाव्य पूर्णतया पूर्वीय महाकाव्यीय मान्यताका आधारमा लेखिएको छ । यहाँ विभिन्न छन्द, अलङ्कार र रसको प्रयोग गरिनुका साथै इतिहास प्रसिद्ध कथावस्तुको प्रयोग भएको छ । प्रस्तुत महाकाब्यको भाषाशैली सरल र सरस छ । बालागुरुको सन्दर्भमा लेखिएका अन्य काव्यकृतिहरू पनि छन्, ती कृतिहरूले पनि बालागुरुको चरित्रलाई नै विषयबस्तु बनाएको छ । तर यो महाकाव्य चाहिं अरू कृतिभन्दा उच्च स्तरको रहेको छ । प्रस्तुत महाकाव्यमा काव्यकारले बालागुरुको चरित्र प्रस्तुत गर्दै पश्चिमी सभ्यता र दिङ्लाको अहिलेको परिवेशलाई समेत प्रस्तुत गरेका छन् । बालागुरुको जीवनीलाई आधार मानेर लेखिएका दुई महाकाव्यमध्ये एउटा प्रस्तुत शोधपत्र गरिएको महाकाव्य हो भने अर्को भोग्यप्रसाद भण्डारीको **षडानन्द चरित् महाकाव्य** हो । यस महाकाव्यले पनि बालागुरुको चरित्र नै प्रस्तुत गरेको छ तर यथार्थभन्दा कल्पनाशीलता बढी देखिन्छ ।

# विषय सूची

*शोध निर्देशकको सिफारिस*
*कृतज्ञता ज्ञापन*
*स्वीकृति पत्र*
*शोधसार*
*सङ्क्षिप्त शब्द सूची*
*विषय सूची*

***पेज***


परिच्छेद एक
शोध परिचय

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोध कार्यको प्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | शोध समस्या | २ |
| १.५ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधकार्यको औचित्य र उपलब्धि | ४ |
| १.८ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.९ | शोधविधि | ४ |
| | १.९.१ सामग्री सङ्कलन विधि | ४ |
| | १.९.२ अध्ययन विधि | ४ |
| १.१० | शोधपत्रको रूपरेखा | ४ |

परिच्छेद-दुई
महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको परिचय

| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ६ |
| २.२ | जीवनी | ६ |
| | २.२.१ जन्म र जन्मस्थान | ६ |
| | २.२.२ मातापिता | ६ |
| | २.२.३ दाजुभाइ र दिदी बहिनी | ७ |
| | २.२.४ बाल्य जीवन | ७ |
| | २.२.५ शिक्षा आरम्भ | ७ |
| | २.२.६ व्रतबन्ध र विवाह | ८ |
| | २.२.७ पेसा व्यवसाय | ८ |
| | २.२.८ पारिवारिक अवस्था | ८ |
| | २.२.९ प्रेरणा र प्रभाव | ९ |
| | २.२.१० जीवन दर्शन | ९ |

| | | |
|---|---|---|
| | २.२.११ भ्रमण | १० |
| | २.२.१२सम्मान र पुरस्कार | १० |
| २.३ | व्यक्तित्व | १० |
| | २.३.१ बाह्य व्यक्तित्व | १० |
| | २.३.२ आन्तरिक व्यक्तित्व | १० |
| | २.३.३ शिक्षक व्यक्तित्व | १० |
| | २.३.४ साहित्यिक व्यक्तित्व | ११ |
| | २.३.५ पुराणवाचक व्यक्तित्व | ११ |
| २.४ | कृतित्व | ११ |
| | २.४.१ लेखन प्रारम्भ | ११ |
| | २.४.२ कृतिहरू प्रकाशित कृतिहरू | ११ |
| २.५ | उपसंहार | १२ |


परिच्छेद-तीन

बालागुरु षडानन्दको संक्षिप्त जीवन चरित्र


| | | |
|---|---|---|
| ३.१ | पारिवारिक पृष्ठभूमि | १३ |
| ३.२ | जन्म र जन्मस्थान | १४ |
| ३.३ | बाल्यकाल, दाजु र दिदीहरू | १५ |
| ३.४ | उपनयन र शिक्षादीक्षा | १९ |
| ३.५ | तपश्चर्या | २१ |
| ३.६ | जन्मस्थल प्रत्यावर्तन | २२ |
| ३.७ | विद्यालय स्थापना र शैक्षिक कार्यहरू | २२ |
| ३.८ | धार्मिक क्रियाकलाप | २३ |
| ३.९ | सामाजिक क्रियाकलाप | २५ |
| ३.१० | अलौकिक चरित्र सम्बन्धी किम्बदन्तीहरू | २७ |
| ३.११ | गुठीको व्यवस्था | २९ |
| ३.१२ | देहावसान र काजक्रिया | ३० |
| ३.१३ | उपसंहार | ३२ |


परिच्छेद-चार

महाकाव्य सिद्धान्तका आधारमा बालागुरु महाकाव्यको अध्ययन


| | | |
|---|---|---|
| ४.१ | पृष्ठभूमि | ३४ |
| | ४.१.१ महाकाव्य सम्बन्धी पूर्वीय सिद्धान्तहरू | ३४ |
| | ४.१.२ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यताहरू | ३८ |
| | ४.१.३ भारतीय समालोचकका मान्यता | ४० |
| | ४.१.४ नेपाली समालोचकका मान्यता | ४१ |
| | ४.१.५ महाकाव्य सम्बन्धी मान्यताको तुलाना र निचोड | ४३ |

| | | |
|---|---|---|
| ४.२ | महाकाव्यका तत्त्वहरू | ४६ |
| | ४.२.१ कथानक | ४८ |
| | ४.२.२ पात्र वा चरित्र | ४८ |
| | ४.२.३ सर्गबद्धता | ४९ |
| | ४.२.४ परिवेश | ४९ |
| | ४.२.५ रसभाव | ५० |
| | ४.२.६ छन्द वा लय | ५१ |
| | ४.२.७ शीर्षक विधान | ५१ |
| | ४.२.८ जीवनदर्शन | ५१ |
| | ४.२.९ भाषाशैली | ५२ |
| | ४.२.१० उद्देश्य | ५२ |
| ४.३ | बालागुरु महाकाव्यको परिचय | ५३ |
| | ४.३.१ कथानक | ५४ |
| | ४.३.२ चरित्र | ६७ |
| | ४.३.२.१ बालागुरु | ६७ |
| | ४.३.२.२ रूक्मिणी | ७१ |
| | ४.३.२.३ गायत्रीमाता | ७१ |
| | ४.३.२.४ दमिनी | ७२ |
| | ४.३.२.५ गञ्जसिंह बस्नेत | ७२ |
| | ४.३.२.६ बलभद्र र जमानसिंह बस्नेत | ७२ |
| | ४.३.२.७ शिवलाल, रामनाथ, जयधर्म | ७२ |
| | ४.३.२.८ नन्दिकेश्वर अधिकारी | ७२ |
| ४.४ | सर्गबद्धता | ७३ |
| ४.५ | परिवेश | ७३ |
| ४.६ | रस/भाव | ७५ |
| | ४.६.१ करूण रस | ७५ |
| | ४.६.२ शान्त रस | ७६ |
| | ४.६.३ भाव | ७६ |
| ४.७ | छन्द वा लय | ७७ |
| | ४.७.१ शार्दूलबिक्रीडित छन्द | ७८ |
| | ४.७.२ मन्दाक्रान्ता छन्द | ७८ |
| | ४.७.३ इन्द्रबज्रा छन्द | ७८ |
| | ४.७.४ स्रग्धरा छन्द | ७९ |
| | ४.७.५ अनुष्टुप छन्द | ७९ |
| | ४.७.६ वसन्ततिलका छन्द | ७९ |
| ४.८ | शीर्षकीकरण | ८० |

४.९ जीवन दर्शन ८०
४.१० भाषाशैली ८२
    ४.१०.१ बालागुरु महाकाव्यमा अलङ्कार विधान ८४
    ४.१०.२ बालागुरु महाकाव्यमा गुण विधान ८७
४.११ उद्देश्य ८७
४.१२ प्रकृतिको चित्रण ८९
४.१३ बालागुरुको जीवनीमा आधारित काव्यकृतिका सन्दर्भमा बालागुरु महाकाव्य ९०
४.१४ उपसंहार ९७

परिच्छेद पाँच

उपसंहार तथा निष्कर्ष

५.१ अध्यायगत सार ९८
५.२ समग्र सामग्री शोध निष्कर्ष ९९
परिशिष्ट खण्ड

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| आ. स. | - | आठौं संस्करण |
| गा. वि. स. | - | गाउँ विकास समिति |
| चौ. स. | - | चौथो संस्करण |
| ज.शि. सा. के. लि. | - | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| ते. स. . | - | तेस्रो संस्करण |
| दो. स. . | - | दोस्रो संस्करण |
| ने. रा. प्र. प्र. | .- | नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठन |
| प. . | - | पण्डित |
| पृ | - | पृष्ठ |
| बा. | - | बालागुरु |
| वि. सं. | - | विक्रम संबत् |
| बि. एड. | - | ब्याचलर अफ एजुकेसन |
| श्लो. | - | श्लोक |
| स.च. | - | षडानन्द चरित् |
| ष. आ. स. स. | - | षडानन्द आश्रम संरक्षण समाज |
| सम्पा. | - | सम्पादक |
| सं. | - | संस्करण |
| त्रि. वि. | - | त्रिभुवन विश्वद्यिालय |

# परिच्छेद एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक '**बालागुरु महाकाव्यको अध्ययन**' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र, सङ्काय अन्तर्गत पद्मकन्या बहुमुखी क्याम्पसको नेपाली विभाग, स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका निम्ति गरिएको हो ।

## १.३ विषय परिचय

**बालागुरु महाकाव्य**का लेखक दुर्गाप्रसाद अधिकारीको जन्म भोजपुर जिल्ला दिङ्लाको केउरेनी पानी गा.बि.स. वडा नं. ३ वितलवमा वि.सं. १९९४ साल फाल्गुन महिनामा भएको हो । अधिकारीले वि.सं. २०१९ सालदेखि कविता साधना सुरु गरेका हुन् । प्रस्तुत महाकाव्य वि.सं. २०५६ सालमा प्रकाशित भएको हो । यस महाकाव्यमा महाकाव्यकार अधिकारीले बालागुरुको जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण घटनालाई काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् । बालागुरुका कार्यहरू मूलतः शिक्षा, संस्कृति, समाज सेवा र अध्यात्मसँग सम्बन्धित छन् । महाकाव्यकार अधिकारीले बालागुरुका यिनै कार्यहरूलाई यस काव्यमा कविताका रूपमा बाणी दिएका छन् । प्रस्तुत महाकाव्य दस वटा तरङ्गमा विस्तारित छ । यसमा मूल रूपमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ भने अन्य छन्दहरूमा इन्द्रबज्रा, स्रग्धरा, मन्दाक्रान्ता, अनुष्टुप आदिको पनि प्रयोग गरिएको छ । यस महाकाव्यमा बालागुरुलाई तत्कालीन नेपालको शिक्षा, संस्कृति, समाज सुधार र आध्यात्मक क्षेत्रका विशिष्ट साधक एवम् उन्नायकका रूपमा काव्यमा प्रस्तुत गरिएको छ । यस प्रसङ्गमा यहाँ बालागुरुको छोटो परिचय प्रस्तुत गर्न आवश्यक हुन्छ ।

बालागुरुको जन्म वि.स. १८९२ साल मार्ग शुक्ल पञ्चमीका दिन पूर्वी नेपालको भोजपुर जिल्ला अन्तर्गत दिङ्लाको गडीगाउँमा पिता लक्ष्मीनारायण र माता रुक्मिणी अधिकारीका कान्छा छोराका रूपमा भएको हो । बालागुरुले जनकपुर र काशीबाट शिक्षा आर्जन गरेको देखिन्छ । गायत्री पुरश्चरणबाट उनले सिद्धि प्राप्त भएको मानिन्छ । उनले वि.सं. १९३२ सालमा स्थानीय जनताको सक्रिय सहभागितामा दिङ्लामा सर्वसाधारण मानिसले पढ्न पाउने गरी पाठशाला स्थापना गरेका थिए भने त्यसको सञ्चालनार्थ गुठीको

समेत व्यवस्था गरेका थिए । त्यस विद्यालयमा पढ्ने विद्यार्थीका लागि छात्रावासको पनि व्यवस्था गरिएको थियो । शिक्षक र विद्यार्थीलाई खान्कीको समेत व्यवस्था मिलाइएको थियो । सीताराम र षडेश्वर महादेवको मन्दिर, पाटी, बगैंचा तथा कुण्डको समेत निर्माण गरेर उनले दिङ्लालाई शैक्षिक, धार्मिक र प्राकृतिक रूपमा नै आदर्श केन्द्रका रूपमा विकसित गरेका थिए । त्यसैले उनलाई पूर्वी नेपालको ज्योतिका रूपमा लिईन्छ । प्रस्तुत शोधकार्य यस्ता सिद्ध महापुरुषको जीवन चरित्रमा आधारित भएर लेखिएको **बालागुरु** महाकाव्यको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.४ शोधसमस्या

प्रस्तुत शोधकार्यका मूलभूत शोध समस्याहरू यस प्रकार छन् -

(क) दुर्गाप्रसाद अधिकारीको परिचय के कस्तो छ ?

(ख) दुर्गाप्रसाद अधिकारीका काव्यकृतिहरू कति र कस्ता छन् ?

(ग) पूर्वीय महाकाव्यीय मान्यताका आधारमा **बालागुरु** महाकाव्य कस्तो देखिन्छ ?

(घ) बालागुरुको जीवनीमा आधारित काव्यकृतिहरूमा **बालागुरु** महाकाव्य कस्तो देखिन्छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका उद्देश्यहरू यस प्रकार छन् -

(क) दुर्गाप्रसाद अधिकारीको परिचय प्रस्तुत गर्नु,

(ख) दुर्गाप्रसाद अधिकारीका काव्यकृतिका वारेमा चर्चा गर्नु,

(ग) पूर्वीय महाकाव्यीय मान्यताका आधारमा **बालागुरु** महाकाव्यको अध्ययन गर्नु,

(घ) बालागुरुको जीवनीमा आधारित काव्यकृतिका सन्दर्भमा **बालागुरु** महाकाव्यको चर्चा गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

प्रस्तुत महाकाव्य बालागुरुको जीवन चरित्रमा आधारित छ । बालागुरुको जीवन चरित्रका बारेमा अध्ययन अनुसन्धान भए पति प्रस्तुत महाकाव्यका बारेमा चर्चा परिचर्चा खासै भएको पाईंदैन । जे जति चर्चा भएको छ, त्यसको कालक्रमिक विवरण यहाँ प्रस्तुत गरिएको छ ।

शोभा चापागाई (२०४५) ले बालागुरु षडानन्द अधिकारीको जीवनी र उनका विषयमा लेखिएका कृतिहरूको विवेचना शीर्षकको शोधपत्रमा बालागुरुको जीवनी र उनका बारेमा लेखिएका कृतिहरूको विश्लेषण र विवेचना गरेकी छन् । यसमा **आबाल ब्रह्मचारी षडानन्द चरित्** , **सङ्गीत रत्नमाला**, **शिक्षासेवी तथा कर्मठ योगी षडानन्द**, **आबाल ब्रह्मचारी षडानन्द अधिकारीको जीवन कथा**, **षडानन्द स्मृति काव्य**, **श्री षडानन्द चरित् महाकाव्य**, **बाल-आबाल (काव्य)**, **बरगाछी (ऐतिहासिक अङ्क)** र **आबाल ब्रह्मचारी षडानन्द अधिकारी स्मृति ग्रन्थ**को विवेचना गरिएको छ । प्रस्तुत पनि **बालागुरु** महाकाव्य (२०५६) सालमा प्रकाशित भएकोले त्यस अध्ययनमा यस महाकाव्यको चर्चा भएको छैन ।

स्वामी प्रपन्नाचार्य (२०५४) ले **पुरोवाक्** शीर्षकको भूमिका लेखमा **बालागुरु महाकाव्य**का बारेमा मङ्गलाचरण गर्दै कालीदासीय रीतिले महाकाव्यरूपी दुस्तर सागर तर्न इच्छा व्यक्त भएको कुराको उल्लेख गरेका छन् तर काव्यको वारेमा कुनै चर्चा छैन ।

भगवान खड्का (२०५६) ले **पूर्व ४ नं. भोजपुर दिङला् आश्रमको ऐतिहासिक अन्वेषण** शीर्षकको शोधपत्रमा बालागुरुको आश्रमको ऐतिहासिक सर्वेक्षण गरेका छन् । यसमा कुनै पनि काव्यकृतिको चर्चा गरेका छैनन् ।

माधव अधिकारी (२०५६) ले **बालागुरु** महाकाव्य (२०५६) मा **ग्रन्थले पूर्ण सफलता पाओस्** भन्ने लेखमा दुर्गाप्रसाद अधिकारीले लेखेको बालागुरुको कीर्ति गाथा वर्णन भएको ग्रन्थले पूर्ण सफलता पाओस् भनी शुभ कामना व्यक्त गरेका छन् तर महाकाव्यका वारेमा केही पनि चर्चा गरेका छैनन् ।

सुमित्रा चापागाईं (२०६४) ले **भोजपुर जिल्लाको साहित्यिक सर्वेक्षण** शीर्षकको शोधपत्रमा सम्पूर्ण साहित्यकार र उनीहरूका कृतिको सूची तयार गरेकी छन् । यस शोधपत्रका अन्य सबै साहित्यकारको नाम र कृतिको नाम लेखे पनि **बालागुरु** महाकाव्य र सो कृतिका लेखक दुर्गाप्रसाद अधिकारीको नाम उल्लेख गरिएको छैन ।

**आबाल ब्रह्मचारी षडानन्द आश्रम संरक्षण समाज** (२०६६) ले बालागुरुको जीवन चरित्रका साथै षडानन्द आश्रम संरक्षण समाजको उद्देश्य समेत प्रकाशित गरेको छ । यस

पुस्तिकाबाट छोटकारीमा बालागुरुको जीवनीको परिचय पाइए तापनि काव्य कृति सम्बन्धी कुनै चर्चा गरिएको छैन ।

माथि उल्लेखित अध्ययनबाट के प्रस्ट हुन्छ भने **बालागुरु महाकाव्य**का वारेमा समालोचक एवम् अनुसन्धाताहरूले खासै चर्चा परिचर्चा गरेको देखिदैन । त्यसैले प्रस्तुत शोधकार्यमा बालागुरुका विषयमा संक्षिप्त चर्चा सहित पूर्वीय महाकाव्यीय मान्यताका आधारमा **बालागुरु महाकाव्य**को अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र उपलब्धि

बालागुरुको जीवन चरित्रमा आधारित **बालागुरु** महाकाव्यको अध्ययन अहिलेसम्म कसैबाट नभएकोले प्रस्तुत शोधकार्यको औचित्य स्वतः स्पष्ट हुन्छ । यस अध्ययनबाट महाकाव्यकार दुर्गाप्रसाद अधिकारी र उनको महाकाव्यका बारेमा शोधपूर्ण सामग्री तयार हुने भएकोले यस विषयमा जिज्ञासा राख्ने सबैका लागि यो महत्त्वपूर्ण उपलब्धि बन्न जानेछ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कवि दुर्गाप्रसाद अधिकारीको सामान्य परिचयका साथै पूर्वीय महाकाव्यीय मान्यतालाई ध्यानमा राखेर अध्ययनका आधारहरू तय गर्दै **बालागुरु** महाकाव्यको अध्ययनमा सीमित रहको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ, मुख्य सामग्रीको रूपमा दुर्गाप्रसाद अधिकारीको **बालागुरु** महाकाव्यलाई लिईएको छ । महाकाव्यसम्बन्धिी पूर्वीय मान्यताका प्रस्तावकहरूलाई गौण सामग्रीको रूपमा लिइएको छ । अन्य सामग्रीहरू पनि सन्दर्भ सामग्रीको रूपमा लिइएको छ र आवश्यकता अनुसार अर्न्तवार्ता विधिको पनि प्रयोग गरिएको छ ।

### १.९.२ अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सङ्कलित सामग्रीहरूलाई विश्लेषणात्मक विधिद्वारा अध्ययन गरेर शोधपत्रका रूपमा प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र पाँच परिच्छेदमा विभाजित छ -

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोध परिचय, |
| दोस्रो परिच्छेद | - | दुर्गाप्रसाद अधिकारीको संक्षिप्त परिचय, |
| तेस्रो परिच्छेद | - | बालागुरु षडानन्दको संक्षिप्त जीवन चरित्र, |
| चौथो परिच्छेद | - | महाकाव्य सम्बन्धी पूर्वीय मान्यताका आधारमा **बालागुरु** महाकाव्यको अध्ययन, |
| पाँचौं परिच्छेद | - | उपसंहार र निष्कर्ष |

प्रस्तुत शोधपत्रका अन्त्यमा सन्दर्भ सामग्री सूची दिइएको छ र परिशिष्टमा चाहिँ महाकाव्यकार अधिकारीको तस्विर र उहाँसगँ यस शोधार्थीले लिएको अन्तर्वार्ताको पूर्ण पाठ राखिएको छ ।

# परिच्छेद दुई

# महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको परिचय

## २.१ विषय प्रवेश

पूर्वी नेपालको भोजपुर जिल्लामा जन्मेर त्यसै ठाउँलाई आफ्नो कर्मथलो बनाएका दुर्गाप्रसाद अधिकारीले फुटकर कवितादेखि महाकाव्यसम्मका कृतिहरू लेखेका छन् । भोजपुर जिल्लाका साहित्यकारका रूपमा परिचित अधिकारीका **बालागुरु** (महाकाव्य), **आमालाई चिठी** (कविता सङ्ग्रह) **गरिबका गीतहरू** (गीत सङ्ग्रह) र **कवि नन्दिकेश्वर अधिकारी र सदाचार ज्ञानादर्शक** (अनुसन्धान) जस्ता कृतिहरू प्रकाशित छन् । उनका अन्य कृतिमा आमालाई सम्झना कविता, कवितात्मक पत्र साहित्य, र आत्माको आवाज कविता सङ्ग्रह अप्रकाशित रूपमा पाइएका छन् । अधिकारीले नेपालकै महान व्यक्तित्वका रूपमा परिचित बालागुरु षडानन्द उनको जीवनीलाई आफ्नो महाकाव्यको विषय वस्तु बनाएका छन् । यहाँ महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको सामान्य परिचयका साथै उनका व्यक्तित्व र कृतित्वका बारेमा पनि चिनारी गराउने प्रयास गरिएको छ ।

## २.२ जीवनी

### २.२.१ जन्म र जन्मस्थान

दुर्गाप्रसाद अधिकारीको जन्म पूर्वी नेपालको भोजपुर जिल्ला दिङ्ला केउरेनी पानी गा. वि. स. वडा नं. ३, धारापानी वितलवमा वि.सं. १९९४ मा भएको हो । अधिकारी आफ्ना मातापिताका सन्तानहरूमा दोस्रो र छोराहरूमा पहिलो सन्तान हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.२.२ मातापिता

दुर्गाप्रसाद अधिकारीका माताको नाम कौशिला अधिकारी हो । उनका पिताको नाम षडानन्द अधिकारी हो । अधिकारीकी आमा त्यस समयमा पनि साधारण लेखपढ गर्न जान्दथिन् । उनकी आमा आफै साक्षर भएकाले छोराछोरीलाई शिक्षित बनाउन उनी विशेष ध्यान दिन्थिन् । उनका पिता पण्डित थिए भने उनकी माता कुशल गृहणी थिइन् । यी दुवैको पेसा खेतीपाती थियो । यी दम्पतीबाट नौ सन्तानको जन्म भए पनि चार सन्तानको सानैमा मृत्यु भएकाले हाल पाँच मात्र जीवित छन् । (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.३ दाजुभाइ र दिदी बहिनी

दुर्गाप्रसाद अधिकारीका तीन जना भाइहरू र एक जना दिदी छन् । उनका तीन भाइहरू भिन्नाभिन्नै क्षेत्रमा कार्यरत देखिन्छन् । उनका माइला भाइ पीताम्बर अधिकारी पाटन संयुक्त क्याम्पसमा नेपाली विषयका सहप्राध्यापक छन् । उनका साहिला भाइ घनश्याम अधिकारी **अन्तरराष्ट्रिय मञ्च** पत्रिका शाखामा प्रकाशकका रूपमा कार्यरत छन् । कान्छा भाइ दण्डपाणि अधिकारीले नेपाल सरकारको सुब्बा पदको जागिरबाट अवकाश प्राप्त गरिसकेका छन् । उनकी एक मात्र दिदी बाल विधवा भई बनारसमा बस्दै आएकी छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.४ बाल्यजीवन

दुर्गाप्रसाद अधिकारीको बाल्य जीवन भोजपुर जिल्लाको आफ्नै गाउँमा बितेको देखिन्छ । आफ्नो बाल्यकाल गाउँघरमा सामान्य खेलकुद गर्दै बितेको र त्यस्तो उल्लेख्य घटना नभएको कुरा स्वयम् अधिकारी बताउँछन् । उनको बाल्यजीवन सामान्य रूपमा गाई, बाख्रा चराउँदै बितेको र अलि ठूलो भएपछि अर्काको मेलापात गरेको कुरो उनका सम्झनामा ताजै रहेको छ ।

## २.२.५ शिक्षारम्भ

दुर्गाप्रसाद अधिकारीको शिक्षारम्भ पाँच वर्षको उमेरदेखि भएको देखिन्छ । उनकी आमाको शिक्षाप्रति विशेष अभिरुचि भएकाले आफ्नै आमाबाट शिक्षा सुरु गरेका अधिकारीले बाबुबाट वेद, चण्डी, लघु कौमुदी, अमरकोष प्रथम काण्ड जस्ता संस्कृत ग्रन्थहरूको अध्ययन गरेको देखिन्छ । घरमा बाबुसँग एक वर्षको अध्ययन पूरा गरेका अधिकारी वि. सं २००७ मा दिङ्लाको षडानन्द संस्कृत पाठशालामा भर्ना भएका थिए । उनले त्यसै पाठशालाबाट वि. सं २०११ सालमा प्रथमा परीक्षा पास गरेको थाहा हुन्छ । उनलाई त्यहाँको अध्ययन पूरा गरी उच्च शिक्षा अध्ययन गर्न इच्छा भएकाले उनी वि.सं. २०१६ साल जेष्ठ महिनामा भारतको हृषीकेश गए । केशमा वि. सं. २०१६ साल माघ महिनामा उनले व्याकरण विषयमा पूर्वमध्यमा परीक्षा द्वितीय श्रेणीमा उतीर्ण गरे । अधिकारीले वि.सं. २०१७-२०१८ मा श्रीपिण्डेश्वर संस्कृत महाविद्यालय, धरानबाट व्याकरण विषयमा उत्तर मध्यमा परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । अध्ययनकै क्रममा वि.सं. २०१९ सालमा काठमाडौं आएर उनले राजकीय संस्कृत महाविद्यालय (हालको वाल्मीकि विद्यापीठ) मा भर्ना

भई पूर्व मीमांसा विषय लिएर वि.सं. २०२० सालमा शास्त्री परीक्षामा विश्वविद्यालयमा प्रथम स्थान हासिल गरे । साथै उनले वि.सं. २०२१ सालमा आचार्य प्रथम वर्ष उत्तीर्ण गरे पछि आर्थिक समस्याले पढाइ छोडेको देखिन्छ । अध्यायनकै क्रममा उनले फेरि वि.सं. २०३६ सालमा ४२ वर्षको उमेरमा नेपाली विषय लिएर वि.एड. उत्तीर्ण गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.६ व्रतबन्ध र विवाह

दुर्गाप्रसाद अधिकारीको व्रतबन्ध वि.सं. २००३ साल श्रीपञ्चमीका दिन ९ वर्षको उमेरमा ब्रम्हाण संस्कार अनुसार आफ्नै घरमा भएको देखिन्छ । उनको विवाह त्यही दिङ्ला वितलपकै रैटर लोकनाथ लंसालकी छोरी युगलादेवी लंसालका साथ वि.सं. २००९ साल फाल्गुन महिनामा भएको हो । यी दुवै दम्पतीका नौ सन्तान छन् । यी सन्तानहरूमा चार छोराहरू र पाँच छोरीहरू छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.७ पेशा-व्यवसाय

दुर्गाप्रसाद अधिकारीको सुरुको पेसा कृषि भए पनि नोकरी नै मुख्य पेसाका रूपमा रहेको छ । आफ्नो अध्ययनलाई निरन्तरता दिँदै उनले वि.सं. २०२२ सालदेखि २०२४ सालसम्म भूमिसुधार कार्यालयमा खरदार पदमा रहेर कार्य गरेको देखिन्छ । उनले पछि यस क्षेत्रलाई छोडेर वि.सं. २०२५ सालदेखि शिक्षण पेसा अँगाले र दिङ्लाकै षडानन्द संस्कृत पाठशालामा शिक्षकका रूपमा काम गर्न थाले । उनले वि.सं. २०५३ सालमा ५९ वर्षको उमेरमा शिक्षक पदबाट स्वेच्छाले राजिनामा दिए । फेरि वि.सं. २०५६ साल माघ महिनादेखि वि.सं. २०६४ सालको ज्येष्ठ महिनासम्म विराटनगरको बरगाछीमा स्थानीय समाजद्वारा संचालित श्री पाणिनि संस्कृत विद्यालयमा रही उनले वेद, व्याकरण र नेपाली विषय अध्यापन गरेको देखिन्छ । अधिकारी अहिले कुनै पनि पेसामा नरही आफ्नी श्रीमती रूग्ण एवम् अशक्त भएकाले पत्नीकै हेरचाह र सेवामा लागेका देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.८ पारिवारिक अवस्था

दुर्गाप्रसाद अधिकारी परिवार मध्यमवर्गीय परिवारको व्यक्तिको रूपमा देखिन्छ । वि.सं. २००९ सालदेखि युगलादेवीसँगको बैवाहिक जीवन बिताउँदै आएका अधिकारीका नौ

जना सन्तान छन् । यी सन्तानहरूमा चार छोराहरू र पाँच छोरीहरू छन् । अधिकारीका जेठा छोरा प्रेसमा काम गर्दछन् भने माहिला छोरा मा. वि. का शिक्षक छन् । साहिला छोरा गृह मन्त्रायलमा प्रशासन फाँटमा सुब्बा छन् भने कान्छा छोरा बिमा संस्थामा कार्यरत छन् । उनका छोरीहरूमा काहिली छोरी कृषि विकास बैङ्कमा काम गर्दछिन् भने कान्छी छोरी कम्प्युटर क्षेत्रका कार्यरत रहेकी छन् । उनका अरू सबै छोरीहरू गृहणी छन् । हाल कान्छा छोरा र कान्छी छोरीको विवाह हुन बाँकी छ । अहिले उनका साथमा पनि यिनै रहेका छन् ।

अधिकारीले षडान्नद संस्कृत पाठशालामा पढाउँदा वि.सं. २०३९ र २०४० सालमा विद्यार्थीको उतीर्ण प्रतिशत ज्यादै कम भएका कारणले सरकारले शिक्षकको तलव रोक्का गरेको छटपटीमा त्यो ठाउँ छोडेका हुन् । त्यही समयदेखि उनी काठमाडौं आएर धुलीखेलमा जग्गा किनेर बसेको देखिन्छ (शोधनायकबाट प्राप्त जानकारी) । अहिले उनले धुलीखेलको घर जग्गा पनि बिक्री गरेर काठमाडौंको घट्टेकुलोमा भाडा गरी आफ्नी विरामी श्रीमती, कान्छो छोरो र कान्छी छोरीसँग बस्तै आएका छन् । उनकी श्रीमती युगलादेवी वि.सं. २०६५ साल भदौदेखि दुवै मृगौला असफल भएर मृत्युशैयामा छपटाइ रहेकी छन् ।

## २.२.९ प्रेरणा र प्रभाव

दुर्गाप्रसाद अधिकारीले सुरुमा कविता आफैंले लेखेर सुनाएका थिए । उनले वि सं. २०४१ सालमा षडानन्दको १५० औं जन्म जयन्ती समारोहको अवसरमा **आउ षडानन्द हे** भन्ने शीर्षकमा कविता सुनाएका थिए । उनको त्यो कविता सुनेपछि अधिकारीलाई प्रमुख प्रेरणा दिने व्यक्तिमा सङ्खुवा सभा खाँदवारीका फणीन्द्रनाथ घिमिरेको नाम आउँछ । उनकै हौसलाबाट अधिकारीले प्रस्तुत काव्य सिर्जना गरेका हुन् । उनलाई हौसला प्रदान गर्ने अन्य व्यक्तिहरूमा खुरराज अधिकारी, बुद्धिप्रसाद गौतम र माधव अधिकारी पनि रहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२.१० जीवन दर्शन

दुर्गाप्रसाद अधिकारीको जीवनशैली आध्यात्मिक दर्शनबाट प्रभावित देखिन्छ । उनको अध्ययनको विषय मीमांसा दर्शन हो । उनले समग्र जीवनमा अध्यात्मवादलाई अवलम्वन गरेका छन् । उनको पारिवारिक पृष्ठभूमिले पनि उनलाई आध्यात्मवादी बनाएको हो । उनका पिता पण्डित थिए भने आमा पनि धार्मिक क्षेत्रमा विशेष चासो राख्दथिन् । त्यसैले उनको पढाइ पनि दर्शनसँग सम्बन्धित भएकाले उनी अध्यात्मवादी बनेका हुन् ।

### २.२.११ भ्रमण

कवि दुर्गाप्रसाद अधिकारीले अध्ययनका क्रममा भारतका विभिन्न ठाउँहरू भ्रमण गरेको देखिन्छ । उनी भारतको हरिद्वार, हृषीकेश,  इलाहवाद र गया आदि ठाउँमा पुगेको देखिन्छ भने आफ्नो देश नेपालको पनि धनकुटा, सुनसरी, मोरङ्ग, झापा, चितवन, सप्तरी, कास्की, भक्तपुर, ललितपुर आदि जिल्ला पुगेका छन् ।  (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.२.१२सम्मान र पुरस्कार

दुर्गाप्रसाद अधिकारीले वि.सं. २०२० सालमा राजकीय संस्कृत महाविद्यालय (हालको वाल्मीकि विद्यापीठ) बाट पूर्वमीमांसा दर्शन विषय लिई शास्त्री परीक्षामा विश्वविद्यालय प्रथम भए वापत् नगद पुरस्कार प्राप्त गेरेको देखिन्छ भने वि.सं. २०३८ सालमा जिल्ला शिक्षा कार्यालय भोजपुरबाट प्रशंसा पत्र प्राप्त गरेको देखिन्छ । यसै गरी वि.सं. २०५७ सालमा प्रतिभा पुरस्कार प्रतिष्ठान विराटनगरबाट प्रशंसा पत्र  र नगद रु. ५,०००।- अनि वि.सं. २०६२ सालमा षडानन्द स्मृति प्रतिष्ठान इटहरीद्वारा सम्मान पत्र प्राप्त गरेको देखिन्छ  (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.३    व्यक्तित्व

### २.३.१ बाह्य व्यक्तित्व

बहत्तर  वर्षी दुर्गाप्रसाद अधिकारी बाहिरी रूपमा झट्ट हेर्दा बृद्धावस्थाले थकित एवम् दुव्लो-पातलो व्यक्तित्वका देखिन्छन् । उनको उचाइ ५ फिट ३ इन्च छ । उनको कपाल सेतै फुलेको छ । यस्तो अवस्थामा पनि प्रसन्न मुद्रामा गफगाफ गर्न मन पराउँछन् । आफ्ना सबै पीडा भुलेर जीवनका सकारात्मक विचार प्रवाह गर्ने गुण उनमा देखिन्छ ।

### २.३.२ आन्तरिक व्यक्तित्व

दुर्गाप्रसाद अधिकारी आन्तरिक रूपमा  गम्भीर प्रकृतिका छन् । उनले कविता देखि महाकाव्य सम्मका कृतिहरू लेखेका छन् । त्यसैले उनमा कल्पनाशीलता तथा सिर्जनशीलता पनि रहेको देखिन्छ  । उनका व्यक्तित्वका विभिन्न पाटाहरूको चर्चा यहाँ गरिन्छ -

### २.३.३ शिक्षक व्यक्तित्व

दुर्गाप्रसाद अधिकारी वि.सं. २०२५ सालदेखि शिक्षण पेसामा लागेका हुन् । त्यसवेला उनको उमेर एकतीस वर्षको थियो । उनी एक कुशल शिक्षक थिए । उनी सबै विद्यार्थीहरूलाई समान व्यवहार गर्दथे । उनले वि.सं. २०५३ सालमा ५९ वर्षको उमेरमा शिक्षण पेसाबाट स्वैच्छिक अवकाश लिएका हुन् ।

### २.३.४ साहित्यिक व्यक्तित्व

दुर्गाप्रसाद अधिकारीले कवितादेखि अनुसन्धानात्मक लेखसम्मका कृतिहरू लेख समेत लेखेका छन् । उनका प्रकाशित र अप्रकाशित दुवै खाले कृतिहरू रहेका पाइन्छन् । उनको साहित्यिक व्यक्तित्व फुटकर कविता, गीत, महाकाव्य र जीवनी लेखनबाट बनेको छ ।

### २.३.५ पुराणवाचक व्यक्तित्व

दुर्गाप्रसाद अधिकारी पुराणवाचक पनि हुन् । उनले १९ वर्षको उमेरमा पहिलो पटक श्रीमद्भागवतको वाचन गरेका हुन । उनकी श्रीमतीका अनुसार उनले २२ पटकभन्दा बढी पुराणवाचन गरिसकेका छन् । अहिले उनको स्वास्थ्यले साथ नदिनाले पुराण भन्न छोडेको कुरा स्वयम् शोधनायक बताउँछन् ।

## २.४ कृतित्व

### २.४.१ लेखन प्रारम्भ

दुर्गाप्रसाद अधिकारीले वि.सं. २०१९ सालदेखि कविता लेख्न सुरु गरेका हुन् । उनले त्यस वेला लेखेका कविता अप्रकाशित रूपमा रहेका छन् । पछिल्लो समयमा लेखेका कविता, महाकाव्य र जीवनी चाहिं प्रकाशित छन् । वि.सं. २०१९ सालदेखि काव्य सिर्जनातर्फ कलम चलाएका अधिकारी अहिलेसम्म पनि केही लेख्ने र प्रकाशित गर्ने इच्छाले सदा क्रियाशील रहन्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.४.२ कृतिहरू

दुर्गाप्रसाद अधिकारीले नेपाली साहित्यका क्षेत्रमा कवितादेखि लिएर महाकाव्यसम्म लेख्नुका साथै अनुसन्धानात्मक लेख र जीवनीमम्म कलम चलाएका देखिन्छ । उनका कृतिहरू यस प्रकार छन्-

प्रकाशित कृतिहरू

| | कृति | विधा | प्रकाशन साल |
|---|---|---|---|
| (क) | **बालागुरु** | महाकाव्य | २०५६ |
| (ख) | **आमालाई चिठी** | कविता | २०५८ |
| (ग) | **नन्दिकेश्वर अधिकारी र सदाचार ज्ञाना दर्शक** | | २०६७ |
| (घ) | **गरिबका गीतहरू** (गीत सङ्ग्रह) | | २०६७ |

**प्रकाशोन्मुख कृतिहरू**

(क) फुटकर (कविता सङ्ग्रह)

(ख) आमालाई सम्झँदा (कविता सङ्ग्रह)

(ग) आत्माको आवाज (कविता सङ्ग्रह)

## २.५ सारांश

दुर्गाप्रसाद अधिकारी मध्यम वर्गीय परिवारमा जन्मेका व्यक्ति हुन् । उनको जन्म वि.सं. १९९४ सालमा पूर्वी नेपालको दिङ्लामा भएको हो । त्यही ठाउँलाई आफ्नो कर्मथलो बनाएका उनले आफ्नो जीवनको अधिकांश समय त्यहीँ बिताएको देखिन्छ । उनका व्यक्तित्वका आयममा शिक्षक व्यक्तित्व, स्रष्टा व्यक्तित्व, पुराणवाचक व्यक्तित्व, अनुसन्धाता व्यक्तित्व रहेका छन् । तीमध्ये उनको मुख्य व्यक्तित्व चाहिं साहित्यिक व्यक्तित्व हो । उनी नरम स्वभावका, कसैको कुभलो नगर्ने व्यक्तित्वका रूपमा देखिन्छन् । उनका चारवटा कृतिहरू प्रकाशित छन् **बालागुरु** महाकाव्य (२०५६), **आमालाई चिठी** (कविता २०५८), **नन्दिकेश्वर अधिकारी र सदाचार ज्ञाना दर्शक** (अनुसन्धान लेख २०६७), **गरिबका गीतहरू** (गीत सङ्ग्रह २०६७) हुन् ।

# परिच्छेद तीन
# बालागुरु षडानन्दको संक्षिप्त जीवन चरित्र

## ३.१ पारिवारिक पृष्ठभूमि

बालागुरु काश्यप गोत्रीय अधिकारी ब्राम्हाण हुन् । यिनीहरू कश्यप ऋषिका वंशज मानिन्छन् । यिनका पूर्वजहरू सप्तसिन्धु नदीको आसपासमा बसेका थिए । पछि हालको पाकिस्तानमा पर्ने सिन्धु प्रदेशको मध्य भागतिर आएर त्यहाँबाट बसाइ सर्दै भारतको मलवा प्रदेश (मालवार) को उज्जैन नगरी र छिप्रा (शिप्रा) नदीका आसपासमा बसोबास गर्न थाले । ततपश्चात् यिनीहरूले कान्यकुब्जमा प्रवेश गरे । (अधिकारी, २०६२ :५) ।

यिनीहरूले लिच्छवी काल अर्थात् ईसाको दोस्रो शताब्दीतिर भारतबाट नेपाल प्रवेश गरेका हुन् । बालागुरु षडानन्दका पूर्वजहरू खिडसिङ् राजदरवारमा विषेश अधिकार पाएर बसेका थिए । त्यसैले यिनीहरूलाई खिड्सिङ्गे अधिकारी पनि भनिन्थ्यो । पछि यिनीहरू धादिङको थानसिङ्मा बिर्ता पाएर त्यहाँ बस्न थाले । त्यहीबाट यिनीहरू काठमाडौं उपत्यकामा आएका हुन् । यिनीहरू मध्ये केही रामेछापको कठजोरमा बिर्ता पाएर त्यसतर्फ लागे । उपत्यकामा बस्नेहरू पछि शाह राजवंशको दरबारमा राजगुरु पनि भए । कठजोरमा भोटु अधिकारी र उनका भाइ परान्धर अधिकारीले वीरता प्रदर्शन गरे वापत बिर्ता पाएका थिए । कठजोरबाट पनि भोटु र परान्धर लिखु खोला तरेर पूर्वतर्फ लागे । पछि भोटु त्यही बसे र गृहस्थ जीवन बिताउन थाले भने परान्धर अधिकारी फर्किएर कठजोर तर्फनै लागे (अधिकारी, २०४१ : ४) ।

भोटु अधिकारीका सात भाइ छोरा थिए । एक भाइ लिखुमा नै बसे । एक भाइ ऐंसेलु खर्क आएर बसे । बाँकी पाँच भाइमध्ये एक भाइ खोटाङ्तर्फ गए । एक जना भोजपुरको पौवातर्फ लागे र अर्का एक भाइ ताप्लेजुङ्तर्फ गए । माहिला दिङ्लाको धारापानीमा विर्ता पाएर बसे । जेठा टीकाराम अधिकारी दिङ्लाको जामुनेमा गएर बसे । टीकारामका छोरा राजीवलोचन अधिकारी र उनका छोरा लक्ष्मीनारायण अधिकारी हुन् । लक्ष्मीनारायण अधिकारी बालागुरु षडानन्द अधिकारीका पिता हुन् (अधिकारी, २०४१ : ४) ।

बालागुरु षडानन्दको पारिवारिक अवस्था निम्न वर्गीय थियो । बालागुरु गर्भमा हुँदा उनका पिताको मृत्यु भएकोले उनकी आमाले दुःख गरेर घर व्यवहार चलाएको देखिन्छ ।

बालागुरुका चार जना दाजुहरू र तीन जना दिदीहरू थिए । छोराछारीहरूमा बालागुरु कान्छा हुन् । उनको पारिवारिक स्थिति ज्यादै नाजुक थियो  भन्ने कुरा निम्न कविताबाट पनि प्रस्ट हुन्छ -

माता, दाजु, दिदी भएर उनको माया सधैं गर्दथे ।
धेरैमा तर खान दुःख हुनगै दारिद्र्यमा पर्दथे ॥
(अधिकारी, २०५६ : २४)

## ३.२ जन्म र जन्मस्थान

षडानन्द अधिकारीको जन्म विक्रम संवत १८९२ साल मार्ग शुक्ल पञ्चमीका दिन नेपालको भोजपुर जिल्लाको दिङ्ला, गडीगाउँमा भएको हो । यिनका पिताको नाम लक्ष्मीनारायण अधिकारी तथा माताको नाम रुक्मिणी हो । बालागुरुको जन्म महिनाका बारेमा नन्दिकेश्वर अधिकारीले चाहिं पौषको उल्लेख गरेका छन् ।

विक्रमांके द्वाङ्कवसुभूमिते मूलगेविधौ ॥
पौषे वैधनगे भानौशुभर्क्षतिथि वासरे ॥
ग्रहेषूच्चेषु स्वर्क्षेषुकोणे मित्रगृहे स्थिते ॥
जातोबैवंशतिलकः षडानन समोगुणैः ॥
(सदाचार ज्ञानादर्शकः, प्रथम तरङ्ग)

यसभन्दा अघि वि.सं. १९६६ मा यज्ञनिधि चापागाईंले चाहिं उनको जन्म बारे यस्तो लेखेका छन् –

बेयानब्य रहेछ जन्म सहकाल मंसिर्सुदी पञ्चमी ।
नक्षत्रै श्रवणै लगन् पनि असल् थिएन केही कमी ॥
(आबाल ब्रह्मचारी चरितम्)

यस बारेमा हेमराज शर्मा अधिकारी (२०४१: २), भोग्यप्रसाद भण्डारी (२०४३ :९) र शोभा चापागाईं (२०५४: ८) ले वि.सं. १८८२ मार्गशुक्ल पञ्चमी लेखेका छन् । इतिहासका अनुसन्धाता प्राज्ञ ज्ञानमणि नेपालले **आबाल ब्रह्मचारी षडानन्द अधिकारी, परिचय संस्मरण र अवदान** (२०५२) शीर्षक लेखमा षडानन्दको जन्म महिना मार्ग शुदि ५ लेखेका छन् ।

दिङ्लामा स्थापित शिलालेखमा पनि यही नै जन्ममिति उत्कीर्ण छ । यसको तस्विर परिशिष्टमा दिइएको छ । यी सबै आधारमा अध्ययन गर्दा षडानन्दको जन्म महिना पुष नभएर मार्ग हो र पञ्चमी पनि विवाह पञ्चमी हो भन्ने स्पष्ट हुन्छ ।

यिनको न्वारनको नाम षडानन हो । चल्तीको नाम चाहिं षडानन्द भयो । बाल्यकालमा यिनलाई उनका साथीहरूले 'खडु' भनेर बोलाउँथे भन्ने चर्चा पाइन्छ । पछि आएर यी अवाल ब्रम्हमचारी, षडानन्द गुरु भए । यिनका भक्तहरू, बालागुरु र गुरु महाराज पनि भन्दछन् (ष.आ.सं.स,२०६६ : १) ।

विक्रमको त अठार सौ अनि बयानव्वे भयो सालमा ।
शुक्लैपक्ष र पञ्चमी तिथि थियो मङ्सीरको मासमा ॥
आएथ्यो शुभलग्नको अब घडी राम्रो थियो कुण्डली ।
यौटा बालक झुल्किएछ उनको झुप्रो भयो झल्झली ॥
(अधिकारी, २०५६ :२३)

पूर्वी नेपालको अरुण नदीका पश्चिम किनारमा अवस्थित भोजपुर जिल्ला अन्तर्गत पर्ने दिङ्ला गडीगाउँमा बालागुरुको जन्म भएको थियो । यो स्थान भोजपुर बजारदेखि १४ माइल उत्तरमा पर्दछ । प्रशस्त पानी भएका चिर्खुवा, इर्खुवा र खकुवा खोलाहरूले दिङ्लाको हरियालीलाई बनाएको छ । तीन वटा गाउँ विकास समितिहरू मूलपानी, तुङ्गेछा र केउरेनी पानीको समष्टि स्थल दिङ्ला नामले चिनिन्छ ।

## ३.३ बाल्यकाल, सहोदरहरू

बालागुरु षडानन्दको बाल्यकाल आफ्ना दाजुहरू, दिदी र आमासँग बितेको पाइन्छ । उनका चार जना दाजु र तीन जना दिदीहरू थिए । उनका दाजुहरूमा क्रमशः जेठा देवीचरण, माँहिला नर्मदानन्द, साँहिला माधव र काहिंला हरिलाल हुन् । दिदीहरूमा क्रमशः जेठी दिव्यलोका, माहिली नर्मदा, र कान्छी जान्धवा हुन् (अधिकारी, २०६२ : २१) ।

बालागुरु षडानन्दका कति जना दाजुहरू थिए भन्ने बारेमा कसैले चार भाइ भएको र कसैले पाँच भाइ भएको उल्लेख गरेको छन् । यस क्रममा **षडानन्दको जीवन कथामा** हेमराज शर्मा अधिकारी (२०४१ :२) ले पाँच जना दाजुभाइमध्ये नर्वदानन्दलाई माहिलो छोरा भनेर उल्लेख गरेका छन् । त्यसै गरी भोग्यप्रसाद भण्डारीले (२०४३ :१०) ले पनि पाँचै जना भएको र नर्मदानन्दलाई माहिलो छोरा भनेर नै उल्लेख गरेका छन् । तर ज्ञानराज सुवेदी( २०४२ :१२) ले आफ्नो पुस्तक **षदानन्द स्मृति काव्य**मा चार भाइको मात्र उल्लेख गरेका छन् । उनले नर्वदानन्दका वारेमा चर्चा गरेका छैनन् । अधिकारी वंशावलीका लेखक सेमन्तराज अधिकारी (२०६२ : २१) ले **वंशावली पुस्तक**मा पाँच भाइको चर्चा गर्दै माहिला

नर्मदानन्द भन्ने उल्लेख गरेका छन् । त्यसै गरी शोभा चापागाई (२०५४ :९) को **शोधग्रन्थमा** पनि पाँचै जना दाजुभाइ रहेको चर्चा गरिएको छ ।

यसरी विभिन्न लेख रचनाहरूबाट के स्पष्ट हुन्छ भने षडानन्द पाँच जना दाजुभाइ मध्ये गर्भे टुहुरा समेत भएकाले षडानन्द कान्छा थिए र उनका दाजुहरू चार जना थिए । चार जना दाजुहरूमध्ये पनि माहिला नर्मदानन्दको सानैमा मृत्यु हुँदा ती जना मात्र जवित देखिएका छन् ।

जेठा दाजुको बसोबास आफ्ना बाबुबाजे बसेकै ठाउँमा पछिसम्म पनि रहेको थियो । माहिंला दाजुको सानैमा मृत्यु भएको थियो भने साँहिला दाजु माधव अधिकारीको पनि जीवन लीला जामुनेमै बितेको देखिन्छ । हरिलाल अधिकारी बालागुरुका काँहिला दाजु हुन् । यिनले चाहि आफ्नो पुरानो थलो छाडेर दिङ्ला आरुबोटेमा आई बासोबास गरेका थिए ।

बालागुरुका तीन दिदीहरू भएको कुरा विवादरहित छ तर कुन दिदी विधवा भएर माइत बसेकी हुन् भन्ने कुरामा विवाद रहेको पाइन्छ । उनका तीन जना दिदीमध्ये जेठीको दुबेका दाहालसँग विवाह भएको थियो, माहिलीको आरुबोटेका गौतमसँग अनि कान्छीको खोटाङ सिम्पानीका घिमिरेसँग विवाह भएको थियो । तर विवाहपछि जेठी दिदी बालविधवा भएर माइतमा बसेको कुरा हेमराज शर्मा अधिकारी ( पृ : ३ ) ले उल्लेख गरेका छन् ।

बालागुरुले कैलाश डाँडामा आफ्नी दिदी र दाजुको नामबाट नर्मदेश्वर महादेव स्थापना गरेको तथ्यबाट चाहि बालागुरुकी माहिली दिदी नै विवाहपछि माइत बसेको कुरा प्रस्ट हन्छ । किनकि बालागुरुकी माहिली दिदीको नाम नर्मदा थियो भने दाजुको नाम नर्मदानन्द थियो ।

## ३.३.१ बाला पण्डित

षडानन्द जहाँ पुराण र कथा हुन्थ्यो, त्यहाँ गएर सुन्न बसिहाल्थे । आफूले सुनेका कुराहरू उनी आफ्ना साथीलाई जम्मा पारेर आफू केही उच्च आसनमा वसेर पदमासन बाँधेर पुराण भने जस्तो गरेर अरूलाई सुनाउँथे । यो विलक्षण बुद्धि भएको प्रतिभावान् बालकले भनेको पुराण सुन्न ठुला मानिसहरू पनि आउँथे । सुनेको कथा उनी जस्ताको तस्तै भन्न सक्तथे । यस्ता प्रतिभाशाली बालकको ख्याति दिनप्रति दिन बढ्न थाल्यो । उनले भनेको कथा सुन्न मानिसहरूको भिड हुन थाल्यो । यस्तो प्रतिभा देखी मनिसहरू आश्चर्य

मान्दथे । यसै कारणले मानिसहरूले उनलाई बाला पण्डित या 'बालागुरु' को उपाधि दिएका हुन् (अधिकारी, २०४१: ५) ।

## ३.४ उपनयन र शिक्षादीक्षा

षडानन्दको ब्रतबन्ध संस्कार आठ वर्षका उमेरमा भएको हो । तर ब्रतबन्ध भएको स्थानका सम्बन्धमा भने विभिन्न कृतिकारहरूका बीचमा भिन्न मत रहेको पाइन्छ । एउटा मत अनुसार उनको ब्रतबन्ध संस्कार आठ वर्षको उमेरमा आफ्नै घरमा भएको हो (अधिकारी, २०४१: ६) । त्यसै गरी उनको ब्रतबन्ध आफ्नै घरमा भएको हो भनी ज्ञानराज सुवेदी (२०४२ : ८) ले उल्लेख गरेका छन् । उनको ब्रतबन्ध आफ्नै घरमा भएको भएको थियो भन्ने मत (चापागाई गोविन्द, २०५४ :११) पाइन्छ । उनको ब्रतबन्ध संस्कार दिदीको घर खोटाङ्मा भएको हो भन्ने अर्को मत (भण्डारी, २०४३ : १२) पाइन्छ ।

यसरी विभिन्न मतभेद देखिए पनि ब्रतबन्ध आफ्नै घरमा भएको कुरा धेरैका कृतिहरूबाट थाहा पाइन्छ । जसको कृतिमा जे लेखिए पनि ब्रतबन्धमा आमाको र मामाको विशेष महत्त्व रहने भएबाट षडानन्दको ब्रतबन्ध आफ्नै घरमा (उनको मामाघर र आफ्नो घरसँगै थियो) भएको तथ्यलाई प्रामाणिक मान्न पर्छ । यसलाई निम्न पङ्क्तिले पनि पुष्टि गर्दछ -

लागेछन् जब आठ बर्ष वयमा कर्तव्य हो यो भनी ।<br>
पूरा भो ब्रतबन्धकर्म विधिले जे गर्नुपर्ने गरी ॥

(अधिकारी,२०५६ : २४)

शिक्षा आरम्भ गर्ने क्रममा पनि भिन्न-भिन्न मत पाइन्छन् । बालागुरुले सामान्य लेखपढको प्रारम्भ घरमा नै भएको पुष्टि षडानन्दको जीवनकथाका पृष्ठ केही पङ्क्तिबाट पनि थाहा हुन्छ । उनका सानो पोकामा रुद्रीको पुस्तक साथै भएबाट सो प्रष्टिन्छ (२०४१ : ७) । सेमन्तराज अधिकारीले **बालागुरु षडानन्दः एक परिचय** भन्ने लेखमा देशान्तर जाने चलन अनुसार उनी देशान्तर गएका गयै भए फर्केर आएनन् भनेका छन् (२०५२: १६४) । नेरेन्द्र चापागाईंले पनि देशान्तर जाने क्रममा नै नफर्केको कुरा उल्लेख गरेका छन् । (२०४४ :१३३) । ज्ञानराज सुवेदीले आफ्नो षडानन्द **स्मृति काव्य** (२०६५ :२१) मा धनमाया दमिनीका विभिन्न अर्तीबाट प्रेरित भई पढ्न जाने आँट गरेको उल्लेख गरेका छ । मुखियाको बेठी तिर्न जाँदा षडानन्दलाई मुखियाले गरेको गालीलाई अर्तीको रूपमा लिनु भन्ने वोधने

दमाईको सल्लाह अनुरूप दिदीको घर खोटाङ गइ ब्रतबन्ध गरेपछि विवाहको कुरा हुँदा त्यहाँबाट नै पढ्न भनि तिरहुततर्फ लागेको कुरा उल्लेख पाइन्छ ( भण्डारी, २०४३ :१२) । हेमराज शर्मा अधिकारीले उपनयन पश्चात् गाँउका तीर्थयात्रीहरू सँगै घरबाट भागेर जनकपुर पुगेको कुरा उल्लेख गरेका छन् (२०४१ :७) । षडानन्द घरबाट हिँडेपछि उनका जेठा दाजु देवीचरण भाइ खोज्न हिँडेका र तीर्थ जाने यात्रीहरूसँग गएको खबर थाहा पाएपछि उनले घरमा आएर सबै खवर बताएका थिए । तीर्थयात्रीहरूमा बालागुरुका मामा पनि  थिए । मामासँग भएपछि भाइको विजोग नहुने देखी उनी घर फर्केका थिए (अधिकारी, २०४१ : ११) ।

यी विभिन्न मतमतान्तरबाट के बुझिन्छ भने बालागुरु शिक्षा आर्जन गर्ने मनसायले तीर्थयात्रीहरूको पछि लागेरै जनकपुर पुगेका हुन् भन्न सकिन्छ । किनभने आठ वर्षको उमेर भनेको सानै बच्चाकै उमेर भएकोले बच्चाले देशान्तर जाँदा नफर्केको भन्न मिल्दैन । आठ बर्षको खेल्ने उमेरको बच्चालाई कुन बाटो जाने भन्ने कुरा नै ख्याल हुँदैन त्यसैले उनी तीर्थ यात्रीहरूसँग गएका हुन् ।

बालागुरु षडानन्द जनकपुरमा पुगेपछि विभिन्न योगीहरूको योगाभ्यासबाट प्रभावित हुँदै गएको पाइन्छ । सपनामा तिरहुत जानु भन्ने आदेश पाएपछि, जनकपुर गएर वेद, चण्डी, गीता, ज्योतिष आदिको अध्ययन गलभग दश बर्षसम्म गरेको कुरा उल्लेख पाइन्छ (चापागाई, २०४५ : २३) । केही अनुसन्धाताले **स्मृति ग्रन्थ**भित्रको लेख "आबाल ब्रह्मचारी षडानन्द अधिकारी परिचय संस्मरण र अवदान" शीर्षकमा बालक ध्रुबको कथाबाट प्रेरित भएर पढ्न तिरहुत गएका र त्यहाँ कर्मकाण्ड, ज्योतिष पढी सकेपछि काशी गएको कुरा उल्लेख गरेका छन् (नेपाल, २०५२ :४-५) ।

जनकपुरमा बालागुरु षडानन्दले बाबा रामदाससँग अध्ययन गरेको बुझिन्छ । उनले बाबा रामदाससँग दर्शनशास्त्र, व्याकरण, साहित्य, वेद, वेदाङ्गहरू र उपनिषदहरूको अध्ययन गरेका थिए । वेदान्त दर्शन, व्याकरण र ज्योतिषमा उनको राम्रो अध्ययन थियो । उनले जनकपुर देखि नै अध्ययनका साथै योगाभ्यासमा समेत केही समय दिन्थे भन्ने कुरा उल्लेख पाइन्छ  (अधिकारी, २०४१ :१७) ।

अध्ययनकै क्रममा उनी जनकपुरबाट बनारस गएका थिए । मुमुक्ष भवनमा बसी मग्नीराम ब्रह्मचारीका शिष्य बनी विद्या आर्जन गरेको कुरा "विश्वकल्याणको धुनि

नेपालबाट पनि गुञ्जयमान भयो" भन्ने शीर्षकमा पनि उल्लेख पाइन्छ । (प्रपन्नाचार्य, २०५२ : १३३) ।

बालागुरुले वनारसमा श्री १०८ स्वामीजी महाराज सचिदानन्दसँग विभिन्न विषयको अध्ययन गरेको पाइन्छ । उनले आस्तिक हिन्दू दर्शनहरू अथवा षड्दर्शनहरू जस्तैः-

१) पूर्व मीमांसा (२) उत्तर मीमांस (३) वैशेषिक दर्शन (४) न्याय दर्शन (५) सांख्या दर्शन र (६) योग दर्शनको मनन र अध्ययन गरेका थिए । उनी वेदान्तको अध्ययनमा विशेष रुचि लिन्थे । उनको आधुनिक ज्ञानमा पनि रुचि थियो । उनी गणित, भूगोल, इतिहास र विश्वमा घटेका घटनाहरूका सम्बन्धमा पनि अध्ययनशील रहन्थे । अङ्ग्रेजी भाषा, फ्रेन्च भाषा र फारसी भााषामा पनि उनको अध्ययन थियो भन्ने पाइन्छ (अधिकारी, २०४१ : २०-२१) ।

बालागुरु षडानन्दले जनकपुरमा बाबा रामदाससँग बसी विभिन्न विषयको गहन अध्ययन गरेका थिए । उनले वनारसमा गएर आफ्नो अध्ययन अझ बढी गहन बनाउनुका साथै योगसाधना समेत गरेको र त्यहाँ स्वामी सच्चिदानन्दसँग अध्ययन गरेको देखिन्छ ।

## ३.५ तपश्चर्या

षडानन्दले काशीको अध्ययन पश्चात्, गायत्री मन्त्र पुरश्चरण गर्न भनी नेपाल आई कहिले वाग्मतीको किनार र कहिले पचली भैरव तथा वाग्मती नजिकको डन्डोर झाडीमा तपस्यारत रहेको उल्लेख गरिएको पाइन्छ । (चापागाइ,ले (२०४४ : २३) षडानन्दले डन्डोर झाडीमा पाँच वर्षसम्म अन्न नखाई तपस्या गरेका थिए भन्ने भनाइलाई अन्यले पनि स्विकारेका छन् । वाग्मती नदीदेखि पचास गजमाथिको पर्णकुटीमा बाह्रवर्षसम्म अन्न नखाई उनी तपास्यरत रहेको तथ्य पाइएको छ (अधिकारी (२०४१, : २५) । उनले पोखरामा पनि तपस्या गरेको उल्लेख पाइन्छ (भण्डारी, २०४३ : १५) । ले केही समय पोखरामा समेत तपस्या गरेको कुरा उल्लेख गरिका छन् ।

अध्येताहरूले डन्डोर झाडीमा बसी कठोर तपस्या गरी अष्टसिद्धि प्राप्त गरेको कुरा "अभिलेखभित्र श्री षडानन्द शीर्षकमा" उल्लेख गरेका छन् (चापागाई, २०५२ : २१३) । चाहे पचली भैरव चाहे डन्डोर झाडी, जहाँसुकै रहेर भए पनि षडानन्दले २४ पटक गयत्री पुरश्चरणका लागि तपस्यारत रहेको कुरामा सबैको सहमति रहेको पाइन्छ ।

षडानन्दले कति वर्ष तपस्या गरे भन्ने बारे मत भिन्ता पाइन्छ । कसैले पाँच वर्ष तपस्या गरेको उल्लेख गरेका छन् (चापागाई, २०४५ : २३) । कसैले १२ वर्ष भनी उल्लेख गरेका छन् (अधिकारी, २०४१ :२५) । यी कुरामा विवाद देखिएता पनि गायत्री पुरश्चरण गर्न चार पाँच वर्ष समय निकै कम हुने स्पष्ट देखिन्छ ।

यसरी विभिन्न कृतिकारहरूका बिच मतभेद देखिए पनि बालागुरुले गायत्री पुरश्चरण पाँच वर्ष नभएर १२ वर्षसम्म लगातार गरेको तथ्यलाई नै प्रामाणिक मान्नु पर्ने हुन्छ ।

त्यसपछि उनी केही समय काठमाडौंमा बसेको उल्लेख पाइन्छ । उनी तपस्या पश्चात भारतका विभिन्न तीर्थहरूको यात्रा गर्न गए । तीर्थयात्रा समाप्त गरेर फर्के पछि फेरि फेवाताल (पोखरा) को किनारमा ६ महिना योगाभ्यास सिकेर काठमाडौं आएको पाइन्छ (अधिकारी २०४१ : ३८-४३) ।

## ३.६ जन्मस्थल प्रयावर्तन

बालागुरुले शिक्षादीक्षा प्राप्त गरी १२ बर्ष सम्मको तपस्या पूरा गरेर तीर्थ भ्रमण पनि सकेपछि काठमाडौं फर्केपछि सपनामा आफ्नी आमाको अन्तिम अवस्था भएको देखे । त्यसैले वि.सं. १९३१ कार्तिकमा उनी आफ्नो जन्मस्थल फर्किएका हुन् । उनी आठ बर्षमा दिङ्ला छोडेर हिडेका थिए । षडानन्दले दिङ्ला छोडेको ३१ वर्षपछि ३९ बर्षको उमेरमा आफ्नो जन्मथलो फर्किए (अधिकारी, २०४१ :४६) ।

जन्मस्थल फर्कदा गाउँलेहरू र परिवारका सदस्यहरूबाट उनको भव्य स्वागत भएको थियो । घरमा आइपुग्दा उनले आमालाई मृत्यु शैयामा भेटे । त्यसको तीन दिन पछि उनकी आमा रुक्मिणीको मृत्यु भयो । आफ्नो धार्मिक संस्कार तथा विधि अनुसार उनले आमाको काजक्रिया गरे ।

## ३.७ विद्यालय स्थापना र शैक्षिक कार्यहरू

नेपालमा राणाशासनको निरङ्कुशताले जरो गाडेको वेला शिक्षाको आलोक थिएन । एक दुई ब्राह्मण वटुकहरू वनारस गई अध्ययन गर्दथे । नेपालभरिमा वि. स. १९१० मा स्थापना भएको एउटा मात्र दरवार हाइस्कुल काठमाडौंमा थियो । त्यसमा गरिब बालबालिकाहरूले पढ्न पाउने स्थिति थिएन । त्यस स्कुलमा धनीमानी राणाका छोराछोरी मात्र पढ्दथे र राजखानदानीका सन्तानले मात्र त्यसमा शिक्षा पाउँथे । जनता शिक्षित भए

भने राणाशासन टिक्तैन भन्ने सोचले गर्दा देशका शासकहरूले देशमा अज्ञानताको तुवाँलो फैलाएका थिए ।

यस्तो अन्धकारमय युगमा बालागुरुको पूर्वी नेपालको विकट भोजपुरको दिङ्लामा उदय भयो । उनले स्थानीय जनताको सक्रिय सहभगितामा गुरुकुल पद्धतिमा आधारित पहिलो पाठशाला स्थापना गरे । त्यस पछि उनले वि.सं. १९३२ चैत्र शुक्ल रामनवमीको सोमवारको दिन शुभ साइत पारी त्यसलाई विद्यालयमा रुपान्तरण गरे ।

बालागुरु षडानन्दले स्वयम् शिक्षक बनेर शिक्षा दिएको र आफ्नो अनुपस्थितिमा शिवलाल अधिकारीलाई त्यो काम सुम्पिएका थिए । त्यहाँ पढाइने विषय वेद थियो । त्यस विद्यालयमा जोसुकै विद्यार्थी बनेर आउन सक्थे तर तोकिएको वस्त्र लगाएर गुरुकुलको निश्चित नियम पालना गरी निष्ठवान्, पवित्र र अनुशासित भएर अध्ययन गर्नु पर्दथ्यो । यसरी बालागुरुले विद्यालय र गुरुकुलको स्थापना गर्दा विशाल समूहलाई निंमन्त्रणा गरी यज्ञ हवन गरेका थिए (चापागाई शोभा,२०५४ :२०) ।विद्यालयमा सर्वप्रथम नियमित रूपले पढ्ने विद्यार्थीहरू पचास जना जति थिए । उनले स्थापना गरेको सो विद्यालयमा चण्डी, रुद्री वेद, कर्मकाण्ड, कौमुदी, ज्योतिष, पुराण अमरकोश आदिको अध्ययन अध्यापन हुन्थ्यो (सुवेदी, २०५२ः १०१) । उनले खोलेको विद्यालय पहिले संस्कृत पाठशालाको नामले चिनिन्थ्यो । पछि यसलाई श्रीषडानन्द संस्कृत प्रधान पाठशाला भन्ने नाम दिइयो । यसै विद्यालयलमा २२/२३ सालतिर मध्यमासम्मको पढाइ सञ्चालन गरेर प्रस्तावित महाविद्यालयको रूप दिएको देखिन्छ । अहिले वि.सं. २०५१ सालदेखि षडानन्द उच्च माध्यमिक विद्यालयका रूपमा सञ्चालन भइरहेको छ । वि.सं. २०६७ सालदेखि शिक्षाशास्त्र विषयको स्नातक तहसम्मको पढाइ सञ्चालन गर्नका लागि त्रि. वि. बाट सम्बन्धन लिई सकेको छ । त्यो विद्यालयमा दुई वर्ष अगाडिसम्म वेद पढाइ हुन्थ्यो भने अहिले विविध कारणले वेद पढाई बन्द भएको छ । षडानन्दले शिक्षा लिन आउने विद्यार्थीलाई बस्न बनाएका छात्रावास अझै पनि रहेका छन् । षडानन्दले खोलेका विद्यालयमा ब्राम्हमणहरूको संख्या बढी देखिए पनि अरू जातिका विद्यार्थीले पनि पढेको देखिन्छ ।

## ३.८ धार्मिक क्रियाकलाप

बालागुरुले दिङ्ला भन्ज्याङ्देखि माथि कैलाश डाँडामा वि.सं. १९३२ साल चैत्र शुक्ल रामनवमी महापर्वमा आफ्ना स्व. दाजुका नाममा नर्मदेश्वर शिवलिङ्गको स्थापना गराएका

थिए । त्यसै गरी सीताराम, लक्ष्मण र हनुमानका सिंगमर्मरका मूर्तिहरू भारतबाट ल्याएर विधिपूर्वक स्थापना गरिएको थियो । उच्च स्थानमा रहेको यस स्थानको नामकरण कैलाश डाँडा भनेर गरिएको थियो (अधिकारी, २०४१ : ५४) ।

नर्मदेश्वर शिवलिङ्गको स्थापना आफ्ना स्व. दाजुको नामबाट गरिएको हो भन्ने एउटा तर्क देखिन्छ भने अर्को तर्क आफ्नी विधवा दिदी नर्मदाको नामबाट स्थापना गरिएको हो भन्ने पनि खुल्दछ । यसरी आफ्ना दाजु वा दिदी जसका नामबाट भए पनि उनले नर्मदेश्वर शिवको स्थापना गरेको कुरा स्पष्ट हुन्छ (चापागाई शोभा, २०५४, : १६) ।

कैलाश डाँडामा स्थापना गरेको देवालयको स्थान साँगुरो भएकोले वि.सं. १९५५ मा विद्यालय, मन्दिरहरू आदि तल भन्ज्याङ नजिकैको फराकिलो ठाउँमा सारिए । नर्मदेश्वर महादेवको मन्दिरमात्र हालसम्म पनि माथि कैलाश डाँडामा रहेको छ । दिङ्लालाई बालागुरुले वर्षको दुई पटक मेला लगाउने व्यवस्था पनि मिलाएका थिए । बालाचतुर्दशीका दिन उनले चलाएका सतवीज छर्ने चलन अहिलेसम्म पनि कायमै रहेको छ । त्यसै दिन रथ यात्रा गर्ने चलन पनि उनले नै चलाएको हुन् । अझै पनि आफ्ना पितृहरूको उद्धार गर्न सतबीज छर्ने र रथयात्रा गने चलन चलिरहेकै छ ।

बालागुरुले मन्दिरमा नित्य पूजाको व्यवस्था गरेका थिए । उनले निर्माण गर्न लगाएका आश्रममा एकादशी, कृष्ण जन्माष्टमी, महाशिवरात्री र अन्य पुण्य तिथि र पर्वका दिनहरूमा कथा वाचन गर्ने चलन पनि चलाएका थिए । यसै गरी उनले चतुर्मासा पुराण भन्ने व्यवस्था समेत गरेका थिए । बालागुरु आफैंले पनि महाभारत, श्रीमद्भागवत र अन्य पुराणहरूको कथा प्रवचन गरेको पनि उल्लेख पाइन्छ । यस्ता कामलाई निरन्तरता दिन उनले गुठीको समेत व्यवस्था गरेको देखिन्छ ।

षडानन्दले काठमाडौंमा भक्तजन्रूले चढाएको भेटीस्वरूप प्राप्त गरेका रु. २०,०००/- (वीस हजार) र दिङ्लामा दानबाट प्राप्त गरको सम्पत्ति र जग्गा तथा सोही समयतिर सिलाङ्मा चतुर्मास पुराण भनेर प्राप्त गरको रु.४,०००।- एवम् स्थानीय जनसमुदायबाट प्राप्त अर्थदान तथा श्रमदानलाई समेत धार्मिक कार्यमा प्रयोग गरेका थिए ( चापागाई गोविन्द, २०५४ : २०) ।

भन्ज्याङ नजिकै बनाएको आश्रमको बीचमा षडानन्दले तीनवटा ठुलठुला मन्दिर निर्माण गर्न लगाएका थिए । एउटा सीताराम मन्दिर, अर्को शिव मन्दिर र तेस्रो

राधाकृष्णको मन्दिर हो । सीतारामको मन्दिर अगाडि हनुमानको र शिव मन्दिर अगाडि नन्दीको मूर्ति समेत राखिएका थिए जुन अझै छन् । छात्रावास र मन्दिरका बीचको फराकिले प्राङ्गणलाई पुराण भन्न, वेद पढ्न, धार्मिक कार्य गर्न प्रयोग गरिन्थ्यो । बालागुरुले आगन्तुकहरूलाई विभिन्न सामानहरू राख्न सजिलो होस भनी तीनवटा पाटीहरू बनाउन लगाएका थिए । ती अहिले पुनर्निर्मित रूपमा रहेका छन् ।

यसरी बालागुरुले दिङ्लालाई एक पवित्र धार्मिक एवम् शैक्षिक क्षेत्रको रूपमा विकास गरेको देखिन्छ ।

## ३.९ सामाजिक क्रियाकलाप

बालागुरुको समाज सेवामा पनि त्यत्तिकै रुचि थियो । असहाय मानिसहरू उनको सहायताका लागि अनुरोध गर्दथे । उनी त्यसलाई सहजै पूरा गरिदिन्थे । उनले मन्दिरको निर्माण गरेपछि बगैंचाको निर्माण पनि गर्न लगाएका थिए । बगैंचा बाहिरी र भित्री गरी दुईवटा थिए । भित्री बगैंचामा १०८ थरीका फलफूलका बिरुवा लगाउन लगाएका थिए भन्ने भनाइ रहेको छ भने बाहिरी बगैंचामा रूद्राक्ष तथा जामुनाका रूख लगाएका थिए । अहिले बोटबिरुवा सबै थरिका नभए पनि लगाएको स्थान र रूद्राक्षका बोटविरुवा देख्न पाइन्छ । उनले सर्वप्रथम रूद्राक्ष जस्तो अमूल्य विरुवा लगाउन सुरु गरेका हुन् । अहिले अन्तरराष्ट्रिय व्यापारका दृष्टिले समेत यसको महत्त्व र उपयोगिता बढ्दै गएको छ ।

उनले सामाजिक भावनाले गर्दा विद्यालयमा पढ्ने छात्रको लागि खानेकुराको अभाव नहोस् भनेर बटुकलाई भिक्षा दिने चलन चलाए । विद्यार्थीलाई नुहाउन, चराचुरुङ्गीलाई खान र बगैंचामा सेचन गर्नको लागि कुण्डहरू निर्माण गरे (हनुमानकुण्ड, पार्वती कुण्ड र सीता कुण्ड) को र त्यहाँको पानीको उपयोग गर्ने व्यवस्था मिलाएका थिए । उनले पाठशालामा पढ्ने छात्रहरू र स्थानीय जनताको आवश्यकतालाई ध्यानमा राखेर राम धारा, लक्ष्मण धारा जस्ता खानेपानीको धाराको निर्माण गरेको देखिन्छ । तुलसीलाई घरभन्दा टाढा घरमाथि रोप्ने तत्कालीन प्रचलन रहेको थियो । बालागुरुले तुलसी पवित्र, सुगन्धित र कीटनाशक वनस्पति हो भनी घरघरमा मठ बनाई रोप्ने र पूजा गर्ने चलन पनि चलाएका थिए । अहिलेसम्म पनि यो चलन सबै नेपालीहरूमा कायमै रहेको छ (अधिकारी, २०४१ :६७) ।

धार्मिक दृष्टिले लगाएका दुई मेला लगायत उनले प्रत्येक शनिवारका दिन दिङ्ला भन्ज्याङ् माथिको डाँडामा साप्ताहिक बजारको व्यवस्था मिलाएका थिए । यसको मुख्य

उदेश्य स्थानीय उत्पादन र बाह्य सामग्री सजिलै किन्ने र बेच्ने सुविधा होस् भन्ने हो । अहिलेसम्म पनि यो साप्ताहिक बजार यथावत् लाग्ने गरेको छ ।

धार्मिक भावनाले गर्दा स्थानीय जनता र बालागुरुको बीचमा ज्यादै नजिकको सम्बन्ध थियो । उनी सबैलाई चेला समान व्यवहार गर्दथे र सबै महिलालाई आमा मान्दथे । उनको प्रमुख उद्देश्य शिक्षा र समाज सेवा भए तापनि जडीबुटी दिने वैद्यको काम र जनतालाई हरेक किसिमको सहायता गर्ने अभिभावकको रूपमा उनको व्यक्तित्व परिचित छ (चापागाई गोविन्द, २०५४ : २७) । त्यसरी नै उनले स्थानीय शान्ति सुरक्षाको लागि छोटी जङ्गी अड्डाको स्थापना गराउन श्री ३ जङ्गबहादुरका पालामा निवदेन पठाएका थिए । पछि श्री ३ रणोद्दिपसिंहबाट स्वीकृति प्राप्त भयो र बि. स. १९३४ माघमा छोटी अड्डाको स्थापना भयो । बालागुरुले अड्डालाई चाहिने घर, बन्दीखाना, बारुदखाना, सिपाहीहरू र हाकिमहरूको निवास समेत स्थानीय सहयोगमा निर्माण गर्न लगाएका थिए (अधिकारी, २०४१ : ६५) ।

उनले सतीप्रथालाई धार्मिक अन्धविश्वासमा आधारित कुप्रथा ठानेका थिए । उनी आमाको दाहसंस्कार गर्न सती घाटमा जाँदा उनले एउटी आइमाईलाई जिउँदै उसको मृत लोग्नेसँग पोलेको देखेका थिए । उनलाई यो प्रथा मन परेन र उनले मनमनै यसको अन्त्य गर्ने वाचा गरेका थिए । यस प्रथासँग सम्बन्धित स्थानीय प्रथा र मान्यताका बारेमा उनले नन्दीकेश्वर अधिकारीसँग कुरा पनि गरेका थिए । त्यसैले उनले चन्द्रशम्शेरलाई सती र दास प्रथा हटाउन सल्लाह दिएका हुन् (गोविन्द चापागाई, २०५४ : २८) ।

बालागुरु सती प्रथाका विरोधी थिए भन्ने कुरा निम्न कार्यबाट थाहा हुन्छ । दिङ्ला बितलवका हरिलाल लम्सालको मृत्यु हुँदा उनका दुई श्रीमतीहरूलाई उनले सती जानबाट रोके । नारायणप्रसाद लम्लासले भने हाम्रो धर्म नाश भयो भनी विरोध गर्दा षडानन्दले नारायण लम्साललाई सम्झाएर यो हिन्दू धर्ममा आधारित प्रथा होइन भनी सती जानबाट रोकेको र त्यसपछि दिङ्ला क्षेत्रबाट कसैले पनि सती जानु नपरेको कुरा स्थानीय जनताबाट र तत्सम्बन्धी सामग्रीबाट प्राप्त हुन्छ । चन्द्रशम्शेरले बालागुरुको भनाइबाट देशको सती प्रथा अन्त्य गरेका हुन् भन्ने भनाइ समेत रहेको छ । (अधिकारी, २०४१ : ६३-६४) ।

त्यसरी नै षडानन्दले पौडेल बाहुनको श्राद्धमा पितृलाई कालो बोकाको मासु चढाउने कार्य र विरालो खोजेरै ल्याएर भए पनि घरको मूल खाँबामा बाध्ने चलनको अन्त्य गर्न

लगाए । पितृकार्यमा मिष्ठान्न खिर खाने र खुवाउने चलन चलाए । अझै पनि यो चलन यथावत् रहेको छ । उनले सर्वप्रथम यो चलन श्यामलाल पौडेलका बाबुको श्राद्धदेखि रोक्न लगाएका थिए । श्राद्धमा बोको काट्न निषेध गर्नु अहिंसावादी विचारको द्योतक हो भने विरालो बान्ने कार्यको अन्त्य चाहिं अन्धविश्वासको अन्त्य हो (अधिकारी, २०४१ :६६-६७) । बालागुरुले वि.सं. १९५५ जेठमा एउटा नयाँ परम्पराको थालनी गरे । आफ्नै खर्च तथा सक्रियतामा बालागुरुले नारायणचौरमा १०८ बटुक ब्रम्हाण पुत्रहरूको सामूहिक ब्रतबन्ध गराएका थिए । जुन कार्यमा धनी गरिब कुनै भेदभाव नगरी थोरै खर्चमा सम्पन्न गरिएको थियो । समाजमा जातीय प्रथा बीच अनमेल जस्तो वातावरण थियो तर बालागुरु जोसँग पनि आदारसाथ बोल्ने र व्यवहार गर्ने गर्दथे । उनको त्यस्तो व्यवहारबाट त्यस्तो अनमेल व्यवहारमा कमी आएको थियो । उनले गडीगाउँदेखि दिङ्ला भन्जायङ्सम्म स्कुल आउन जान सजिलो होस भनेर ठुलो बाटो खनाएका थिए भने दिङ्ला भन्जायाङ्मा गाडी दगुर्न सक्ने खालको फराकिलो बाटो खनाएका थिए । दिङ्ला भन्जायाङ्मा यो बाटो अझै रहेको छ । यी सबै कार्यहरू बालागुरुका सामाजिक जागरण, अहिंसावादी विचार र रुढि एवम् अन्ध परम्पराको अन्त्यका प्रतीक हुन् ।

## ३.१० अलौकिक चरित्र सम्बन्धी किम्बदन्तीहरू

बालागुरुले सानै उमेरदेखि केही चामत्कारिक कार्यहरू गरेका र गायत्री पुरश्चरणबाट सिद्धि प्राप्त भएपछि धेरै अलौकिक कार्यहरू समेत गरेका थिए भन्ने विभिन्न लेखकहरूमा उल्लेख गरिएको छ ।

**स्मृति ग्रन्थ** भित्रको लेख “बालागुरुका केही अलौकिक कुराहरू” शीर्षकको लेखमा निम्नानुसार अलौकिक किम्बदन्तीहरूको उल्लेख गरिएको छ - बालक कालमा बालागुरु गाई चराउन जाँदा पीपलको छहारीमा निदाएको र उनका गाइले गाउँले छिमेकीको मकै खाएकोले मकै धनीले गाई धपाउँदै जाँदा षडानन्द सुतिरहेको र उनलाई नागले बेरेको देखेर साथीहरू बोलाउँदा नाग अन्तर्ध्यान भएको र बालक मात्र सुतिरहेको भन्ने कथन पाइएको छ । षडानन्द बिद्याआर्जन गर्ने उद्देश्यले घर छोडी जाँदा बाटोमा बास बसेको रात सपनामा भगवान रामचन्द्र र सीता सहित आएर “अरू चिन्ता नलेउ, पढ्नको मात्र चिन्ता गर” भनी सुनको बुट्टा भरेको दाप सहित चाँदीको खुकुरी प्रदान गरेको र बालक षडानन्दलाई सही मार्ग दर्शन गरेको भनी लेखिएको छ (दाहाल, २०५२ : ८३-८४) । यस भनाइका सम्बन्धमा

बिचार गर्दा षडानन्दले सितारामको मन्दिर बनाइ मूर्ति स्थापना गरी अनुपम भक्ति भाव देखाएबाट रामचन्द्रले मार्ग दर्शन दिएको हो भन्ने पनि सम्भावना देखिन्छ ।

बालागुरु शिक्षाको लागि स्वीकृति माग्न भनी काठमाडौं जान भनी हिंडेका र एक्लै हुँदैन भनी साथी पछि लागेका थिए । अरूण नदीको सती घाटमा पुगेर बालागुरुले साथीलाई फर्कन अनुरोध गरेर आफू पानीमाथि रुमाल ओछयाएर पारी तरेका एकैछिन पछि गायव भएको प्रसंग (गौतम, २०५९ : ७६) पनि पाइन्छ । "बबालागुरु श्री षडानन्द अधिकारी" शीर्षकको लेखमा निम्नानुसारको उल्लेख पाइन्छ - बालागुरुलाई टाढाटाढासम्म हेर्न सक्ने टाढाका कुरा सुन्न सक्ने तथा मनमा चिताएको अरूको कुरालाई तुरुन्त बुझ्न सक्ने विलक्षण शक्ति प्राप्त भएको थियो । उनको सिद्धिको प्रभावले गह्रुङ्गो बस्तु हलुङ्गो, हलुङ्गो बस्तु गह्रुङ्गो, थोरै चिज धेरै र एउटा सानो. थालीमा राखेको प्रसाद सयौं मानिसलाई बाँढेर पनि जतिको तत्तिनै बाँकी रहने गरेका कुरा पनि विभिन्न व्यक्तिहरूको कथनमा पाइएको छ (शर्मा, २०५२ : ९२) । एक दिन बालागुरु व्यासासनमा बसेर पुराण भनिरहेका थिए । श्रोतागण सावधानीपूर्वक पुराण सुनिरहेका थिए । एकाएक बालागुरु पानीमा डुबेर निस्किए जस्ता भएका थिए । उनको हातको पुस्तकको पातो पनि भिजेको थियो । उनले पुस्तकको पातो खटियामा राख्दै बङ्गालको खाडीमा बराह देश जाने यात्रीवाहक जहाजलाई आँधीले पल्टाएर डुवाई दियो । सारा ज्यानमाल नाश भयो भन्ने कुरा सुनाए सो सुन्दा सबै छक्क परेका थिए । भोलिपल्ट ठीक उनले भनेकै समयमा जाहाज डुवेर दुर्घटनाग्रस्त भएको र यस जहाजका यात्रीमध्ये एक जना पीतबस्त्रधारी ब्रह्मचारी बाहेक सबै यात्रीहरू बेपत्ता भएको भन्ने समाचार र एक मात्र बाँचेका ब्रह्मचारीको फोटो समाचार पत्रमा छापिएको थियो । त्यो फोटो बालागुरुकै थियो (अधिकारी, २०४१ : ७६-७७) ।

१०८ बटुकहरूको उपनयन गरेको ठाउँमा पनि मानिसहरू खचाखच भरिएका थिए । कोही मानिसहरू खानामा लागेका थिए, कोही खाना दिनेमा लागेका थिए त्यसैबेला आकशमा कालो बाल मडारिएर ठुलो असिना र पानी आउन थाल्यो । यस्तो अवस्थामा सबै मानिसहरूमा हाहाकार मच्चियो तर बालागुरुले त्यस ठाउँमा जम्मा भएका मानिसलाई नआत्तिनसु यहाँ पानी पर्दैन भनेका थिए । नभन्दै त्यहाँ एक थोपा पनि पानी परेन अन्त मात्रै पर्‍यो यसबाट सबै मानिस अचम्ममा परेको कुरा उल्लेख गरिएको छ । त्यस्तै यही कामको लागि खाना कम्ती हुने भयो भनी बालागुरुलाई खबर पुर्‍याइयो । बालागुरुले आत्तिनु पर्दैन

खाना प्रशस्त पुग्छ भनेका थिए । त्यही खाना पछि सबैले खाएर पनि खाद्यन्न सामाग्रीहरू दाल, भात, दुध, दही र नाना परिकार रहेको थियो (अधिकारी, २०४१ : ७६-८७) ।

एक बस्नेतकी छोरीको विवाहमा भतेरमा पकाएको खाना थोरै हुने कुरा थाहा पाएर यो खबर बालागुरुलाई पु¥याउँदा बालागुरुले गई दाहिने पारी भतेर घुमेर खाना कम हुदैन भनेका थिए । पछि हजारौं मानिसले खाना खाएर गए तर खाना नपुग भएन सबैलाई पुग्यो । त्यस्तै मन्दिरमा घरबाट भक्तजनहरू नैवेद्य लिएर आउँथे र आधा जति मन्दिरमा छोडेर आधा घरमा लिएर जान्थे त्यही आधाले घरका सबैलाई तृप्ति हुने गरी पग्थ्यो भन्ने कुराको चर्चा पाइन्छ (भण्डारी, २०४३ : ५६-६३) । उनको अलौकिक चरित्रसँग सम्बन्धित कुरालाई निम्न श्लोकले पनि प्रष्ट पार्दछ -

राखी रुमाल जलमा त्यसमाथि बस्थे ।
बस्दै सरासर नदी पनि पार गर्थे ॥
(अधिकारी, २०५६ : १०२)

बालागुरु षडानन्द एक सिद्धपुरुष थिए । माथिका कार्य बाहेक अरू पनि उनले धरै कार्य गरेका थिए । आफ्ना छात्राहरूले लुकेर धूम्रपान गर्दा घटनास्थलमा नै पुगेर “एक सर्को तान्न देओ, रोग निको हुन्छ” भनी परीक्षा लिएका जस्ता प्रसङ्गहरू पनि उल्लेख भएका छन् (चापागाई शोभा, २०५४:३९) । उनी आफ्नो आश गरेर आउने याचकको इच्छा पुरा गरिदिन्थे । टाढाको कुरा देख्न सक्ने शक्ति पनि उनमा थियो । आफू दिङ्लामा हुँदा काठमाडौंको कुरा देख्थे भने काठमाडैमा हुँदा दिङ्लाको कुरा देख्नसक्ने दूरदृष्टिको शक्ति उनले पाएका थिए भन्ने किम्वदन्तीहरू पाइन्छन् ।

## ३.११ गुठीको व्यबस्था

बालागुरुले आफूले स्थापना गरेको विद्यालय, छात्रावास तथा मन्दिरहरू सुचारु रूपले सञ्चालन गर्नका लागि एउटा गुठीको स्थापना गरेका थिए । उनले स्थापना गरेको विद्यालयमा पढ्ने छात्रहरू र पढाउने शिक्षकहरूलाई खाना बस्नको व्यवस्था मिलाएको हुनाले यसलाई निरन्तरता दिन उनले गुठीको स्थापना गरेका हुन् । वि.सं.१९३२ मा विद्यालय सञ्चालन गर्नको लागि प्राप्त गरेको जग्गालाई वि.सं.१९३५ आश्विन १५ मा गुठी बिर्तामा लालमोहर प्राप्त भएको थियो (चापागाई शोभा, २०५४ : २४) ।

वि.सं. १९५९ माघ महिनामा बालागुरु दिङ्लाको संस्कृत विद्यालयलाई स्थायी रूपबाट चलाउन सरकारबाट गुठी राख्न पाउने स्वीकृति लिन काठमाडौं गएका थिए । उनका साथमा जगन्नाथ घिमिरे, राधेश्याम रिमाल र एक जना नोकर पनि साथमा थिए । राणा परिवारका कयौं सदस्यहरू उनलाई श्रद्धा र आदर गर्दथे । त्यसैले दिङ्लाको गुठीको नाम सीताराम गुठी राखेर स्वीकृति गराएका थिए । त्यसपछि उनी दिङ्ला फर्किए । सो समयमा सीताराम गुठीको जग्गाको प्रति वर्ष कुल आमदानी ४०० मुरी धान भएको थियो र यो धान पनि विभाजन गरी मुरी मुरीका दरले छुट्ट्याएको थियो । अहिले सीताराम गुठी भए पनि आय आर्जन देशको स्थितिले गर्दा पहिलेको जस्तो छैन (अधिकारी, २०४१ : ८७-८९) ।

गुठी सञ्चालनका लागि धेरैले जग्गा दान गरेका थिए । जसको विस्तृत विवरण शिलालेखमा उल्लेखित छ । गुठी जग्गाको सबै सञ्चालन उनका भतिजा रामनाथ अधिकारीले जिम्मा लिएको पाइन्छ । उनका भतिजा शिवलाल अधिकारी गुठीको पहिलो गुठियार पदमा नियुक्त भए । त्यसपछि विधिवत् वि.सं. १९६० फाल्गुनमा श्री सीताराम गुठीको स्थापना भयो । उनले गुठीको नाउँमा लालमोहर पनि लगाएका थिए । स्थानीयवासीहरू सँगको टेलिफोन सम्पर्क अनुसार गुठीको क्षेत्रफल पन्ध्र सय रोपनी भन्दा माथि भएको तथ्य पाइन्छ । यसको आमदानी ६०० मुरी गरेको जानकारी पाइन्छ ।यसको आमदानीबाट पूजनादि कार्य, गने अध्यापकलाई पारिश्रमिक तथा विद्यार्थीलाई छात्रबृत्ति दिने, टहलुवा, नगर्ची आदि कामदारलाई पारिश्रमिक दिने, पर्व पर्वमा हुने विशेष पूजा र पुराण प्रवचनका लागि यस खेतबाट यति खर्च हुने भन्ने व्यवस्था थियो ।

## ३.१२ देहावसान र काजक्रिया

षडानन्द अधिकारीको देहावसान वि.सं. १९७३ जेष्ठ शुक्ल त्रयोदशीका दिन काठमाडौंको पचलीघाटमा भएको हो । उनलाई के रोगले लागेको थियो भन्ने सम्बन्धमा निम्न अनुसारका तर्क देखिन्छन् । अध्येता तथा काव्यकारहरूमध्ये कसैले आफैले हैजा उठाएर स्वेच्छाले प्राणत्याग गरेको कुरा उल्लेख गरेका छन् (चापागाई, २०५४ :४६) । त्यसै गरी षडानन्दलाई वेदमाता गायत्रीबाट सपनामा मिलेको चार चक्रको शालिग्राम षडानन्दले विहानको स्नान पछि एक योगीलाई दिएर आफू पनि छिट्टै आउने कुरा गरेपछि तुरुन्त हैजारोगले उनको देहवासन भएको उल्लेख गरेका छन् (भण्डारी, २०४३ : १०४-१०५) । झाडा पखालाको निहुले ८२ वर्षको उमेरमा मृत्यु भएको हो भनी “आबाल

ब्रह्मचारी षडानन्द अधिकारी परिचय संस्मरण र अवदान" शीर्षकमा लेखेका छन् (नेपाल, २०५२ : १२) । त्यसै गरी अर्का "बालागुरु श्री षडानन्द अधिकारी" भन्ने शीर्षकको लेखमा चाहिं "ब्रम्हारन्ध्र भेदन गरेर महाप्रयाण गर्नु भयो भनि उल्लेख भएको छ (शर्मा २०५२ : ९६) ।

षडानन्दको जीवनीसँग सम्बन्धित महाकाव्यकार तथा जीवनीकारहरू बीच यसरी उनको मृत्युको सम्बन्धमा विभिन्न मत देखा परे तापनि पनि उनको भौतिक शरीर अन्त्यमा हैजाकै कारणबाट समाप्त भएको पुष्टि हुन्छ ।

उनको मृत्युपश्चात् पचलीघाटको आश्रय पूरै खचाखच र विह्वल भएको थियो । भक्तजनहरूले उनको शवलाई आर्यघाटमा पुऱ्याई दाहसंस्कार गरे । उनका चेला जगन्नाथ घिमिरेले दागबत्ती दिएका थिए । सो अवसरमा राणा परिवारका सदस्यहरूको समेत उपस्थिति रहएको उल्लेख पाइन्छ (अधिकारी २०४१ :९५) । बम विक्रम राणाकी रानीले तेह्रौ दिनको काम आफ्नो खर्चबाट गराइदिने, गुरुको सम्पति हकदार बेलाएर जिम्मा लगाइदिने र कुटीको राम्रो संरक्षण गर्न साँचो लगाइदिने व्यवस्था गरेकी थिइन् । उनको काजक्रिया छविलाल अधिकारीले गरेका थिए । छविलाल अधिकारी नजिकका नभएकोले उनका भतिजा बद्रीनारायण अधिकारीले फेरी दोहोऱ्याएर काजक्रिया गरेर एकवर्ष सम्म मेखला लगाएर आशोच बारेका थिए (चापागाई शोभा,२०५४ : ३३) ।

सेमन्तराज अधिकारीले **अधिकारी वंशावली**मा बालागुरुको काज क्रियाको प्रसङ्ग उल्लेख गरेका छन् । उनले बालागुरुको मृत्यु हुँदा उनका चारै जना दाजुको मृत्यु भइ सकेको हुँदा काठमाडौंमा उनका नजिकका कोही नभएको कारणले खोटाङ निवासी एकजना अधिकारी जसको नाम पनि षडानन्द नै थियो उनले मेरा बालागुरु नजिकका मान्छे हुन् भनी क्रिया गर्न सुरु गरका थिए तर उनको काजक्रिया गर्ने हक दावी थिएन । बालागुरुको काजक्रिया हुन थालेको थाहा पाई तत्कालीन श्री ३ चन्द्रशम्शेर र उनका उत्तराधिकारी कमान्डर इन्चिफ भीमशम्शेरको दरवारमा खवर पुगेछ । फलस्वरूप बालागुरुको आश्रममा पालेपहरा राखियो र उनी बस्ने कोठामा तालासाँचो लगाइन थालेको और्ध्वदेहिक कार्य सम्पन्न गर्ने सम्मका लागि आर्थिक निकासा पर सारी दिङ्लामा भतिजाहरूलाई सरकारी स्तरबाट नै पत्र पठाइयो । भतिजाहरू दिङ्लाबाट आएपछि साँचो खोली जिम्मा लगाइदिनु भन्ने कर्णेल पुण्यबिक्रम राणालाई हुकुम भएको रहेछ (अधिकारी, २०६२ :३१) ।

सरकारी खवर प्राप्त भएपछि दिङ्लाबाट पनि बालागुरुका भतिजाहरू तीन जना पं. शिवलाल प. जयधर्म र प. वद्रीनारायणकै साथै जयधर्मका जेष्ठ पुत्र पं. शेषराज समेत पचलीघाट आइपुगे, यसको खवर दरवारमा दिइयो । दरवारबाट भएको आदेश अनुसार काम गर्दा दुर्भाग्यवश बालागुरु पडानन्दको देहावसान भएको २७ दिनका दिनमा त्यस आश्रमको धनमाल जिम्मा लिने बम्हमाचरी डिल्लीराम पनि परलोक भइसकेका थिए । अन्त्यमा बालागुरु मर्नुभन्दा अगाडि गरेको भर्पाई अनुसार कर्नेल पुण्यविक्रम राणा मार्फत सोधपुछ गरी धनमाल भतिजाहरूलाई जिम्मा लगाइएको थियो (अधिकारी, २०६३ :३१) ।

खोटाङ पुराना गाउँ निवासी षडानन्द अधिकारीले बालागुरुको काजक्रिया गरे पनि एउटाका बाबु अथवा काका अर्कोबाट सपिण्डी आदि सम्पन्न हुन नसक्ने भनी आफ्ना कान्छा काका बालागुरुको प. जयधर्मले सुरुदेखि काजक्रिया सम्पन्न गरे र बालागुरुको वर्ष दिनसम्म बर्खान्त बारेका थिए । जयधर्मले एक वर्षसम्म मेखला लगाएर बसेका थिए भन्ने उल्लेख पाइन्छ (अधिकारी, २०६३ : ३१) । यसरी हेर्दा बालागुरु षडानन्द अधिकारीको दुई पटक काजक्रिया सम्पन्न भएको देखिन्छ । जो आजीवन ब्रह्मचारी रहयो, जसका औरत सन्तान थिएनन् तर उसकै काजकिया श्रद्धााथ दुई पटक हुनलाई अपूर्ण संयोग मान्न सकिन्छ ।

## ३.१३ सारांश

दुर्गाप्रसाद अधिकारीद्वारा लिखित **बालागुरु** महाकाव्य बालागुरु षडानन्दको जीवन चरित्रलाई विषयबस्तु बनाएर लेखिएको हो । बालागुरु षडानन्दकोजीवन चरित्रसँग सम्बन्धित रचनाहरूमा यज्ञनिधि चापागाईको **आबाल ब्रह्मचारी चरितम्** (१९६६), नन्दिकेश्वर अधिकारीको **सदाचार ज्ञानदर्शक** (१९९४), विश्वनाथ चापागाइको **शिक्षासेवी कर्मठ योगी षडानन्द** (२०३४), हेमराज शर्मा अधिकारीको **षडानन्दको जीवनकथा** (२०४१), ज्ञानराज सुवेदीको **षडानन्द स्मृति काव्य** (२०४२), भोग्यप्रदान भण्डारीको **षडानन्द चरितम् महाकाव्य** (२०४३), नरेन्द्र चापागाइको **बाल-आवाल काव्य** (२०४४), खेमराज गौतमको **गुरु षडानन्द पद्यकाव्य** (२०५९), सेमन्तराज अधिकारीको **स्मृति** ग्रन्थमा प्रकाशित लेख **बालागुरु षडानन्दःएक परिचय** (२०५२), प्रभुनाथ अधिकारीको **स्मृति** ग्रन्थमा प्रकाशित **आबाल ब्रह्मचारी गुरुको गुणानुवाद** (२०५२) आदि जस्ता रहचनाहरू प्राप्त छन् । यिनै रचनाहरूको अध्ययन गरेर यहाँ षडानन्दको संक्षिप्त जीवन चरित्र प्रस्तुत गरिएको हो ।

बालागुरुका जीवनका वारेमा यथार्थ जानकारी प्राप्त नगरीकन उनको जीवनीलाई आधार मानेर लेखिएका काव्यको अध्ययन एवम् विश्लेषण यथार्थ रूपमा गर्न नसकिने भएकाले यहाँ बालागुरुको जीवन चरित्रको चर्चा गरिएको हो । यस चर्चाबाट काव्यकार दुर्गाप्रसाद अधिकारीले आफ्नो महाकाव्य **बालागुरु**मा बालागुरुको जीवन चरित्रलाई कसरी काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् भन्ने कुराको अध्ययन गर्न सजिलो हुन्छ । बालागुरुले जन्मदेखि मृत्युपर्यन्त गरेका क्रियाकलापहरू उनको तपश्चर्या, सिद्धिप्राप्ति, शैक्षिक, सामाजिक र आध्यात्मिक कार्य एवम् उनका बारेमा प्रचलित किम्बदन्तीलाई समेत कवि अधिकारीले प्रस्तुत महाकाव्यको विषयबस्तु बनाएका छन् । यसै कुराको अध्ययनका लागि यो जीवन चरित्रको चर्चा यहाँसार्थक रहनु ठानिएको छ ।

## परिच्छेद-चार

# महाकाव्य सिद्धान्तका आधारमा बालागुरु महाकाव्यको अध्ययन

## ४.१ विषय प्रवेश

कविता साहित्यको एक शक्तिशाली एवं सर्वप्राचीन विधागत भेद हो भने कविता विधाका पाँच उपविधामध्ये एक महाकाव्य हो । महाकाव्य कम्तीमा तीन सहस्राब्दी पुरानो साहित्यिक विधा हो र साहित्यका हाल चलनचल्तीका विधाहरूमध्ये स्फुट गीत र कथाबाहेक सबभन्दा जेठो र बूढो – पुरानो विद्या पनि यही महाकाव्य नै हो (त्रिपाठी, २०५२::२) । कविता विधाको बृहत्तम रूप महाकाव्य यति प्राचीनतम साहित्यिक विधा भएकोले यसको परिभाषा पनि प्राचीन समयदेखि नै विभिन्न विद्वानहरूले गर्दै आएका छन् । संस्कृत काव्यशास्त्रमा महाकाव्यसम्बन्धी प्रसङ्ग भामह अघि पनि विभिन्न विद्वानहरूले गर्दै नउठाएका होइनन् तर औपचारिक रूपमा भने भामहदेखि नै महाकाव्य - परिभाषाको क्रम शुरू भएको हो (तिमल्सिना, २०६३ : २१) । यसरी प्रथम महाकाव्य मान्यताकारका रूपमा पूर्वमा संस्कृत साहित्य शस्त्री आचार्य भामहलाई लिन सकिन्छ भने पश्चिममा अरस्तुलाई लिन सकिन्छ । यहाँ केही प्रमुख पूर्वीय चिन्तक आचार्य तथा पश्चिमी चिन्तकहरूका साथै भारतीय विद्वानका तथा नेपाली समेत चर्चा गरिएको छ ।

### ४.१.१ महाकाव्य सम्बन्धी पूर्वीय सिद्धान्तहरू

औपचारिक रूपमा महाकाव्य प्रस्तुत गर्ने प्रथम आचार्य भामह (छैटौं शताब्दी) हुन् । महाकाव्य सम्बन्धी उनका सम्पूर्ण मान्यताहरू उनको लक्षणग्रन्थ **काव्यालङ्कार**मा पाइन्छन् । महाकाव्यसम्बन्धी उनको मान्यतालाई यसरी देखाउन सकिन्छ । महाकाव्यमा महान् व्यक्तिको महान् चरित्र भएको कथानक सर्ग सर्गमा विभाजित गरेर अलङ्कारहरूले सुशोभित सुन्दर शब्दार्थको यो गरी राम्रो गुम्फन गरिएको हुन्छ । कथानक पाँच सन्धिमा शृङ्गलित भई मिलेको हन्छ । यसमा मन्त्रणा दूत सन्देश, यात्रा, युद्धहरूको पनि वर्णन हुन्छ । लौकिक प्रकृति मिल्दो रसले परिपूर्ण व्यावहारिक उपदेश पनि भएको अभ्युदय विजय सम्बृद्धि आदि कुनै पुरुषार्थको सिद्धिफल भएको हुनुपर्दछ । नायक भन्दा अर्कोलाई बढी देखाई नायकलाई हीन देखाउनु हुँदैन । कथाको नायक नभएर उसको अभ्युदय नभएको हुनुहुँदैन । कथामा पञ्चसन्धि विभाग चाहिने हुनाले बीज, बिन्दु, पनाका, प्रकरी, कार्य र भरसक यिनका अङ्गको पनि समावेश हुनु पर्दछ (सिग्देल, २०५८ : १९) (जोशी, २०५२ : १३६) ।

महाकाव्यलाई परिभाषित गर्ने क्रममा आचार्य भामहपछि अर्का आचार्य दण्डी देखिन्छन् । यिनको चर्चित लक्षणग्रन्थ हो **काव्यादर्श** । **काव्यादर्श**मा उनले महाकाव्यलाई यसरी चिनाएका छन्- कथानक कल्पित नभई कोही पूर्व आख्यानमा इतिहास प्रसिद्ध हुनुपर्दछ । यसको प्रधाननायक धीरोदत्त श्रेणीको, प्रतिनायक पनि उदात्त किसिमको हुनु पर्दछ । यसमा नगर, समुन्द्र, पर्वत, ऋृतु, सुर्योदय, चन्द्रोदय, जल क्रीडा । वनविहार, विवाह, यात्रा, युद्ध र विजयहरूको उपयुक्त वर्णन हुनुपर्दछ । श्रृङ्गार वा वीर रस प्रधान अरू रस अप्रधान भई पोषक हुनु पर्दछ । ज्यादै छोटो र ज्यादै ज्यादै लामो पनि नभएका सर्गसर्गमा कथानक विभक्त हुन्छ । प्रत्येक सर्ग एकै छन्दको र सर्गको अन्तमा छन्द बदलिएको हुन्छ । ग्रन्थको आरम्भ मङ्गल, नमस्कार आशिर्वाद वा वस्तु निर्देश देखाएको हुनुपर्दछ (सिग्देल, २०५८:१९,) (जोशी, २०५२ : १३६) ।

आचार्य दण्डीपछि महाकाव्यसम्बन्धी चिन्तन **अग्निपुराण**मा भएको पाइन्छ । यसको उपजीन्य ग्रन्थ दण्डीको **काव्यदर्श** भएकाले यसको रचनकाल सातौंदेखि नवौं शताब्दी मध्यमा कुनै पनि मान्नु उपयुक्त देखिन्छ । **अग्निपुराण**मा उल्लेख भएअनुसार महाकाव्य सर्गबद्ध हुन्छ । यसको आरम्भ संस्कृतबाट हुनेछ । यसमा शक्करी, अति शक्करी, जगती, अति जगती, गिष्टुभ, पुष्पितागा आदि संस्कृतका छन्दहरूको प्रयोग गरिन्छ । यसको सर्ग धेरै छोटो हुँदैन । यसको कथानक इतिहासबाट प्राप्त गरिन्छ । सर्गको अन्त्यमा भिन्न छन्द रहन्छ र यसमा नगर, समुन्द्र, पर्वत ऋृतु चन्द्र सुर्य, आश्रम बगैंचा, मधुपान तथ उपमा आदिको वर्णन गरिएको हुन्छ । यो माधुर्य आदि गुण तथा उपमा आदि अलङ्कारको विभूषित हुन्छ । यो सबै किसिमका रीति, रस, वृत्तिद्वारा प्रवृत्त हुन्छ तथा यो सबै भावहरूले प्रभावित हनछ । यसको रचना गर्दा वाणीकुशलतालाई महत्त्व दिनुपर्दछ । (तिमल्सिना, २०६३ : २३)

**अग्निपुराण** पछि महाकाव्य सम्बन्धी चर्चा गर्न अर्का विद्वान रुद्रट हुन् । यिनी पनि अलङ्कारवादी आचार्य हुन् । यिनको लक्षणग्रन्थको नाम हो - **काव्यलङ्कारम्** । रुद्रटले आफ्नो ग्रन्थमा महाकाव्यलाई यसरी चिनाएका छन् - उनले महाकाव्यका निम्ति आवश्यक तत्त्वको व्यापक वयान गरेको देखिन्छ । यस क्रममा उनले भामह र दण्डी जस्ता पूर्वाचार्यद्वारा स्थापित महाकाव्य मान्यताका आधारभूत बुँदालाई समेट्दै अनावश्यक बुँदाको परिहार पनि गरिदिएका छन् । उनले महाकाव्यका बाहिरी ढाँचासँग सम्बन्धित तत्त्व मङ्गलाचरण, सर्गसंख्या, छन्दढाँचा आदिको चिन्तन तर्फ चासो दिएका छैनन् । महाकाव्यका निम्ति अपेक्षि महत कथावस्तु, महान वीर पात्र र त्यसको अभ्युदय तथा प्रतिनायको पतन, जीवनको

समग्रताको अभियुक्ति, सर्गवद्धता र पञ्चसन्धियुक्तता अनि सबै काव्यस्थानको विन्यास जस्ता अधारभूत तत्त्वकै चिन्तमा जोड दिएका छन् । महाकाव्यलाई मदत् प्रवन्ध काव्यकारूपमा चिनाउनु र तयसकमा रस समग्रताको सञ्चार अपेक्षित ठान्नु उनको महाकाव्य चिन्तनगत मौलिक योगदान हो भने पूर्ववर्ती आचार्यहरूले प्रस्तुत गरेको महाकाव्य मान्यताका अपरिहार्य बुदालाई मात्र ग्रहण गरी सम्भाव्यवादी दृष्टि अंगाल्नु उनको अर्को उल्लेखनिय योगदान हो (अवस्थी, २०६४ : १७) ।

महाकाव्यलाई परिभाषित गर्ने क्रममा आचार्य रुद्रटसित आचार्य हेमचन्द्र देखिन्छन् । यिनले महाकाव्यका सम्बन्धमा संक्षिप्त चार्चा मात्र गरेका छन् । उनको लक्षण ग्रनथको नाम हो - **काव्यनुशासन** । उनले भाषमा विभिन्न कथानाकलाई लिएर शब्दवैचित्र्य, अर्थवैचित्र्य, लोकरञ्जक गुण बोकेका काव्य भनेका छन् (तिमल्सिना, २०६३ : २५) ।

संस्कृत साहित्यका अर्का चिन्तक आचार्य विश्वनाथले पूर्ववर्ती महाकव्य सम्बन्धी मान्यताको सार खिचेर परवर्ती महाकाव्यकारहरूलाई समेत उपयोग हुने किसिमले आफ्नो लक्षणग्रन्थ साहित्यदर्पणमा महाकाव्यसम्बन्धि विस्तृत र व्यापक मान्यताहरू अघि सारेका छन् । उनको मान्यता अनुसार महाकाव्य सर्गवद्ध हुनु पर्दछ श्रृङ्गार, वीर, शान्तमा कुनै रस प्रधान, अरू रस अङ्ग रसका रूपमा प्रयोग हुनु पर्दछ । प्रधान नायक देवता वा धीरोदात्त प्रकृतिको कुलिन कोही राजा वा एककुलका धेरै राजा हुन सक्छन् नाटकमा बताए वमोजिम पााच सन्धिमा सन्धिमा विभक्त हुनुपर्दछ । महाकाव्यको आख्यान ऐतिहासिक, लोकप्रसिद्ध र सज्जनहरूको जीवन कथामा आधारित हुनुपर्दछ, धर्म, अर्थ, काम र मोक्षमा कुनै एकमा केन्द्रीत हुनु पर्दछ । सर्ग एक छन्दमा बाािधिएको र सर्गको अन्त्यतिर छन्द बदलेको हुनु पर्दछ । सर्गको अन्तयमा आउने सर्गको कथानक सूचित गरी कथा सङ्गति मिलाएको हुनुपर्दछ । एउटा सर्ग अनेक छन्द मिसिएको यमक आदि शब्द चित्रहरूले विचित्र पनि पारिएको हुन्छ सर्गको संख्या आठ भन्दा बढी हुनुपर्दछ । महाकाव्यको आरम्भमा देवताहरूको नमस्कारात्मक, आर्शीवादात्मकता बस्तु निर्देशात्मक मङ्गलाचरण भएको हुनुपर्दछ । महाकाव्यमा सुर्य, चन्द॰, रात्रि, प्रदोष, अन्धाकार, दिन, प्रातःकाल, मध्यन्न, शिकार, युद्ध, पर्वत, ऋतु, वन, समुन्द्र, सम्भोग वा विप्रलम्भ, श्रृङ्गार, मुनि, स्वर्ग, पुर, यज्ञ, यात्रा, विवाह, पुत्रजनय आदिको उचित विषयको मनोहर वर्णन हुनुपर्दछ । कोही दुर्जनहरूको निन्दा सज्जनहरूको गुणवर्णन गरिनु पर्दछ । महाकाव्यको नाम कविको वा नायकको वा

प्रतिनायकको, नायिका वा कथानको नामबाट गर्नु पर्दछ भन्ने मान्यता विश्वनाथले प्रस्तुत गरेका छन् । (सिग्देल, २०५८ : ९१ , थापा, २०४१ : ४६-४७) ।

यसरी पूर्वीय महाकाव्यचिन्तन परम्परालाई हेर्दा आचार्य भामह (छैटौ शताब्दी) देखि आचार्य विश्वनाथ (चौधौं शताब्दी) सम्मका आचार्यहरूले महाकाव्यका स्वरूपका वारेमा चिन्तन छन् । आचार्य भामह भन्दा अघि महाकव्यलाई काण्डमा या पर्वमा विभक्त गरेको पाइन्छ भने सर्गवन्धो महाकाव्यम् भनेर महाकाव्यलाई सर्ग विधान गर्ने प्रथम आचार्य भामह नै हुन । भामहले महाकाव्यसम्बन्धी आफ्नो प्रस्तुत गर्दा उपजीन्य काव्य रामयण, महाभारतलाई सिरानीमा राखेर पनि उनले पछिल्ला युगलाई पनि उपयुक्त हुने गरी आफ्नो महाकाव्य मान्यता अघि सारेको पाइन्छ । भामहको महाकाव्य मान्यताको विश्लेषण गर्दा उनका प्रायः जसो मान्यता वर्तमान युग - सन्दर्भमा पनि लागू भएको देखिन्छ ।

भामह पछि दण्डीले दिएको महाकाव्य सम्बन्धीको परिभाषालाई विश्लेषण गरेर हेर्दा कुनै मान्यतामा उनी साँघुरिएका छन् भने कुनैमा फराकिएका छन् । प्रख्यात विषय वस्तुमा मात्र महाकाव्य रचना हुनु पर्दछ भन्ने दण्डीको मान्यतामा वर्तमान परिवेशमा सुहाउँदो देखिदैनन् । पद्यमा मात्र महाकाव्य रचना गर्न पर्छ भन्ने भामहको मान्यतालाई तोडेर गद्यमा पनि महाकाव्य रचना गर्न सकिन्छ भन्ने उदारवादी दृष्टिकोण चाँहि दण्डीलेनै प्रस्तुत गरेका छन् । जुन दृष्टिकोणलाई अपनाएर वर्तमान समयका प्राय- महाकाव्यहरूले महाकाव्य रचना गरेको छन् । त्यस्तै चतुवर्ग फल प्राप्तितर्फ महाकाव्यको अख्यान लक्षित हुनुपर्छ भन्ने मान्यता पनि उत्तरवर्ती महाकाव्यकारहरूका लागि समेत उपयुक्त रहेको देखिन्छ ।

पूर्वीय महाकाव्यचिन्तन-परम्परामा लघु र महत् भनी काव्यभेद गर्ने आचार्य रुद्रट पनि भामह, दण्डीजस्तै अलङ्कारवादी आचार्य हुन । यिनको लघु भेदले खण्डकाव्यलाई र महत् भेदले महाकाव्यलाई सङ्केत गरेको छ । यिनको महाकाव्य मान्यताको विश्लेषण गर्दा भामह र दण्डीले भन्दा पनि यिनले महाकाव्यलाई विशाल आकार दिएको देखिन्छ । उनको महाकाव्यमा भेटिएका केही नवीन मान्यता यस्ता रहेका छन्- महाकाव्यको अख्यान प्रख्यात विषयवस्तुमा मात्र आधारित नभएर प्रख्यत, मिश्रित, काल्पनिक कुनै पनि हुन सक्छ । यसको भाष संस्कृत, प्राकृत अपभ्रंश जुनसुकै हुन सक्छ । महाकाव्य वृहत कथा हुनाले यसमा अवान्तर तथा प्रसङ्गहरू पनि हुनु उपयुक्त देखिन्छ ।

रुद्रट पछि आचार्य हेमचन्द्रले गरेको परिभाषामा खासै नौलोपन पाउन सकिदैन । महाकाव्यका वारेमा उनले आंशिक मान्यता मात्र प्रस्तुत गरेका छन् । त्यसकारण उनको मान्यता उल्लेखनीय देखिदैन ।

पूर्वीय महाकाव्यचिन्तनको परम्परामा आचार्य हेमचन्द्रपछि आचार्य विश्वनाथ देखिन्छन् । जसलाई पूर्वमा अन्तिम महाकाव्यकारका रूपमा पनि लिन सकिन्छ । यिनले अघिल्ला मान्यताकारहरूका  मान्यतालाई छोटकरीमा प्रस्तुत गर्दै विस्तृत र व्यापक रूपमा आफ्ना मान्यता प्रस्तुत गरेका छन ।

यसरी पूर्वीय आचार्यहरूका महाकाव्य मान्यताहरूलाई भन्नु पर्दा सर्गमा बाधिएको विविध छन्दहरूमा रचित, युगजीवनका  साथै प्रकृतिका विविध रूप तथा पक्षहरूको चित्रण गरिएको, उच्च कुलिन एक वा अनेक नायकको विजय तथा सम्वृद्धि देखाइएको पञ्चसन्धिमन्वित कथा वस्तु भएको, आर्शीवादातमक, नमस्कारात्मक, मङ्गलाचरणबाट प्रारम्भ गरिएको, चतुर्वर्गफलमध्ये कुनै एकको केन्द्रीय उद्देश्य, रसहरूमा श्रृङ्गार, वीर र शान्त रसमध्ये कुनै एक अङ्गीरस र अन्य अङ्ग रसका रूपमा प्रयोग गरको अलङ्कारहरूको प्रयोग गरी प्रस्तुत गरिएको कविताको वृहत रूपनै महाकाव्य हो ।

## ४.१.२ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यताहरू

पश्चिमी साहित्यको आदि भूमि ग्रीस हो र ग्रिसेली साहित्यका आदिकवि होमरका **इलियड** र **ओडिसी** जस्ता विभिन्न गाथाहरूले भरिएका महाकाव्यबाट नै पश्चिमी साहित्य तथा सभ्यताको विकास हुदै आएको हो । पूर्वमा **महाभारत**, **रामायण** र पश्चिममा होमरका महाकाव्यहरूलाई विकासशील महाकाव्यको संज्ञा दिएको छ । पश्चिममा होमरका यिनै महाकाव्यलाई आधार मानेर (इ.पू. ३८४-३२२) ले महाकाव्यमान्यता प्रस्तुत गरेका हुन । उनका मान्यता नै महाकाव्यसम्बन्धि  प्रथम पश्चिमी मान्यता मानिन्छ । उनले आफ्नो **काव्यशास्त्रमा** महाकाव्यको परिभाषा यस प्रकार दिएका छन- महाकाव्य काव्यनुकृतिको त्यो भेद हो जसको रूप समख्यानात्मक हुन्छ । यसमा एउटै  छन्दको प्रयोग गरिन्छ र यसमा उच्चतर कोटीका पात्रको चरित्रको वर्णन गरिन्छ साथै जीवनको विविध चित्रण तथा प्रासाङ्कि कथाहरू पनि सुनियोजितता हुन्छ । यसका सीमाहरू विस्तृत हुन्छन । जुन विभिन्न घटनाहरूको उचित समावेशको कारण यो घटना तथा गरिमायुक्त हुन्छ । यसमा आदि, मध्य र अन्त्य कथानकको जीवन्त विकास देखाइन्छ । यसमा समुचित आनन्द प्रदान

गर्न क्षमता रहन्छ । महाकाव्यको नायक कुलीन प्रसिद्ध भद्र र यशस्ती हन्छ । महाकाव्यले मनोविकारलाइ आनन्द दिन्छ (न्यौपाने, २०४९:१०२-१०३ , तिमल्सिना, २०६३ : २७) ।

अर्का पश्चिमी समालोचक डव्लु. पी..करले महाकाव्यका वारेमा भनेका छन - महाकाव्यमा चरित्र चित्रण स्पष्ट  र सम्पूर्ण रूपमा हुन्छ, तिनका विभिन्न मनस्थिति तथा समस्याहरूको चित्रण द्धारा यसमा नाना प्रकारका दृश्य र गुणहरूको प्रस्तुति हुन्छ । यसमा समग्र जीवनको क्रियाकलापले जीवनमा घटनाको रूप धारणा गर्दछ । महाकाव्यको सफलता नै कविको कल्पना शक्ति र चरित्रचित्रणमा निर्भर रहन्छ । केही महाकाव्यमा कथानक नाटकीय गुणयुक्त हुँदैन र नायक महत्त्वहीन हुन्छ तर पनि यस्तो कथानकमा एक विशेष प्रकारको गरिमाद्धारा ती मानिन्छ (तिमल्सिना, २०६३ :२८) ।

अर्का पश्चिमी विद्वान आइ.टी.मेयर्सले - महाकाव्यको नायक उच्च एवं उदात्त गुणयुक्त र सद्भवले पूर्ण हुनुपर्दछ भन्दै महाकाव्यमा काव्योचित नायकको अपेक्षा गरेका छन् (लामिछाने,२०५६:१४) ।

पश्चिमम महाकाव्य-लेखनको क्रम युनानी आदिकवि होमरदेखि बसेको देखिन्छ भने महाकाव्य-मान्यता प्रस्तुत गर्ने क्रम अरस्तु देखि शुरू भएको देखिन्छ । सर्वप्रथम महाकाव्यका मान्यता प्रस्तुत गर्ने आचार्य अरस्तुकै मान्यताको आधारभूमिमा रही अन्य विद्वान समीक्षकहरूले पनि महाकाव्य सम्बन्धी आफ्ना विचार प्रकट गरेका छन् ।

महाकाव्यमा कथानक उदात्त र विस्तृत हुनपर्ने कुरामा प्रायः सबैको सहमति छ । महाकाव्यलाई काव्यानुकृतिको एक भेद मान्ने अरस्तु यसमा प्रख्यात कथानक हुनुपर्दछ भन्दछन् भने पी.कर नाटकीय गुण युक्त कथानक हुनुपर्ने मान्दछन् । सी.एम बाबरा वृहत् आकारको कथाभित्र गरिमापूर्ण घटनाहरूको वर्णन महाकाव्यको कथानकमा हुनुपर्ने बताउँछन् भने आइ .टी मेयर्सले केवल नायकमा हुनुपर्ने गुणको वारेमा मात्र महाकाव्यको पात्रका सम्बन्धमा अरस्तु यथार्थभन्दा उच्चतर किसिमको नायक भद्र  वैभवशाली, यशस्ती, कुलीन हुनुपर्दछ तर सानो चरित्रदोषले गर्दा उसले दुःखान्त स्थिति भोग्नु पर्दछ ।  भन्ने मान्यता राख्दछन् । डव्लु.पी.कर. चरित्र-चित्रण स्पष्ट रूपमा हुनुपर्ने मान्यता राख्दछन् ।

महाकाव्यका उदेश्यका वारेमा अरस्तु मानव मनका आवेगहरूको दमन गर्ने, मन : शान्ति दिने किसिमको हुनुपर्ने मान्यता राख्दछन् । सी.एम.बाबरा एक विशेष प्रकारको आनन्ददायक उदेश्य हुनुपर्ने भन्दछन् ।

जे होस महाकाव्यको उदेश्यमा मानसिक विकार एवं असन्तुष्ठिहरूलाई हटाएर पाठकलाई आनन्द प्रदान गर्नुलाई यी सवै विद्वानहरूले स्वीकारेका छन् ।

महाकाव्यको शैलीका समबन्धमा गरिमामय, प्रसादयुण युक्त वर्णनात्मक शैली हुनुपर्छ जसले गर्दा सवै किसिमका शब्दवलीहरूको प्रयोग महाकाव्यमा गर्न सकिन्छ । भन्ने मान्यता अरस्तुको रहेको छ । अन्य महाकाव्यकारले कसैले नायक र कसैले कथावस्तुमा प्राथमिकता दिएका छन् ।

महाकाव्यका सम्बन्धमा पश्चिमका विभिन्न विद्वान् समीक्षकहरूका मान्यतालाई केलाएर हेर्दा निष्कर्षमा के भन्न सकिन्छ भने विस्तृत आयामयुक्त सिङ्गो कथानक बाकेको, जीवनका विविध पक्षहरूलाई उद्घाटन् गर्न सक्ने विशिष्ट गुणयुक्त चरित्र, प्रभावकारी एवं मानवीय धारण बृद्धि गर्ने उदेश्य भएको, एक विशिष्ट उदात्त शैली र एउटै षटपटी छन्दमा रचित कविताको आख्यानयुक्र बृहत् रूपलाई महाकाव्य भन्न सकिन्छ ।

## ४.१.३ भारतीय समालोचकका मान्यता

महाकव्यलाई परिभाषित गर्ने क्रममा विभिन्न भारतीय विद्वान समीक्षकहरूले व्यक्त गरेका विचारलाई यहाँ प्रस्तुत गरिएको छ-

नगेन्द्रले महाकाव्यको परिभाषा यसरी दिएका छन- विशाल आकार तथा उदात्त स्वरूप भएकाले महाकाव्य विश्व साहित्यमा सम्मानित भएको छ । अन्य काव्यरूपको तुलनामा यसमा जीवनको सुसंबद्ध चित्र अङ्कित गर्न शक्ति र जीवन दर्शनको अभिव्यक्ति गर्ने क्षमता बढी हुन्छ । साहित्यकार रवीन्द्रनाथ ठाकुरले मेघनादवधको भूमिकामा महाकाव्य सम्बन्धी आफ्नो धारणा यरी व्यक्त गरेका छन्- मनमा जब एक वेगवान अनुभवको उदय हुन्छ तव कति यसलाई काव्यमा प्रकट नगरिरहन सक्दैन । यसप्रकार कवि कल्पनामा मनुष्य चरित्रको उदार महत्त्व देखा पर्दछ । यसै बाट उदीप्त भई परम पुरुषको महता प्रतिष्ठापित गर्न कवि भाषाको मन्दिर निर्माण गर्दछ जसको भित्तो पृथ्वीका भित्री अन्तरदेशमा रहन्छ । त्यस मन्दिरमा प्रति स्थापित प्रतिमा देवभावले मुग्ध भएर त्यसको पुण्य किरणले अभिभूत हुन्छ । जसलाई देश देशावरले प्रमाण गर्दछन्, यसैलाई महाकाव्य भनिन्छ (ठाकुर, २०१३ : १३७) ।

भारतीय साहित्य कोशमा महाकाव्यको परिभाषा यसरी दिइएको छ - महाकाव्य त्यो छनदोवद्ध कथात्मक काव्यरूप कथा प्रवाह या अलंकृत वर्णन अथवा मनोवैज्ञनिक चित्रणले युक्त सुनियोजित, साङ्गोपाङ्गो, जीवन्त लामो कथानक रहन्छ (पर्वतीय, १९९६ : ६८५) ।

साहित्यकार सुमित्रानन्दन पन्तको **तारकवध** महाकव्यको प्राक्कथनमा दिएको लेखलाई गणेश कुमारी तिमल्सिनाले यसरी प्रस्तुत गरेकी छन् - महाकाव्यको निर्माणमा कवि आफ्नो समस्त जीवनको व्यापक, गंभीर , सुक्ष्म, बहुमुल्य अनुभुतिहरूलाई मानव-कल्याणको लागि उपयोग एवं कलात्मक प्रयोग गर्दछ । उभित्र (कविभित्र) देश, जाति या विश्व मानवताका अनेक पिढीहरूको जीवनसत्य निवास गर्दछ । पन्तले यही मान्यालाई पुनः संक्षेपमा यसरी प्रस्तुत गरेका छन् - महाकाव्य मानव सभ्यतका संघर्ष तथा संस्कृतिक विकासका जीवन्त पर्वताकार दर्पण हो जसमा आफ्नो मुख देखेर मानव आफुलाई पहिचान गर्न समर्थन हुन्छ (तिमल्सिना, २०६३:३०) ।

यसरी भारतीय विद्वान तथा समालोचकहरूमा महाकाव्यसम्बन्धि मान्यताहरूको अध्ययन गरी निष्कर्षमा भन्दा - महाकाव्य त्यो छन्दोवद्ध, अलङ्कारयुक्त, कथात्मक काव्यरूप हो जसमा कति आफ्नो समस्त युगजीवनको व्यापक, सुसम्बद्ध, गम्भीर एवं महमूल्य अनुभूतिहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ ।

## ४.१.४ नेपाली समालोचकका मान्यता

महाकवि देवकोटाले महाकव्यका औपचारिक परिभाषा नदिएपनि यसको वारेमा छोटो चर्चा गरेका छन्- साधारण सामाजिक औपन्यसिक सामग्री र युक्तिको कल्पनाद्धारा रचना गरिएको कविता- उपन्यास जसलाई महाकाव्य भन्ने धारणा समभकको उपाधि हो (देवकोटा, २०४६ : क) ।

यसैगरी साहित्यकार बालकृष्ण समले कहाकाव्यमान्यता यसरी प्रस्तुत गरेका छन्- संलग्न रूपले लेखिएका धेरै कविताहरूको समग्रह नै महाकाव्य हो । त्यसमा कविले विभिन्न छन्द, रस, अलङ्कार, शैली तथा विषयमा आफ्नो कविता प्रदर्शित गरेको हुन्छ (सम,२०३१ : १) ।

समको यस परिभाषले एउटा सिङ्गो कथानकलाई अगाल्न सकेको देखिँदैन । शरिरनै अपाङ्ग भएपछि जति सुकै वस्त्र आभूषणलै छोपे पनि त्य अपाङ्गनै रहन्छ, पूर्ण बन्न सक्दैन

अन्य अवयव (छन्द, रस, अलङ्कार, शैली आदि) हुनुपर्दछ भनेकाले उनको यो परिभाषा काव्य लक्षणको नजिकै रहेको बुझिन्छ ।

महाकाव्यको परिभाषा भनेर नभनेका भए पनि प्रवन्धकाव्यको श्रेणी विभाजनको क्रममा महाकाव्यको छोटो परिचय यसरी दिएका छन् - आदि अन्त (उठान बैठानं) दुवै भई पूर्ण रूपमा रहेको, विशाल आकार भएको चाहिँदा विशेष लक्षणले सम्पन्न काव्य महाकाव्य भनेका छन् (सिग्देल, (२०५८:९०) ।

अर्का समालोचकका अनुसार सामयिक-सामाजिक धरातलमा टेकेर मानसिक-भवनात्मक र वैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता - छविद्वारा जीवनका विस्तृत व्यापक-अझ विराट अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो (त्रिपाठी, २०२७ : १०९) ।

महाकाव्य कविताको यस्तो एउटा बृहत रूप हो जहाँ विविध जीवन सङ्घर्षको चित्रण, संस्कृति, समाज र जीवनका विभिन्न पक्षहरूको सम्यक उद्घाटन, कविको कल्पना र विचारधाराको उदात्तरूप, परस्पर सम्बन्ध, सुसंगठित कथावस्तु, जीवन्त क्रियाशिल पात्र विधान र गरिमामय शैली हुन्छ । एक प्रकार कवितात्मक उपनयास नै महाकाव्य हो

(न्यौपाने, २०४९ :१०७) ।

महाकाव्यका सम्बन्धमा निम्न भाव व्यक्त गरेका छन- कुनैपनि काव्य कृतिको गुणस्तरको मापन गर्दा कृतिगत यी तीन पक्षका शक्तिी र कमजोरीको मात्रालाई माप-आधार बनाउन सकिन्छ : १. महाकाव्यतमक लमाई र गहिराईका आयामको पुष्टता, २ वृहत आख्यान- संरचना र कवितासंरचनाको सन्तुलनमा आधारित महाकाव्यत्मक प्रवन्धको परिपाकपूर्ण प्रभावकारीता र ३. कविताका लय, उक्ति, भावशैली, बिम्बालङ्कार, प्रतीक - व्यञ्जनाका समष्टि परिपाकमा आधारित कवित्वशक्तिको महा-काव्यत्मक प्रसार र गहिराई/उचाइ यी तीन वटै मुख्य पक्ष सँग सम्बन्धित माप आधारबाट हेर्दा महाकाव्य देखापर्ने गुणदोष र प्रभावकारिताबाट बनोको काव्य महाकाव्य हो (अवस्थी, २०६४:३४) ।

नेपाली बृहत शब्दकोषले महाकाव्यको परिभाषा यसरी दिएको छ - काव्यशास्त्र अनुसार कथासुत्रमा आबद्ध प्रख्यात विषयवस्तुमा आधारित सर्गबद्ध तथा रसयुक्त ठुलो गहन काव्य भनी महाकाव्यलाई परिभाषित गरेको छ (पोखरेल, २०५२ : ३४) ।

त्यसै गरी नेपाली कविता भाग -४ मा महाकाव्यको परिभाषा यसरी गरिएको छ - महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत् तथा बृहत्तर⁄ बृहत्तम रूपमा कवित्वको प्रधान्य रहने गरी आख्यानका माध्यामबाट समग्र जीवनभगत्को विस्तृत कथन प्राय : सर्गबद्ध बृहत भाषिक संरचनाद्धारा गरिन्छ । महाकाव्यका रचनामा विपुल लयप्रवाह र विशाल भावराशि तथा समग्र जीवनगत्को आख्यानीकरण र बृहत भाषिक संरचनामा मुख्य चारपक्षका रूपमा रही यीनले कवित्वको विस्तृति र व्यक्तित्वका साथै धनत्त्वलाई अभिव्यक्ति गर्दछन् (त्रिपाठी, २०४६ : ९१-९२) ।

यही क्रममा समालोचक कृष्ण गौतम (२०५५ .३) ले यसरी आफ्नो मान्यता प्रस्तुत गरेका छन् - कविताको सानो विधा मुक्तक हो भने ठुलो विधा महाकाव्य, तर कुनै कृतिले ठूलो हुँदैमा महाकाव्यका अभिधन पाउँदैन । महाकाव्यका निम्ति उच्चता हुनुपर्दछ, गरिमा हुनुपर्छ र एउटै शब्दमा भन्ने हो भने गाम्भीर्य हुन्छ ।

प्रयोगात्मक नोपाली शब्दकोशले महाकाव्यलाई प्रायः प्रसिद्ध कथामा आधारित आठभन्दा बढी सर्गको विविध छन्द वा शैलीमा लेखिएको जीवनको महत्त्वपूर्ण पक्षलाई प्रकाश पार्ने कवित्त्वपूर्ण रचना, लामो काव्य, वृहत काव्य भनेको छ (अधिकारी, २०६१ : ७९१) ।

## ४.१.५ महाकाव्य - मान्यताको तुलाना र निचोड

पूर्वीय महाकाव्य - मान्यतामा भामह र पश्चिमी महाकाव्य मान्यतामा अरस्तुका मान्यताहरूलाई आधिकारिक मानेर अर्थात् उनीहरूकै परिभाषाको जगमा रहेर उत्तरवर्ती अन्य समीक्षाहरूले महाकाव्य सम्बन्धि विचारहरू प्रस्तुत गरेका छन । महाकाव्यमान्यताका सम्बन्धमा कतिपय मान्यता पूर्व र पश्चिम दुवैतिरका मिल्दाजुल्दा देखिन्छन् । दुवैतिरका महाकाव्य मान्यतामा रहेका रागन्तलाई स्वीकार्दै पश्चिमी विद्वान भ्याक्निल डिक्सनको मान्यतालाई गणेश कुमारी तिमल्सिनाले यसरी प्रस्तुत गरेकी छन् - महाकव्य सर्वत्र एकै प्रकारको हुन्छ, यो चाहे पूर्वको होस् या पश्चिमको, उत्तरको होस् वा दक्षिणको, यसको प्रकृतिक सामना किसिमको हुन्छ । महाकाव्य जहाँ लेखिए पनि यो एउटा कथात्मक काव्य हो । यसमा महान् चरित्र अर्थात महान् कार्य चित्रित हुन्छ । यसको शैली विषयको व्यापकताको अनुकुल हुन्छ । यसले चरित्र अर्थात कार्यलाई आदर्श रूपमा चित्रण गरी घटना तथा वर्णनद्वारा कथात्मक वैभवको अभिबृद्धि गर्दछ (तिमल्सिन, २०६३ : ३२) ।

राममणि रिसाल (२०५८ :९) ले पूर्वीय महाकाव्यकारका बारेमा दिइएको निष्कर्षमा यसो भनेका छन्- कथानकको सम्बन्धमा आचार्य भामह महान् व्यक्तिको महान् चरित्रनै आवश्यक हुन्छ भन्ने ठान्दछन् । अझ दण्डीले कल्पित कथाननकको निशेष गर्दै इतिहास प्रसिद्ध कथा हुनुपर्ने कुरोमाथि जोड दिएर एक पाइला अगि बढेका छन् । भामहले कठिन शब्दको प्रयोग निशेध गरेका छन् । भामहको परिभाषामा नयक शब्दको उच्चताको उल्लेख छ । तर दण्डीकोमा प्रतिनायक पनि उदत्त एवं अक्षुद्र हुनुपर्दछ भन्ने जोड दिएका छन् । दण्डीले रस प्रतिको झुकाव देखाएका छन् भने विश्वनाथले रसको प्रमुखतालाई अगाडि सारेका छन् । कथानक पाँच सन्धिले सम्बद्ध तथा सुनुयोजित हुनुपर्ने कुरामा भामह र विश्वनाथमा क्रमशः युसगानुसार काव्य परिभाषाको परिवर्तन भएको भेटिन्छ शताब्दीको भिन्नता र जीवनको विकासक्रमले काव्य मान्यतामा हेरफेर पाइनु स्वभाविक हो ।

महाकाव्यको कथानकका सम्बन्धमा देवगाथा, तीरगाथामा आधारित प्रख्यात ऐतिहासिक वा सत्पुरुषसम्बन्धि कथानक हुनुपर्ने मान्यता पूर्वमा रहेको छ भने पश्चिममा पनि अरस्तुले इतिहास प्रसिद्ध वा दन्त्यकथामा आधारित गरिमायुक्त कथा वस्तु हुनपर्ने मान्यता राखेका छन् जुन पूर्वसँग मिल्ने देखिन्छ । त्यस्तै कथा वस्तुको आयाम विस्तृत वा वर्णानात्मक हुनुपर्ने, प्रासङ्गिक वा अवान्तर कथाहरू समावेश गरिनुपर्ने कुराको उल्लेख भएकाले कथावस्तुको आयामसम्बन्धि मान्यत पनि दुवै तर्फको समान किसिमको भएको पाइन्छ । त्यस्तै पूर्वमा पञ्चसन्धिसम्बन्धिसमन्वित कथानक हुनुपर्ने मान्यता छ भने पश्चिममा पनि नाटकीय गुणयुक्त कथानक हुनुपर्ने मान्यताले नाटकीय वस्तु सङ्गठनलाइनै संकेत गरेको देखिन्छ । पूर्वीय मान्यतमा रहेको आदि, अन्त्येको क्रम पूर्ण रूपमा मिलेको हुनुपर्ने मान्यतासँग आदि मध्य र अन्त्य मिलेको हुनुपर्ने मान्यता मिल्ने देखिन्छ ।

पूर्वीय महाकाव्य मान्यता अनुसार सर्गसम्बन्धी मान्यता जस्तै आठ भन्दा बढी सर्ग हुनुपर्ने सर्गको अन्त्यमा छन्द परिवर्तन गर्नु पर्ने, सर्ग धेरै लामा धेरै छोटा पनि नभई ठिक्कको हुनुपर्ने, सर्गको अन्त्यमा आगामी सर्गको कथाको सूचना हुनुपर्ने आदिको चर्चा भने पश्चिमी मान्यतामा गरिएको पाईदैन ।

महाकाव्यको नायकसम्बन्धि मान्यत पनि दुवैतिरको मिल्ने देखिन्छ ( दुवैतिर नायक देवता वा कुलीन क्षत्रिय हुनुपर्ने, एकै वंशका एक वा अनेक हुनसक्ने मान्यताम रहेको छ भने नायकका गुणहरूमा धीरोदत्त, भद्र, समृद्धशाली, पराकमी, चरित्रवान आदि जस्ता सर्वगुण सम्पन्न हुनुपर्ने कुरा पनि दुवैतिर स्वीकारिएको छ । पूर्वमा नायकको वंश प्रशंसा

पनि गरिनु पर्ने र प्रतिनायक पनि उदात्त किसिमको हुनुपर्ने कुराको चर्चा गरिएको छ, जुन पश्चिमी मान्यतामा पाइँदैन । त्यस्तै पश्चिममा अरस्तुले नायकको व्यक्तित्वमा कुनै न कुनै सानो चरित्रदोष हुनुपर्ने जसले गर्दा महाकाव्यलाई दुःखान्त मा पुऱ्याउन मदत गर्दछ भन्ने मान्यता प्रस्तुत गरेका छन् तर त्यो कुरा पूर्वतिर पाइनदैन ।

महाकाव्यको उद्देश्यका सम्बन्धमा पनि पूर्व र पश्चिमको मान्यता धेरैजसो मिल्ने देखिन्छ । पूर्वमा भामह र दण्डीले चतुर्वर्ग फलप्राप्तमा महाकाव्यको उदेश्य केन्द्रीत हुनु पर्दछ भनेका छन् भने विश्वनाथले चाँहि चतुर्वर्ग फलमध्ये कुनै एउटालाई मुख्य उद्देश्य मान्नुपर्ने मान्यता राखेका छन् । पश्चिम्मा अरस्तुले मानव मनका आवेगहरूको दमन गर्न, मन : शान्ति दिने किसिमको उदेश्य महाकाव्यको हुनुपर्दछ भनेका छन् जुन मान्यता चार पुरुषार्थ मध्येको मोक्षसँग सन्निकर देखिन्छ ।

भाषाशैलीका सम्बन्धमा पूर्वमा अग्राम्य तथा सुन्दर भाषाको प्रयोग भएको अलंकृत शैली महाकाव्यका लागि उपयूक्त ठानेका छन् । भने अरस्तु प्रसादगुणयूक्त भाषाको प्रयोग भई कलात्मक, उदत्त एवं गरिमामय शैलीलाई उपयुक्त ठान्दछन् । यसरी भाषशैली सम्बन्धि मान्यता पनि पूर्व र पश्चिमको मिल्ने नै देखिन्छ ।

पूर्वीय महाकाव्यमान्यतामा दण्डीले श्रृङ्गार वा वीर रस अङ्ग र अन्य रस, अङ्गीरसका रूपमा प्रयोग गरिनुपर्छ भनेका छन् भने विश्वनाथले श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एउटा रस अङ्ग - रस र अन्य अङ्ग वा अप्रधान रसका रूपमा प्रयोग गरिनु पर्ने मान्यता राखेका छन् । पश्चिमी मान्यता अनुसार महाकाव्य दुःखान्त हुनुपर्नै भएकोले करुण रसलाई मान्यता दिएको देखिन्छ ।

पूर्वीय र पाश्चात्य महाकाव्यमान्यतालाई केलाएर हेर्दा पश्चिमी विभिन्न विद्युत, समीक्षकहरूमा मान्यताहरूको अध्ययन गरी निष्कर्षमा महाकाव्यलाई यसरी चिनाउन सकिन्छ सर्गबद्ध, नाटकीय पञ्चसन्धियुक्त र महत्त्वपूर्ण कथानक भएको, युगजीवन तथा प्रकृतिका विविध रूप तथा पक्षहरूको चित्रण गरिएको समृद्धशाली, विशिष्ट गुणयुक्त उच्च, कुलिन, एक वा अनेक नापको समृद्ध  देखाइएको, ग्रन्थारम्भ मङ्गलाचरणबाट भएको चतुवर्गफलमध्ये कुनै एउटा मुख्य उद्देश्य रहेको विशिष्ट शैलीयुक्त , छन्दोबद्ध, कविताको वृहत रूपलाई महाकाव्य भनिन्छ ।

## ४.२ महाकाव्यका तत्त्वहरू

कविताको बृहत् वा बृहत्तम रूप महाकाव्य हो । महाकाव्य हुनका निम्ति विभिन्न आवश्यक तत्त्वहरूको विवेचना पूर्व र पश्चिमका विद्वानहरूले गरेका छन् । तिनै चिन्तनका आधारमा महाकव्यका तत्त्वहरूको लेखाजोख ागर्न सकिन्छ । महाकाव्यको परिभाषा गर्ने क्रममा पूर्वीय आचार्य भामहदेखि विश्वनाथसम्मका महाकाव्य - मान्यता अनुसार महाकाव्यका तत्त्वहरू (१) कथाना (२) चरित्र चित्रण (३) भाषशैली (४) देशकाल परिवेश (५) उदेश्य र (६) रस गरी मूलतः ६ वटा मोनको देखिन्छ भने पश्तिममा आचार्य अरस्तुको महाकाव्य- मान्यतामा जति अन्य विद्वाहरूका मानयतामा महाकाव्यतत्त्वको स्पष्ट चर्चा पाइदैन । त्यसकारण अरस्तुकै महाकाव्य मान्यतालाई आधार बनाएर पश्चिमी महाकाव्यका तत्त्वहरू- (१) कथावस्तु (२) चरित्र (३) विचार - तत्त्व र (४) पदावली वा भाष गरी चारवटा छन् ।

यी वाहेक अन्य विभिन्न विद्वान तथा समालोचकहरूले पनि महाकाव्य - मान्यता प्रस्तुत गर्ने क्रममा महाकाव्य तत्त्वको पनि चर्चा गरेको छन् । टंकप्रसाद न्र्यापानेले पूर्वी, पश्चिमी दुवै महाकाव्यका तत्त्वहरू निम्न मानेका छन् - (१) प्रबन्धात्मकता (२) सर्गबद्धता (३) संगठित महान् र व्यापक विषय वस्तु (४) क्रियाशील महत्त्वपूर्ण चरित्र (५) युग र संस्कृतिको दर्पण (६) (क) कलात्मक अभिव्यक्ती (ख) गरिमामय शैली (७) प्रकृति चित्रण (८) साङ्गरसपरिपाक (९) महान् उदेश्य पश्चिमी महाकाव्यका तत्त्वहरू - (१) कथावस्तु (२) चरित्र (३) पद-रचना र (४) विचार तत्त्वलाइए मानेका छन् (आचार्य, . २०४९ : १०७-११५) ।

नेपाली कविता भाग ४ मा कविताका भेद मुक्तकदेखि महाकाव्यको स्वरूपलाई ध्यानमा राखी कविताका घटकतत्त्व निम्न देखाइएका छन् जसमा (१) शीर्षक, (२) संचना (३) लयविधान (४) भाषशैली (५) कथन पद्धति (६) निलम्बितविधान तथा अन्य अलङ्करण प्रविधि, (७) केन्द्रय कथ्य वा मावविधान, (९) विधागत स्वरूप तथा आयम पर्दछन् (त्रिपाठी, २०४६ : १७) । नेपाली कविता भाग ४ कै अर्को ठाउँमा कविताका बृहतदेखि बृहत्तम रूपसम्म्का आआफ्ना अपेक्षित आयामअनुरूप महाकाव्यमा देखापर्ने मुख्य तत्त्वहरू (१) वद्ध वा मुक्त विपुल लय प्रवाह (२) जीवन जगतको समग्रतालाई व्यक्त गर्न विशाल भावराशी, (३) तदनुरूप आख्यानीकरण (१) कथानक (२) पात्रविधान (३) स्थान, काललगायत

प्राकृतिक एवं सामाजिक परिवेश (४) प्रयाः सर्गबद्ध भाषशैली गत विस्तृत संरचना छन् (त्रिपाठी, २०४६ : ९२) ।

यसैगरी मोहन हिमांशु थापाले महाकाव्यका निम्न तत्त्वहरू मानेका छन् (१) कथा (२) शिल्प (३) नायक (४) रस (५) उदेश्य र (६) भाषा आदि देखाएका छन् ( थापा, २०४२ :४६-४७) ।

यसैगरी महादेव अवस्थीले महाकाव्यका अत्यन्त आवश्यक तत्त्वहरू देखाएका छन् (१) सर्गबद्धता (२) महान पात्र, पत्रविधान (३) महत अर्थः पञ्चसन्धियुक्त प्रख्यात वा कल्पित सदाश्रित सुखान्त कथा वस्तु (४) विविध काव्यस्थानको चित्रणः परिवेश विधान, (५) छन्दोबद्धता, (६) रसाभिव्यक्ती (७) चतुर्वर्गको चित्रणः उदेश्य (८) अलङ्कृत भाषशैली र (९) नामाकरण शिर्षकरण आदि देखाएका छन् (अवस्थी, २०६४ : २०) ।

यसै गरी बुनु लामिछानेले देखाएका महाकाव्यका तत्त्वहरूमा- (१) कथानक, (२) चरित्र, (३) वर्णन वा परिवेश (४) उदेश्य र (५) भाषशैली आदिले चार्चा गरेकी छन् (लामिछाने, २०५६ :२३) ।

त्यसैगरी सुभद्रा थापाले महाकाव्यका लागि मानेका मुलभुत तत्त्वहरूमा (१) कथानक, (२) चरित्र (३) वर्णन वा परिवेश (४) उदेश्य (५) रस, (६) सर्गविधान, (७) छन्द विधान, (८) भाष-शैली चर्चा गरेकी छन् (थापा, २०६१ : ३५) ।

त्यसै गरी गणेश कुमारी तिमल्सिनाले महाकाव्यका निम्न तत्त्वहरूको चर्चा गरेकी छन् - (१) कथानक (२) पात्र वा चरित्र (३) परिवेश (४) सर्गबद्धता (५) रस/ भाव, (६) छन्द वा लय (७) भीग्न दर्शन, (८) भाषशैली र (९) उदेश्य आदिको चर्चा गरेकी छन् (तिमल्सिन, ३०६३ : ३६) ।

यसरी महाकाव्यका - मान्यताका सम्बन्धमा विभिन्न पूर्वीय, पशिचमी, नेपाली विद्वानहरूका मान्यताहरूको अध्ययन गर्दा महाकाव्यका निम्नलिखित तत्त्वहरूलाई लिन सकिन्छ ।

(१) कथानक,

(२) पात्र वा चरित्र,

(३) सर्गबद्ध,

(४) परिबेश,

(५) रस/भाव,

(६) छन्द वा लय,

(७) शीर्षकीकरण/शीर्षक विधान,

(८) जीवनदर्शन,

(९) भाषाशैली र

(१०) उद्देश्य ।

### ४.२.१ कथानक

पत्रकारद्वारा गरिने कार्य र यही कार्य गर्ने क्रममा घट्ने घटना कथा हो । यो कथात्मक प्रकरणहरूको समन्वय हो र यसमा घटना र क्रियाकलाप अन्योन्यश्रित हुनन्छन् । एउटा सिङ्गो कथाको महाकाव्यलाई आदि देखि अन्तसम्म डोऱ्याँउछ भने यसमा रोचकता प्रदान गर्नका लागि बीच-बीचमा अवान्तर कथाहरू पनि अउन सक्छन् । कथानक कार्य-कारण शृङ्खलामा आवद्ध हुनुपर्दछ । पूर्वीय काव्यशास्त्रीय मान्यताअनुसार महाकाव्यको कथानक ऐतिहासिक, पौराणिक तथा कवि कल्पित विषय वस्तुमा आधारित हुनसक्छ । यसमा संस्कृतिक-सभ्यताका साथै प्रकृतिका विविध पक्षहरूको पनि चित्रण हुनुपर्दछ । पश्चिमी विद्वान अरस्तुको मान्यता अनुसार महाकाव्यको कथानक जातीय दन्तकथामा आधारित हुन्छ । कथावस्तुमा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको हुनुपर्दछ । यसमा आफ्नो सीमालाई विस्तार गर्ने क्षमता रहन्छ र यसमा पुर्वापरक्रम, सम्भाव्यता तथा कौतुहलता हुनुपर्दछ (तिमल्सिना, २०६३ : ३६ ) ।

### ४.२.२ पात्र वा चरित्र

आख्यानलाई सवल बनाउनका लगि पात्र-योजनाको पनि जरुरी पर्दछ । कथानकलाई अघि बढाउने कार्य पात्रद्धारा हुन्छ । महाकाव्य पात्र वा चरित्रका कार्यव्यार प्रस्तुत गर्नुपर्दछ भन्ने मान्यता पूर्वीय र पश्चिमी काव्यशास्त्रमा स्थपित छ । महाकाव्य काव्यका नायक दवता, सद्वंशको, क्षेत्रीय, महान हुनुपर्दछ भन्ने पूर्वीय धारण रहेका छ । कव्यमा सज्जन दुर्जन सबै किसिमका पाात्रहरू हुनुपर्दछ भन्ने देखिन्छ । नायक भने त्यागी, पुरुषार्थ, यौवन, , उत्साह आदिले भरिएको धीरोदत्त हुनुपर्ने कुरामा पूर्वीय आचार्यहरूले जोड दिएका छन् (आचार्य, २०६२ : ४९) ।

पूर्वीय प्रथम महाकाव्य चिन्तक भामहले नै महाकाव्यम महान पात्र अपेक्षित रहने मान्यता स्थापित गरेका छन् उत्तरवर्ती आचार्य दण्डीले महाकाव्यको प्रमुख पात्र चतुर-उदात्त हुनुपर्ने भनेका छन् भने विश्वनाथले देवता, ुदवंशी, क्षत्री, धीरोदत्त कुलीन राजा वा एक वंशका क्रमिक धेरै राजा मध्यबादै महाकाव्यको नायक चयन गरिनु पर्ने मान्यता अघि सारको पाइन्छ । त्यस्तै रुद्रटले महाकाव्यको नायक वीर, विजयाकाङ्क्षी, नितिज्ञ, व्यबहारकुशल एवम् सर्वगुणले र शक्तिले सम्पन्न हुनुपर्दछ भनि उल्लेख गरेका छन् । (अवस्थी, २०६४ : २०८) ।

यसरी सवै विद्वानहरूले महाकाव्यको नायकका लक्षणबारेमा आ-आफ्नो व्यय विचार जे जसरी प्रकट गरेको भए पनि आमहले सङ्केत गरेका पात्रगत महानताको दृष्टिनै महाकाव्यात्मक पात्र विधानसम्बन्धी पूर्वीय आधारभूत स्थापना हो । आधुनिक समयमा महाकाव्यको नायक देवता कुलीन राजाका एक वा एक वंशका धेरै हुने पूर्वीय मान्यतामा परिवर्तन भएको छ ।

## ४.२.३ सर्गबद्धता

महाकाव्यमा विराट तथा वृहत कथावस्तु र व्यापक परिवेशलाई समेटिने भएकाले यसलाई क्रमबद्ध तथा श्रृङ्खलाबद्ध बनाउनकालगि सर्ग-सर्गमा विभाजन गरिएको पाइन्छ । युग जीवनको कुनै एउटा महत्त्पूर्ण घटना वा प्रसङ्गलाई एउटा सर्गमा चित्रण गरिन्छ भने महाकाव्यले प्रस्तुत गर्ने जीवन तथा जगतका घट्नाहरू विविध हुन्छन् र तिनलाई नै सर्ग-सर्गमा विभाजित गरेर उल्लेख गरिन्छ । महाकाव्यको कथानकलाई प्रभावकारी बनाउनका निम्ति अनान्तर वा प्रासङ्गिक कथाहरू पनि यसमा आउन सक्छन् । पूर्वीय काव्यशास्त्रीहरूले महाकाव्य सर्गबद्ध हुनुपर्दछ र तयसमा आठभन्दा कम र तीस भन्दा बढी सर्ग हुन नहुने मान्यता राखेका छन् । प्रसङ्गअनुसार सर्गको नामाकरण पनि गर्न सकिन्छ । भन्ने पूर्वीय आचार्यहरूको विचार पाइन्छ भने पश्चिममा सर्गसमबन्धी कुनै मान्यता पाइदैन ।

## ४.२.४ परिवेश

महाकाव्य कथानकलाई सशक्त र सजीव बनाउनका लागि देश-काल, वातावरण परिवेशको महत्पूर्ण भूमिका रहन्छ । महाकाव्यमा कुनै समाजिक यथार्थता प्रस्तुत गर्ने किसिमको कथा छ भने सामाजिक जीवनबाट नै पात्रहरू लिएर समय, स्थान र वातावरणको प्रयोग गरे असंख्या बढी स्वभाविक बन्दछ । पात्रले भोगेको जीवनजगत् प्रस्तुत

गर्ने भावभूमि नै परिवेश हुने भएकाले पात्रको व्यक्तित्व, परिवार, पारिवरिक पृष्ठभूमि, सामाजिक परम्परा, प्रकृतिक, पात्रले व्यवहार गर्ने भाषा, भाषिका आदि कुरा परिवेशद्धारा प्रभावित हुन्छन् । महाकाव्यमा समग्र जीवनको चित्रण गर्न समय समाज व्यवस्थाको निरूपण, सभ्यताको विकासको वर्णन, राष्ट्रिय मर्यादको स्वरूपहुन तथा पर्व, परम्पराहरू जस्ता देशका सांस्कृतिक पक्षहरूलाई पनि प्रस्तुत गरिन्छ (गुप्त, १९६८ : ४१) ।

पूर्वीय महाकाव्यीय मान्यता अनुसार महाकाव्यमा स्वर्गदेखि धर्ती सम्मको र धर्तीदेखि स्वर्ग सम्मको परिवेश अगालिने हुँदा माहकाव्यको परिवेश व्यापक हुनुपर्छ भन्ने बुझिन्छ (विश्वनाथ, १९८८ : ३५४) ।

## ४.२.५ रसभाव

पूर्वीय साहित्य र पश्चिमी साहित्य शास्त्रीहरूले महाकव्यको एक तत्त्वका रूपमा रसभाव औंल्याएको पाइन्छ । काव्यको मूललक्ष्य हो पाठको चित्तवृति काव्यमा केद्रित गराएर निर्लिप्त पार्नु, रसानुभूति गराउनु । कुशल कविका वर्णनबाट पाठक पनि प्रभाति भई काव्यका पात्र-पात्रमा घटेका घटनालाई आफ्नै जीवनमा घटित भन्ने सम्झी त्यसै अनुकुल भाव-उदबुद्ध भई आफ्नो वरिपरिको अन्य वातावरणबाट मुक्त हुँदै काव्यरसमा नै आफूलाई भुल्दछ, काव्यको तन्मय भएर आस्वादन गर्दछ । यसबाट थाहा हुन्छ रस त्यो बस्तु हो जुन अस्वाद्य हुन्छ अर्थात् जुन कृति पढेर, हुरेर वाा सुनेर पाठक, दर्शक वा श्रोताका मनमा लुकिरहेका प्रेम, करुण, हास, उत्साह, क्रोध, भय जस्ता भावहरू अनुकूल परिस्थिति र संयोगबाट प्रकाशित हुन्छन् र तिनीहरूबाट विशेष प्रकारको आनन्द अनुभूति हुन्छ भने त्यही नै रस हो (न्यौपाने, २०४९ : ११२) ।

पूर्वीय मान्यता अनुसार अङ्गी रसका रूपमा चाहिँ शृङ्गार, वीर र शान्तरसमध्ये कुनै एउटालाई प्रयोग गर्नु पर्दछ भन्ने पूर्वीय मान्यता देखिन्छ तर पश्चिममा महाकाव्य दुःखान्त हुनुपर्छ भन्ने मान्यता भन्ने भएकोले त्यहाँ करुण भावलाई पनि मान्यता दिएको पाइन्छ । मानव जीवनमा विविध उथलपुथहरू आइरहने वा विविध प्रकारका घटनाहरू घट्ने भएकोले विविध भावहरूपनि संरचित भइरहन्छन् । मानवहृदयमा रहेका विविध संवेदनाहरूलाई महाकाव्यमा जीवन्त रूपमा अभिव्यञ्जित गरिने भएकाले यसमा सम्पूर्ण रसभावहरू अभिव्यक्त भएका हुन्छन् । जसमा श्रृङ्गार, वीर र शान्तरस मध्ये कुनै एउटा परिपाकको अवस्थामा पुग्दछ र अनयरस अङ्गरसका रूपमा रहेका हुन्छन् । यसरी रसभावले

महाकाव्यलाई बढी आस्वाद्य र सुबोध्य तुल्याउने भएकोले उसलाई एउटा अनिपार्य तत्त्वको रूपमा लिइन्छ ।

### ४.२.६ छन्द वा लय

महाकाव्य पदप्रबन्धात्मक रचना भएकोले पूर्वीय चिन्तनका सनदर्भमा यसको एक आधारभूत तत्त्व छन्द वा लय हो भन्ने कुरा निर्विवाद रहेको पाइन्छ । भामहले महाकावयलाई बृतान्त (छन्दोबद्ध) रचनाकै रूपमा चिनाएका छन् भने दण्डी तथा विश्वानाथले महाकाव्यात्मक छन्दोबद्धताका खास प्रकृतिको पनि उल्लेख गरिदिएका छन् । दण्डीका अनुसार महाकाव्यको प्रत्येक सर्ग एक छन्दमा रचिनुपर्दछ र मर्गान्तमा चाँहि छन्द परिवर्तन गरिनुपर्छ भनेका छन् । विश्वनाथको अनुसार एकै सर्गमा पनि नाना छन्दको प्रयोग गर्न सकिन्छ र सर्गान्तमा छन्द-परिवर्तन गर्नु आवश्यकनै छ भनेका छन् । महाकाव्यमा अनेक थरी ढाँचाका छन्दको प्रयोग गरिने र त्यो छन्द प्रयोग रसभावानुसार औचित्यपूर्ण हुनुपर्ने सङ्केत पनि पूर्वी साहित्य शास्त्रमा पाइन्छ ।

### ४.२.७ शीर्षक विधान

पूर्वीय शास्त्रीमध्ये विश्वनाथले महाकाव्यको नामाकरणका बारेमा पनि सङ्केत गरेको पाइन्छ । नाम, शीर्षक प्रत्येक साहित्यक कृतिका सिरान वा आरम्भमा रहने त्यस्तो चिन्ह हो जसमाका सहायताले नै सो कृतिलाई चिन्ने चिनाउने गरिन्छ । प्रत्येक महाकाव्यात्मक कृतिको पनि नाम शीर्षक हुन्छ र त्यसैले नामाकरण पनि महाकाव्यको परिचयक तत्त्व बनेको हुन्छ । विश्वनाथका विचारमा महाकाव्य - ग्रन्थको नाम त्यसको कति वा नायक वा प्रतिनायकका नाम वा कथात्मक घटनामा आधारित हुनुपर्छ भन्ने मान्यता रहेको छ र पाश्चात्यमा खास यस्तो मान्यता पाइदैन (अवस्थी, २०६४ : २५) ।

### ४.२.८ जीवनदर्शन

कुनै पनि साहित्यकार कुनै न कुनै विचार तथा दर्शनबाट प्रभावित भएको हुन्छ । कुनै पनि कृतिमा लेखकले आफ्नो विचारलाई विभिन्न पात्र तथा चरित्रका माध्यमबाट व्यक्त हुन्छ । लेखकको यही भाव वा विचार नै जीवनशर्दन हो । माकाव्यमा कविले यस्तो भाव वा विचार स्वम् व्यक्त गर्दछ वा कुनै पात्रका माध्यमबाट व्यक्त गर्दछ । महाकाव्यमा महाकाव्यकारले कतै भौतिक जीवनदर्शनबाट प्रभावित भई आफ्नो विचार प्रकट गर्दछ ।

यस्ता जुनसकै विचार प्रकट भएपनि त्यो मान्छेको युग जीवनलाई डोऱ्ययाउन सक्ने किसिमको हुनुपर्दछ र मान्छेको यथार्थ जीवनसँग सम्बन्धित हुनुपर्दछ । मान्छे एक चेतनशील र मर्यादित प्राणी भएकाले मानवीय अनुशासन, नैतिकता तथा मानवतावादी भाव महाकाव्यमा प्रकट गरिनु पर्दछ (तिमल्सिना, २०६३ :३९) ।

## ४.२.९ भाषाशैली

महाकाव्यको भाषा उच्च तर सरल हुनुपर्दछ । अति परिष्कृत र अति न्युन स्तरको भाषले महाकाव्यको गरिमा माथि उठ्न सक्दैन । महाकाव्यको भाषाको सम्बन्धमा विश्वनाथ मौन छन् । महाकाव्यको लागि शिष्ट र नागरजनमा प्रयुक्त हुने भाषा हुनुपर्दछ भन्ने कथन छ । हेमचन्द्रले लोक मनोरञ्जन नै महाकाव्यको गुण बताएका छन् । हेमचन्द्रको उक्त कथनबाट महाकाव्यको भाषामा सहजता र सरलता हुनुपर्दछ भन्ने भावना अभिव्यक्त हुन्छ (थापा, २०४२ : ४७) ।

पूर्वीय आचार्यहरूले महाकाव्यमा अलङ्कृतियुक्त र समुद्धिपूर्ण भाषिक वर्णनशैलिको अपेक्षा गरेको पाइन्छ जुन रसले यूक्त भएको हुनुपर्दछ (अवस्थी,२०६४ : २४) ।

त्यसैगरी पश्चिमी मान्यता अनुसार पनि महाकाव्यको भाषाशैली उदात्त, गरिमामय, प्रसाद गुणयूक्त हुनुपर्दछ भने छन्द चाँहि षट्पढी वीर छन्द प्रयोग गरिनु पर्दछ (न्यौपाने, २०४९ : ११६) ।

यसरी महाकाव्यमा असामान्य वा अपरिचित भाषा वा शब्द प्रयोग गरिनुहुँदैन, कलात्मक अक्षुद्र, उदत्त तथा गरिमायुक्त भाषा प्रयोग गरिनुपर्दछ ।

## ४.२.१० उद्देश्य

कुनैपनि कार्य गर्नुको पछाडि कुनै न कुनै उदेश्य रहेको हुन्छ । साहित्य जीवनको अभिव्यक्ति भएकाले महाकाव्य पनि जीवनलाई कुनै न कुनै रूपमा अभिव्यक्त गरिएकै हुन्छ । पूर्वीय साहित्य शास्त्रीहरूले महाकाव्यमा महत् अर्थ वा वृहत् कथा वस्तु र रस समग्रताको अभिव्यक्तिसगै चतुवर्गको चित्रण गरिनुपर्नेमा पनि जोड दिएको पाइन्छ । चतुवर्गलाई पुरूषार्थ चतुष्ट्य पनि भनिन्छ र जीवनका ती चतुवर्गहरू-धर्म-अर्थ, काम, मोक्ष, हुन् । आचार्य भामहले महाकाव्यमा चतुवर्गको चित्रण गरिनु पर्ने । ती मध्ये अर्थको अभिव्यक्तिलाई मुख्य उद्देश्य बनाउनु पर्ने कुरा बताइएको देखिन्छ । आचार्य विश्वनाथले महाकाव्य

चतुवर्गको गरिनुपर्ने र तीनमध्ये कुनै एकको चित्रणलाई फलस्वरूपमा परिणत दृष्टि व्यक्त गरेका छन् । दण्डी र रुद्रटले भने महाकाव्यमा धर्म, अर्थ, काम र मोक्ष जस्ता चतुवर्गकै समष्टी अभिव्यक्तिमा जोड दिएका छन् । वास्तवमा महाकाव्यमा पुरूषार्थ चतुष्टयको अभिव्यक्ति भन्नु जीवनसमग्रताको अभिव्यक्ति हो । (अवस्थी, २०६४ : २४) ।

पुरुषार्थ चतुष्टय अर्थात चतुवर्ग फलप्राप्ति मध्ये महाकाव्यमा कुनै एउटा प्रमुख रूपमा र अव्य सहायक रूपमा उदेश्यको रूपमा रहनु पर्छ भन्ने मान्यता पूर्वको रहेको छ (विश्वनाथ, १९८८ : ३३५) ।

पश्चिममा मानव मनका आवेगहरूको समन गर्ने मन : शान्ति दिने किसिमको उदेश्य महाकाव्यमा स्वीकारिएको छ । यसका साथै व्यवहारज्ञान लोकरञ्जक लोककल्याणकारी, कान्तासम्मित उद्देश्यलाई पनि पूर्वमा काव्य प्रयोजनका रूपमा राखिएको छ । समयको परिवर्तन सँगै महाकाव्यमा युगजीवनका व्यापक अनुभूतिहरू पनि व्यक्त गर्न सक्ने किसिमको प्रभावकारी उद्देश्य पनि आवश्यक ठानिएको छ । अस्मिता सत्ता वा अधिकार प्राप्ति, मानवतावाद, जातीय तथा आर्थिक समानताको स्थापना, वैक्तिक स्वतन्त्रता, कर्मवाद शोषणदमनबाट मुक्ति यथार्थका धरातलमा खुसी र समृद्धशाली जीवनभोग आदिलाई पनि हालको परिप्रेक्ष्यमा महाकाव्यको उदेश्यको रूपमा रहन सक्ने भनी स्वीकारिएको छ । महाकाव्यको उदेश्यलाई यसको शीर्षकले पनि संकेत गरेको छ (चपागाई, २०५२ : ७७) ।

निष्कर्षमा महाकाव्यलाई सफल वा पूर्ण तुल्याउनका लागि शृङ्खलित कथानक, व्यापक परिवेश, कथानकलाई आदिदेखि अन्त्यसम्म सञ्चालन गर्न, सजीव पात्र, सरल तथा उदत्त भाषाशैली विविध छन्द वा लय, रसभावको परिपाक, सर्गबद्धता स्पष्ट प्रतीकात्मक उद्देश्य, मान्छेको यथार्थ जीवनसँग सम्बन्धित विचार वा दर्शन जस्ता तत्त्वहरूको आवश्यता पर्दछ ।

## ४.३ बालागुरु महाकाव्यको परिचय

**बालागुरु महाकाव्य**का लेखक दुर्गाप्रसाद अधिकारी हुन् । यसको प्रकाशन वि.सं. २०५६ सालमा भएको हो । प्रस्तुत महाकाव्य चरित्र प्रधान भएकोले यसमा बालागुरुको जीवनका सम्पूर्ण घट्नाक्रमलाई प्रस्तुत गरिएको छ । यो तरङ्गमा विभाजित छ । यसमा दश तरङ्ग छन् । प्रस्तुत महाकाव्यको मङ्गलाचारण  आशीर्वादात्मक र बस्तुनिर्देशनात्मक दुवै

प्रकारको रहेको छ । प्रस्तुत महाकाव्यको मङ्गलाचरणमा गणेश, विद्याकी देवी शारदा, पशुपति, व्यास, नारायण र कुलदेवतालाई नमस्कार गरिएको छ (

हे लम्बोदर । शारदे । पशुपते । हे व्यास नारायण
पुर्ख्यौली कुलदेवता गुरु सबै, शिक्षा र दीक्षाप्रद ॥
तर्ने दुस्तर कीर्तिसिन्धु गुरुको मैले लिई चाहना ।
लागेँ सागरतर्फ तारिदिनुहोस् गर्दैछु आरधना ॥
(मङ्गलाचरणः १)

काव्यकारले आफ्ना पूर्वज र विद्या गुरुको पनि बन्दना गरेका छन् । यस महाकाव्यको बस्तुनिर्देशनात्मक मङ्गलाचरण निम्नानुसार रहेको छ -

निस्केको कसबाट ज्योति पहिले, राखेर के चाहना ।
यो दिङ्ला कसरी समुज्ज्वलित भै यै ज्योतिका माझमा ॥
यौटा दीपशिखा लिएर करमा योगी कुनै झुल्किए ।
पारी झल्मल ठाउँ त्यो सब दिशा ज्योतिप्रभा छर्दिए ॥
(मङ्गलाचरण :६)

प्रस्तुत महाकाव्यलाई दश तरङ्गमा विभाजन गरिएको छ । यस महाकाव्यका तरङ्गहरू थोरैमा २३ र धेरैमा १०४ श्लोकमा विस्तारित छन् । प्रस्तुत महाकाव्यको मङ्गलाचरणमा चौध श्लोक रहेका छन् । त्यसैगरी प्रथम तरङ्गमा सैंतीस श्लोक, दोश्रो तरङ्गमा तेईस श्लोक, तेस्रो तरङ्गमा चालीस श्लोक, चौथो चरङ्गमा सन्ताउन्न श्लोक, पाँचौंमा चौहत्तर, छैठौं तरङ्गमा सतसठ्ठी, सातौंमा उनासी, आठौंमा एकसय चार, नवौंमा पच्चीस र दसौं तरङ्गमा पचास श्लोक रहेका छन् । यसरी यस महाकाव्यको मङ्गलाचरणका श्लोक सहित जम्मा श्लोक संख्यामा पाँचसय सतसठ्ठी रहेको छ ।

## ४.३.१ कथानक

महाकाव्यमा महान् व्यक्तित्वको, महान् चरित्र भएको कथानक सर्ग सर्गमा विभाजन गरेर अलङ्कारहरूले सुशोभित सुन्दर शब्दार्थको योग गरी राम्रो गुम्फन गरिएको हुन्छ (सिग्देल, २०५८: ९०) । पूर्वीय महाकाव्य सम्बन्धी यस मान्यतालाई पालन गरी प्रस्तुत महाकाव्य लेखिएको छ । यस महाकाव्यको कथा इतिहास प्रसिद्ध विषयबस्तुमा आधारित छ र महान् व्यक्तिको चरित्रसँग सम्बन्धित छ । यस महाकाव्यको कथावस्तुले एउटा सिङ्गो जीवनको चित्रण गरेको छ । महाकाव्यकारको काल्पनिक प्रभावले एक ऐतिहासिक घटनाका

साथै एक सिद्ध महापुरुषलाई रोजेको छ । प्रस्तुत महाकाव्यमा सिङ्गो जीवनको चित्रण गरी त्यसका माध्यमबाट त्यो युगको इतिहासलाई सङ्केत गरिएको छ र कथानकका रूपमा बालागुरुको जन्मदेखि मृत्यु पर्यन्तका सम्पूर्ण घटनालाई काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत महाकाव्यको प्रमुख नायक आबाल ब्रह्मचारी बालागुरु षडानन्द हुन् । उनकै जीवनलाई केन्द्रविन्दु मानेर यस महाकाव्यको रचना गरिएको छ । प्रस्तुत महाकाव्यका विषयबस्तुहरूमा बालागुरुको जन्म, बाल्यकाल। शिक्षादीक्षा, योगसाधना, तीर्थभ्रमण उनले गरेका शैक्षिक, सामाजिक एवम् धार्मिका कार्यहरू समेत रहेका छन् । प्रस्तुत महाकाव्यको पहिलो तरङ्गमा पौराणिक ग्रन्थ अनुसार सातदीपमा विभाजित प्राचीन भारतवर्षको वर्णन पृष्ठभूमिमा नेपाल र त्यस अन्तर्गत दिङ्लाको वर्णन गरिएको छ -

नाना बृक्ष, लता र फूल फलले दिङ्ला भई शोभित ।
हेर्दा रूप हराभरा प्रकृतिको बन्ने सबै मोहित ॥
छङ्छङ् झर्झर गान गर्छ छहरा झर्ना झरी सर्वदा ।
दिङ्ला बन्छ पवित्र चारतिर नै खोला बहेका हुँदा ॥
(१ : १९)

कोशी अञ्चल, भोजपुर जिल्ला अन्तर्गत पर्ने दिङ्लामा विभिन्न जातजातिको बसोबास भएको र दिङ्ला विशेष गरेर ब्रम्हस्थल रहेको प्रसङ्गको वर्णन कविले प्रस्तुत महाकाव्यमा गरेका छन् । यस क्षेत्रमा धनीमानीदेखि गरिव निमुखा मानिसहरूको समेत बसोबास रहेको वर्णन गर्नुका साथै दिङ्ला शब्दको व्यत्पित्तिगत तर्थ समेत स्पष्ट गरिएको छ -

'तिङ्' हो सिस्नु र काट्नु 'ला' हुन गई तिङ्ला बनेको थियो ।
काटी सिस्नु बनेछ गाउँ पछि गै दिङ्ला भनी नाम भो ॥
'दीनं लालयतीति' विग्रह हुँदा दिङ्ला भएको भनी ।
क्वै भन्छन्, तर जे भए पनि भयो प्रख्यात दिङ्ला भनी ॥
(१ :२३)

प्रस्तुत महाकाव्यको दोस्रो तरङ्गमा नेपालको शासन व्यवस्थाले गर्दा सबै जनता अशिक्षित थिए । यस्तो समयमा पनि विकट ठाउँको नामले चिनिने दिङ्लामा केही ब्राह्मणहरूका शिक्षित भएको कुरा काव्यकारको रहेको छ । दिङ्लामा विभिन्न थरीका

ब्रह्मणहरूको बसोबास भएको र ती मध्ये पश्चिमबाट बसाई सर्दै आएका अधिकारीहरू समेत भएको कुराको चर्चा गरिएको छ । त्यही अधिकारी वंशमा लक्ष्मीनारायण र रुक्मिणीको कान्छा पुत्रको रूपमा बालागुरुको जन्म भएको उल्लेख गरेका छन-

बिक्रमको त अठार सौ अनि बयानन्बे भयो सालमा ।
शुक्लैपक्ष र पञ्चमी तिथि थियो मङ्सिरको मासमा ॥
आएथ्यो शुभलग्नको जब घडी राम्रो थियो कुण्डली ।
यौटा बालक झुल्किएछ उनको झुप्रो भयो झल्झली ॥

(२ : ५)

बालागुरु गर्भमा हुँदा उनका पिताको मृत्यु भएकाले उनी गर्भे टुहुरा भएको र उनको हेरचाह आमा, दाजु र दिदीले गरेको चर्चा गरेका छन्-

माता, दाजु, दिदी भएर उनको माया सधैं गर्दथे ।
धेरैमा तर खान दुःख हुनगै दारिद्रयमा पर्दथे ॥
लागेछन् जब आठ वर्ष वयमा कर्तव्य यो हो भनी ।
पूरा भो ब्रतबन्धकर्म विधिले जे गर्नुपर्ने गरी ॥

(२ : ७)

बालागुरुले ब्रतबन्धपछि पढ्ने र विभिन्न विषयको ज्ञान  आर्जन गर्ने इच्छाले घरबाट हिंडेर जनकपुर र काशीमा गई सम्पूर्ण विषयको ज्ञान हासिल गरेका थिए । उनले आफ्नै देशको वागमतीको किनारमा बसी गायत्री पुरश्चरण गरेको प्रसङ्ग उल्लेख गरेका छन् ।

प्रस्तुत महाकाव्यको तेस्रो तरङ्गमा बागमतीको किनारमा बसेर बाह्र वर्षसम्म गायत्री पुरश्चरण गरेको प्रसङ्गहरूको उल्लेख गरिएको छ -

गायत्रीजपले पुरश्चरणमा चौबीस गर्ने अनि ।
त्यो सङ्ख्या पनि बाह्रवर्ष भरमा गर्नेछु पूरा भनी ॥
त्यस्तै नै अणिमादि सिद्धिहरूको संलग्न अभ्यासमा ।
बन्न नित्य, र ज्ञानका विषयको चर्चा हुने काममा ॥

(३ : ३)

प्रस्तुत तरङ्गमा बालागुरुलाई गायत्री माताले वरदान दिएको वर्णन छ । उनले जे चितायो त्यही पुग्ने वरदान प्राप्त गरेका थिए । गायत्री माताले एउटा देवता थपिदिदै बालागुरुलाई पृथ्वीको भोग समाप्त हुने दिन समेत बताएको प्रसङ्गको पनि वर्णन

गरिएको छ -

मैले यी जुन देवता थपिदिएँ पूजा यिनै देवको ।
गर्नाले पछिसम्म मार्ग यिनले देखाउनन् ज्ञानको ॥
यी द्यौताकन साधुको रूप लिई मागेर लान्न जब ।
मेरो भोग समाप्त भो अब भनी सम्झेर जानू तब ॥

(३ : १५)

यसमा बालागुरुले गायत्री पुरश्चरण पछि तीर्थभ्रमण गरेका र तीर्थभ्रमणपछि सपनामा आमालाई देखी भक्तहरूसँग विदा लिएर जन्मस्थल फर्केको प्रसङ्गको वर्णन छ ।

प्रस्तुत महाकाव्यको चौथौ तरङ्गमा बालागुरु विभिन्न दुःख कष्ट सहदै दिङ्ला पुगेको वर्णन छ । दिङ्ला भन्ज्याङ्ग पुगेपछि दिङ्लाली जनताले सोधीखोजी गरी उनको ठूलो स्वागत गरेको कुरा काव्यकारले व्यक्त गरेका छन् -

कहीवेर कुरा गरी जति भए भेला यसै ठाउँमा ।

लागे स्वागतमा पछाडी गुरुका जाँदै गढीगाउँमा ॥

द्यौराली गुरुजी पुगेर मनले सम्झेर जन्मस्थल ।

हेर्दै तल्तिर क्यै झुकेर शिरले श्रद्धा गरे अर्पण ॥

(४ :९)

प्रस्तुत तरङ्गमा बालागुरुलाई आफ्नो जन्मथलो पुगेपछि दुवै आँखाबाट आँसु आई वाल्यकालका विभिन्न घटनाहरूको सम्झना भएको प्रसङ्गको चर्चा गरिएको छ । उनले आफ्नो घर पुगेपछि आफ्नी आमालाई ढोगेको र त्यहाँ भेला भएका मानिसहरूसँग आफ्नो नाता सम्बन्ध सोध्नुको साथै आफ्नो परिचय समेत दिएको चर्चा गरिएको छ । उनलाई विरामी आमाले विभिन्न उपदेश पनि दिएकी छन् -

हे नानी । तर जन्मिएपछि यहाँ सन्तान आफ्नो कुनै
राखे जीवन हुन्छ सार्थक भनी मान्ने गरेका सधै ॥
इच्छा हुन्छ भने विवाह नगरी बस्ने, तिमीमा सदा ।
स्थायी कीर्ति अवश्य राखन तिमी सन्तानका रूपमा ॥

(४ : २६)

बालागुरु आएको खवर गाउँभरि फैलियो, त्यसपछि गाउँका मानिसहरू उनको दर्शन गर्न  आएका प्रसङ्गको चर्चा गर्नुका साथै पहिले अर्ती दिने दमिनी आएर फेरि उनलाई अर्ती उपदेश दिएको वर्णन रहेको छ -

आई त्यो दमिनी अगाडि जसले शिक्षा दिएकी थिई ।
बूढीले नजिकै गएर गुरुमा हेरेर भन्दी भई ॥
आएछौ खड्ड सानु गाउँघर यो सम्झेर माताकान ।
बस्नू है अब ता सधैंभरि यहीं पारी उज्यालो घर ॥

(४ : ३४)

प्रस्तुत तरङ्गमा उनी पुगेका तीन दिनका दिन उनकी आमाको मृत्यु भएको वर्णन गरिएको छ । उनले पनि आफ्नी आमाप्रति गर्ने सम्पूर्ण कार्यहरू गरे भने फुर्सदको समयमा एक्लै बसी आफ्नी आमाको अर्ती स्मरण गरी दिङ्लालाई एक धार्मिक स्थल बनाउने योजनाका बारेमा चिन्तन  गरेको प्रसङ्गहरूको चर्चा गरिएको छ ।

प्रस्तुत महाकाव्यको पाँचौ तरङ्गमा बालागुरुले स्थानीय बासीहरूको भेला गराई त्यस विशाल समूह बीचमा आफ्नो कामको योजना र आफ्नो परिचय दिएको चर्चा गरिएको छ -

मेरो नाउँ थियो षडानन भनी भन्छन् षडानन्द यो ।
ऐले जन्मथलो प्रसिद्ध सबमा दिङ्ला गढीगाउँ हो ॥
हिन्दू-धर्म-परम्परा बुझिलिंदा जन्में भई ब्राह्मण ।
भन्दैछन् अधिकारी नाम थरमा हो गोत्र ता कश्यप ॥

(५ : १)

प्रस्तुत तरङ्गमा दिङ्लाबासी जनताहरूले पनि उनले भनेका सम्पूर्ण कार्यहरूमा खुसीसाथ सहमति दिएर उनको योजना अनुसार कार्य गर्न सुरु गरेको कुराको वर्णन छ । उनले सानो डाँडालाई उचित ठाउँ रोजी त्यही ठाउँमा पाठशाला र मन्दिरको स्थापना गरेको कुराको चर्चा गरिएको छ-

डाँडो पर्दछ जो अगाडि यसको कैलाश नामाङ्कन ।
गर्ने, ठीक म ठान्छु मन्दिर त्यहीं, त्यो पाठशाला अब ॥
मेरो ता मनमात्र हो गरिलिने गर्ने तपाईंहरू ।
जेले गर्छ समाजको हित सदा त्यै काम गर्ने अरू ॥

(५ : २६)

बलागुरुको योजना सुनेर दिङ्लाली जनता खुसी भएका र आफूले जानेको काम सबै मिलेर गरेको कुराको वर्णन रहेको छ -

कोदाला, खुकुरी, कुटा र हँसिया सामान नानाथरी ।
बोकेका जनता सबै पुगिगए कैलाश डाँडा भरि ॥
दिङ्लामा यसरी विकासतिरको बाटो सुरू भो जब ।
लागे भन्न सबै भविष्य यसको कस्तो हुने हो अब ॥
(५ : ३९)

प्रस्तुत तरङ्गमा दिङ्लाली जनता आपसमा मिलेर कसैले पैसा, कसैले अन्न र कसैले जमिन अपर्ण गरेका थिए । यी सम्पूर्ण भेला भएका चिजलाई एउटा कागजमा टिपिएको थियो । बालागुरुले आफैंले काशीबाट देवता ल्याएका थिए । यसरी देवता र विद्यालयको स्थापना रामनवमीको शुभ साइतमा विशाल यज्ञका बिच सम्पन्न गरेको कुराको वर्णन गरिएको छ -

सीता, लक्ष्मण, राम शोभित हुँदा दिङला अयोध्या भयो ।
त्यो बेला जयगान नाद भरिई आकाश नै ढाकियो ॥
देवस्थापनको मुहूर्त जब भो त्यो ठीक बेला गरी ।
पढ्दै वेद शुरू भयो तब उता त्यो पाठशाला पनि ॥
(५ : ५५)

यसरी देवता र पाठशाला स्थापना गरेका दिन बालागुरुले दिङ्लावासीलाई जाग्राम बसाएको प्रसङ्गको वर्णन रहेको छ। दिङ्लामा देवता र विद्यालययको स्थापनाले गर्दा टाढाका भक्तजनहरू देवताको दर्शन गर्न आउन थाले, पाठशालामा पनि पढ्ने विद्यार्थीको जमघट हुन थाल्यो । बालागुरुले विद्यालय र मन्दिरको सञ्चालनका लागि गुठीको स्थापना गरेको प्रसङ्गको चर्चा रहेको छ। त्यसैगरी बालागुरुले देवता, गुठी र पाठशालाको सुरक्षाका लागि दिङ्लामा जङ्गी अड्डाको व्यवस्था गरेका र गुठीको लालमोहर सरकारका तर्फबाट समेत गरेका कुराको चर्चा काव्यकारले गरेका छन् ।

प्रस्तुत महाकाव्यको छैठौं तरङ्गमा उनले दिङ्लालाई शिक्षाक्षेत्र तथा तीर्थक्षेत्र बनाएर दिङ्लाका मक्तहरूलाई सम्पूर्ण काम जिम्मा लगाएर बागमती किनारमा आएको प्रसङ्गको वर्णन छ । दिङ्लामा पढ्ने विद्यार्थीहरूको संख्या दिनानुदिन बृद्धि भएको थियो । यसरी

विद्यार्थीलाई पढ्ने ठाउँ साँघुरो भएको थियो । यो खबर काठमाडौंमा भएका बालागुरुलाई पठाएको र उनी दिङ्ला आएको प्रसङ्गको पनि वर्णन छ ।

बि. सं. १९५५ मा मन्दिर पाठशाला तल खुल्ला ठाउँमा सारिएको र माथि कैलाश खाली हुँदा नर्मदेश्वर शिवको स्थापना गरेको चर्चा गरिएको छ । माथि स्थापना गरेको देवता र पाठशालालाई निम्न स्थान सारेको कुराको वर्णन रहेको छ-

ओरालोतिर पर्छ पश्चिम दिशा कैलाशभन्दा तल ।
ओरालो सकियो र उत्तर दिशा फर्केर जानू तब ॥
ढोकैमा पुगिनेछ उत्तर दिशा हेर्दा बडो भव्यता ।
दिन्थ्यो दर्शन भित्रका भवनले प्राचीन आदर्शता ॥

(६ :१९)

मन्दिर र पाठशाला तल सारेपछि अर्को थप राधाकृष्ण मन्दिरको स्थापना गरेको र भक्तहरूले ६ वटा शिवलिङ्गको निर्माण गरेका कुराको चर्चा रहेको छ । मन्दिरका वरिपरि छुट्टाछुट्टै भवनहरू बनेका र मन्दिरका झ्याल र ढोका ढुङ्गाले बनेर आकार्षक भएको कुरा काव्यकारले व्यक्त गरेका छन्-

पस्ने मन्दिरभित्र दक्षिण दिशा ढोका रहेका थिए ।
ढोकाबाहिर नै अनेक रूपका घण्टा झुलेका थिए ॥
हेर्दा दर्शकवृन्द मुग्ध हुन गै तस्वीर झैं देखिने ।
पस्ता मन्दिरभित्र शीतल भई आनन्द पैदा हुने ॥

(६ : २३)

विभिन्न भक्तजनहरूले मन्दिरका लागि भवन बनाएर अर्पण गरेको र कोही भक्तजनले मन्दिर निर्माण गर्दा लाग्ने खर्च दिएको कुराको चर्चा गरिएको छ । प्रस्तुत तरङ्गमा बालागुरुले चारैतिर घेरा लगाएको विशाल बगैंचाको निर्माण गरी त्यस बगैंचामा विभिन्न जातजातिका फलफूल र दुर्लभ औषधी समेत लगाएको कुराको वर्णन रहेको छ -

पाइन्थे फलफूलका तरु-लता जे जे यहाँ औषधि ।
त्यस्तै दुर्लभ अन्य बृक्ष लहरा खोजेर टाढा गई ॥
ल्याई रङ्गविरङ्गका जडिबुटी कर्मोपयोगी सदा ।
पैन्हाएर सिंगारियो प्रकृतिका श्रृङ्गारले वाटिका ॥

(६ :४१)

प्रस्तुत तरङ्गमा बालागुरुले विभिन्न कुण्ड तथा पोखरीको निर्माण गरेका र पाठशालामा पढ्ने छात्रहरू र स्थानीयवासीको आवश्यकतालाई ध्यानमा राख्दै खानेपानीको व्यवस्था गरेको कुराको पनि चर्चा रहेको छ । उनले पुनः बगैंचामा रुद्राक्ष रोपेका थिए । उनले स्थापना गरेका मन्दिरमा विभिन्न पर्व लगायत चौमासा पुराण भन्ने व्यवस्था मिलाएको र पाठशालामा चारै वेद पढाइ हुने गरेको प्रसङ्गहरूको वर्णन गरिएको छ । उनले स्थानीयवासीलाई पनि ब्रत बस्ने, स्नान र दान गर्ने परम्पराको सुरुवात गराएका थिए । उनले कर्मचारी, बगैंचाको रेखदेख गर्ने मालीको तथा मन्दिरमा नित्य पूजा  गर्न पजारीको समेत व्यवस्था गरेका थिए भनी काव्यकारले उल्लेख गरेका छन् ।

सातौं तरङ्गमा बालागुरुले गरेका सम्पूर्ण कामहरूको उल्लेख गरिएको छ । दिङ्लामा विकासका कार्य हुँदै जाँदा जग्गा दान गर्नेहरूको संख्यामा पनि बृद्धि भई गुठीको क्षेत्रफल ठूलो भएको थियो । बगैंचा, मन्दिर, धारा, कुण्डको निर्माणले दिङला सुन्दर भएको कुराको वर्णन रहेको छ । बालागुरुले दिङ्लालाई त्रिवेणी स्थल बनाइएको चर्चा गरिएको छ -

विद्या, तीर्थ र धर्म मिश्रित हुँदा भो यो त्रिवेणीस्थल ।<br>
सीताराम सदा विराजित हुँदा मानिन्छ देवस्थल ॥<br>
यी सम्पूर्ण कुरा व्यवस्थित गरी योगी षडानन्द ता ।<br>
फर्की बस्नुभयो छपन्नतिर नै गै बाग्मती तीरमा ॥<br>
(७ : ३)

बालागुरुले वि.सं. १९६१ सालको मङ्सिर महिनाको कृष्णपक्ष चतुर्दशीका दिन सद्मी छर्ने नयाँ परम्पराको थालनी गराएको कुरा चर्चा कविको रहेको छ । उनले दिङ्लामा बर्षको दुई पटक बालाचर्तुदशी र रामनवमी पर्वमा धार्मिक दृष्टिका मेला र दिङ्लाली जनताहरूको व्यावहारिक सुविधाको लागि प्रत्येक शनिवारका दिन साप्ताहिक बजारको व्यवस्था गरेको कुराको उल्लेख गरिएको छ । प्रस्तुत तरङ्गमा बालागुरु कहिले दिङ्लामा रहने र कहिले बागमतीका तीरमा बसी योगसाधानामा रहेको प्रसङ्गहरूको उल्लेख भएका छन् । उनले ध्यान चिन्तनद्वारा कलियुगको स्वभावलाई बुझ्ेर नेपालमा पनि पश्चिमी संस्कृतिको बढ्दो प्रभाव अनुमान गर्दै यसले पूर्वी नेपालमा प्रवेश गर्ने कुराहरू बताएको कुराको वर्णन रहेको छ -

बग्दै पश्चिमबाट भेल शुरु भै सम्पूर्ण नै विश्वमा ।<br>
धेरै देश डुवाउँदै क्रमैसँगै पस्ने छ, नेपालमा ॥

पस्नासाथ हिमाल, पर्वत, नदी, मैदान ढाकीकन ।
आई भेल विलाउनन् क्रमसँगै पूर्वीयका गौरव ॥
(७ : २५)

यसरी कलियुगको तुवाँलोले नेपाल ढाकेपछि नेपालीहरूले आफ्नोपन भुल्ने, संस्कृति भुल्ने, आफ्नाले आफ्नैलाई नचिन्ने, पुरानो चलनलाई आडम्बर भनि आधुनिकताको नाममा विभिन्न नराम्रा काम गर्ने र नराम्रो चिजहरू खानेछन् भन्ने बालागुरुका अनुमानित तर्कलाई कविले व्यक्त गरेका छन् ।

कलियुगको प्रभाव बढेपछि नेपालीहरू आफ्नो देश छोडेर अर्को देश जाने र त्यहाँ गएर आफ्नोपन छोडेर जे काम पनि गर्ने छन् भन्ने अनुमानित भाव व्यक्त गरिएको छ -

जानन् क्यै जन राज्यमा यवनको गर्नै भनी चाकरी ।
नेपाली जनता सबै मुलुकमा गर्नन् गई नोकरी ॥
जे जस्ता पनि काम ती गरिलिनन् छाडेर आफ्नोपन ।
विद्या, ज्ञान र धर्म गौरव सबै छाडेर खोज्नन् धन ॥
(७ : ३६)

प्रस्तुत तरङ्गमा दिङ्लालाई त्रिवेणी क्षेत्रका रूपमा विकास गरेर काठमाडौंको पचलीमा आई ध्यानमग्न भएको प्रसङ्गहरूको वर्णन गरिएको छ । ७३ वर्षको उमेरमा योगसाधनामा ध्यानमग्न हुन पुगेका बालागुरुसँग भक्तहरू जमघट हुँदा उनले यो संसारमा सम्पूर्ण इन्द्रियहरूलाई ज्ञानरूपी डोरीले बाध्नु पर्ने देह र आत्मा भिन्ना भिन्नै रहेको कुराहरू व्यक्त गरिएको छ । उनले देह कपडा जस्तो र आत्मा अजर अमर रहेको जस्ता अनेक आध्यात्मिक ज्ञानको उपदेश दिँदै वि.सं. १९७३ मा बालागुरुको मृत्यु भएको प्रसङ्गको वर्णन गरिएको छ ।

बालागुरुको अन्तिम अवस्थामा एक योगीले मृत्युकाल नजिक भएको सङ्केत यसरी गरेका छन-

तिम्रो देह परोपकार र सदा सत्कर्ममा अर्पियौ ।
आर्यावर्त चिनाउने चहकिला तारा बनेका थियौ ॥
तिम्रो अन्तिम काल भो अब तिमी आएर वैकुण्ठमा ।
लेऊ दिव्य शरीर, छाड अब ता यो देहका कामना ॥
(७ : ४८)

यस तरङ्गमा बालागुरुको सत्प्रयासले मानिसका आँखा खुलेका र शिक्षाको ज्योति छरिएको प्रसङ्गको वर्णन गर्दै उनको मृत्युको समाचारले दिङ्लालीहरू व्याकुल बनेका, पाटी, मन्दिर, वाटिका आदि मानवेतर जगत् पनि स्तव्ध भएको प्रसङ्गको वर्णन यहाँ गरिएको छ ।

प्रस्तुत महाकाव्यको आठौं तरङ्गमा बालागुरुको मृत्युले देश शून्य भएको र उनका लुगा, कपडा र सामान प्रसादको रूपमा बाडेको कुराको उल्लेख गरिएको छ । दिङ्लामा तजवीज पत्रको व्यवस्था गरी गुठीमा भएको पैसाले जग्गा किनेको प्रसङ्गहरूको वर्णन गरिएको छ । प्रस्तुत तरङ्गमा वि.सं. २००७ सालको राजनीतिक अवस्थाले दिङ्ला क्षेत्रमा पारेको प्रभावको चर्चा गरिएको छ । गुठीको सम्पत्तिलाई राजनीति गर्नतिर लगाएको कुराको उल्लेख रहेको छ -

नेपालीहरूमा सबैतिर यही आयो जसै भावना ।
दिङ्लाभित्र पनि प्रवेश हुनगो नेता हुने चाहना ॥
दिङ्ला क्यै अघिदेखि शिक्षित थियो भटेर विद्यालय ।
बन्दैगो पछि केन्द्र-सङ्गठन यो गुठी नै साधन ॥

(८ : ३४)

देशको राजनीतिक गतिविधिले गर्दा दिङलाली जनताहरू पनि राजनीति तर्फ लागेका र बालागुरुले निर्माण गरेका सम्पूर्ण विकासका कार्यहरू भत्किएका, विग्रिएका र अँध्यारोमा परेका प्रसङ्गहरू व्यक्त गरेका छन-

ढुङ्गा, ईंट, अमूल्य सम्पत्ति कला जे जे रहेका थिए ।
हेर्दा ती छरिएर चारतिर नै निष्प्राणझैं पल्टिए ॥
सीता, लक्ष्मण, रामचन्द्र, हनुमान, नन्दी, महादेवले ।
के भो आज भनेर शक्तिरूपले हेरे र आश्चर्यले ॥

(८ : ६४)

प्रस्तुत तरङ्गमा प्रजातन्त्र आएको पन्ध्र वर्ष पछाडिबाट सरकारी स्तरको सहयोग हुँदै दिङ्लाको विकासको गति अगाडि बढेको प्रसङ्गहरू वर्णन रहेको छ । आधुनिक समयको विकाससँगै दिङ्लाली जनता मिलेर बि. सं. २०२१ सालमा अरूण नदीका नामबाट विद्यालयको स्थापना गरेको यस विद्यालयमा आधुनिक विषय पढाइ हुने कुराको चर्चा कविले गरेका छन्-

एक्काईस भएछ जब ता दिङ्लानिवासी जन ।

भेला भै सबले मिलीकन गरे विद्यालय-स्थापना ॥
यो विद्यालय नै नदी अरुणको भै नाम प्रख्यात भो ।
अङ्ग्रेजी, इतिहास पाठ शुरु भो भूगोल–विज्ञानको ॥
(८ : ५८)

दिङ्लामा राजनीतिको प्रभावले गर्दा मानिस राजनीतितर्फ लाग्दा बालागुरुले निर्माण गरेका मन्दिरहरू भत्केका मन्दिर, पाठशाला, पाटीपौवा आदिको सरकारी सहयोग प्राप्त गर्दै फेरी निर्माण गरिएको प्रसङ्गको वर्णन रहेको छ । यस तरङ्गमा बालागुरुले स्थापना गरेको संस्कृत प्रधान पाठशाला पनि विभिन्न दुःख र कष्टहरू झेल्दै अगाडि बढेको र अहिलेको स्थितिमा आइपुगेको कुराको सविस्तार बयान गरिएको छ । वि.सं. २०४४ सालपछि बालागुरुले स्थापना गरेका सम्पूर्ण मठमन्दिरको निर्माण गरी उनले सुरु गरेका सम्पूर्ण कार्यहरू गर्न थालिएको प्रसङ्गको वर्णन यस प्रसङ्गको वर्णन यस तरङ्गमा रहेको छ ।

प्रस्तुत महकाव्यको नवौं तरङ्गमा काव्यकारले बालागुरुसँग सम्बन्धित अलौकिक किंवदन्तीहरूको वारेमा उल्लेख गरेका छन् । बालागुरुलाई गायत्री माताको शक्तिले गर्दा जे भन्यो त्यही पुग्ने तथ्यहरूको उल्लेख रहेको छ -

क्यै निर्माण हुँदा पुगेन रूपैयाँ सामन केही भनी ।
केही दुःख परेर मानिस कुनै माग्ने गए तापनि ॥
पूजा नित्य गरिन्छ देव जसमा कोठा त्यसैमा गई ।
ल्याई जे जति चाहिनेछ सबमा दिन्थे पुऱ्याई यिनी ॥
(९ :३)

सँगै भएका साथीलाई डुङ्गामा पठाएर बालागुरु डुङ्गाभन्दा अगाडि पुगको चर्चा गरिएको छ-

डुङ्गामाथि बसी सबै जन नदी तर्दै थिए रे यता ।
हेर्दैथे गुरुजी बसेर तटमा डुङ्गा गएथ्यो जता ॥
यस्तैमा अरूले नदी तरिसकी पल्लो किनारा हुँदा ।
देखिन्थे गुरुजी पुगेर अघि नै साथीसँगै सामुमा ॥
(९ : ८)

बलागुरुले व्यासासनमा बसेर पुराण भन्दा गङ्गामा जहाज डुवेको देख्नु र उद्धार गर्न गएका प्रसङ्गहरूको वर्णन गरिएको छ -

के भो लौ गुरुमा भनेर सबले आश्चर्य मान्दै थिए ।

केही बेरपछाडी नेत्र गुरुले खोलेर भन्दा भए ॥
गङ्गाका जलमा डुबेर अहिले डुङ्गा र धेरैजना ।
मर्नाले म पनि उतैतिर गएँ उद्धारका खातिर ॥
(९ : १०)

बलागुरुले नारायण चौरमा सामूहिक ब्रतबन्ध गराउँदा भेला भएका मानिसलाई खाना थोर भएको हुँदा उनले हुँदैन भन्दा खाना सबैलाई पुगेको र असिना पानी पर्दा अन्त परेर त्यस ठाउँमा नपरेको, पानीमाथि रुमाल राखेर नदी तरेको प्रसङ्गहरूको वर्णन गरिएको छ । यसैगरी यस तरङ्गमा बालागुरुले आफ्ना भक्त नन्दीकेश्वरलाई सपनामा आफ्नो परिचय दिएको समेत चर्चा रहेको छ -

सनत्कुमार भै नाम यी सत्ययुगमा थिए ।
स्वामिकार्तिक भै नाम त्रेतामा पनि देखिए ॥
(९ : २०)

भए शन्तनुका भीष्म आएथ्यो जब द्वापर ।
उनै ब्राह्मण भै जन्मे कलिमा यी षडानन ॥
(९ : २१)

प्रस्तुत महाकाव्यको दशौं तरङ्गमा महाकाव्यकारले बालागुरुले गरेका सम्पूर्ण कामको प्रशंसा गर्नुका साथै दिङ्लामा देखिएका विकृति र विसंगति बालागुरुलाई हेर्न एक पटक दिङ्ला आउन आमन्त्रण गरेका छन् ।

बोली नम्र हुनू, झुकेर अरूको सम्मान गर्नू अनि ।
गर्नू आदर मान्यमा र अरूको हिंसा नगर्नू पनि ॥
पैसाको भरमा घमण्ड नगरी कर्तव्यको पालन ।
गर्नू, यो उपदेश के हुनगए आऊ षडानन्द हे ॥
(१० : ३३ )

अहिलेको समयमा दिङ्लाली जनता बढी व्यापारतिर लागेका र आफ्नो संस्कृतिलाई भुलिरहेकाले गर्दा पहिलेको हरियाली जङ्गल मासिंदै गएर दिङ्लाबाट प्रकृति बिदा हुँदा गएको प्रसङ्गहरूको चर्चा रहेको छ । यस्तो प्रकृतिको दृश्य हेर्न बालागुरुलाई काव्यकारले बोलाएका छन्-

पैलेका हरिया घना प्रकृतिका श्रृङ्गारका साधन ।
बन्दामा घर चारतर्फ अहिले ती काननी पादप ॥

लागे जान बिदा लिई शहरमा बस्ने हुँदा चाहना ।
कस्तो दृश्य अरण्यको हुन गयो आऊ षडानन्द हे ॥

(१० : ८)

प्रस्तुत तरङ्गमा बालागुरुले पहिले सिकाएका बोलीचाली, भेषभूषा र व्यबहारमा परिर्वतन भएको प्रसङ्गको उल्लेख गरेका छन् । अहिले शनिवारका हाटमा पनि सामान थरीथरी किन्ने र बेच्ने चलनमा भएको परिवर्तनलाई हेर्न बालागुरुलाई बोलाइएको प्रसङ्गको वर्णन गरिएको छ । बालागुरुले स्थापना गरेका मन्दिर, छात्रावासका भवनहरू, कुण्ड, पोखरी, मन्दिरमा नित्य पूजाको व्यवस्था, झाडु बढारुहरूका सम्पूर्ण कामहरूमा परिवर्तन भएको । उनले दिएका उपदेशहरू सबैले भुलेका र आफ्नो लगाउने पोसाकमा पनि परिवर्तन भएको कुराको वर्णन रहेको छ -

पैऱ्हन्छन् कपडा नयाँ किसिमका मान्छे यहा आजका ।
ती दौरा-सुरूवालको जन भने थोरै भए आज ता ॥
त्यस्तै नै महिलाहरू पहिरने पोशाक नानाथरी ।
दिङ्लाको नवदृश्य हेर्न अहिले आउ षडानन्द हे ॥

(१० : १४)

प्रस्तुत तरङ्ग भरि नै बालागुरुले सिकाएका सभ्यताहरू हराउँदै आएका र दिङलामा धेरै विकृति र विसंगतिले छाएको कुराहरूको चर्चा गरिनुको साथै वि.सं. २०४६ सालमा बालागुरुको शालिकको स्थापना गरेको र बालागुरुको विभिन्न कार्यले गर्दा आमा-बाबु, बन्धु-बान्धव, वंश, जिल्ला, दिङ्ला र देशलाई धन्यवाद दिएर बालागुरुलाई राष्ट्र विभूतिका लहरमा आउन अनुरोध गरिएको प्रसङ्गहरूको वर्णन रहेको छ ।

यस महाकाव्यको मुख्य कथावस्तुको रूपमा बालागुरुको जन्म, बाल्यकाल, उनले प्राप्त गरेका शिक्षा-दीक्षा तीर्थभ्रमण,उनले गरेका सामाजिक, शैक्षिक र धार्मिक कार्यका साथै उनको मृत्यु पर्यन्तका घटनाक्रमहरूको वर्णन गरिएको छ । प्रस्तुत महाकाव्यका दश तरङ्गमा बालागुरुको जीवन चरित्रलाई प्रस्तुत गरिएको छ । **बालागुरु महकाव्य** पूर्वीय महाकाव्यीय सिद्धान्तका आधारमा लेखिएको छ । पूर्वीय मान्यता अनुसार महाकाव्यको कथाबस्तु सर्ग सर्गमा हुनु पर्नेमा प्रस्तुत महाकाव्यको कथावस्तु पनि सर्गका ठाउँमा तरङ्ग तरङ्गमा विभाजित गरिएको छ । पूर्वी मान्यता अनुसारको कथावस्तु पनि इतिहास प्रसिद्ध रहेको छ । चरित्र अथवा पात्र पनि धीरदात्त, धीरोद्धत्त, धीरललित र धीरप्रशान्त कुनै एक

हुनुपर्ने मान्यता अनुसार यस महाकाव्यका नायक धीरप्रशान्त, ब्रम्हाचारी, योगी, त्यागी रहेका छन् । यस्ता व्यक्तिको चरित्रलाई विषयबस्तु बनाएर काव्यकारले महाकाव्यको रचना गरेका छन् । यस महाकाव्यको कथावस्तु आदि, मध्य र  अन्त्यको क्रममा सुशृङ्खलित रहेको छ । यो महाकाव्य पढ्दा सजिलै बुझ्ने खालको छ । सरल भाषा शैलीको प्रयोग भएको छ । प्रस्तुत महाकाव्यमा तत्सम शव्दहरूको प्रयोग बढी गरिएको छ । यस महाकाव्यमा विभिन्न छन्द र अलङ्कारहरूको पनि प्रयोग भएको छ ।

प्रस्तुत महाकाव्य पूर्वीय मान्यता अनुसार लेखिएको हुनाले काव्यमा प्रकृतिको चित्रण हुनु पर्ने सम्बन्धमा यहाँ विभिन्न ठाउँमा प्रकृतिको चित्रण गरिएको छ । यस महाकाव्यमा केही नौलो प्रयोग भने देख्न सकिन्छ । पूर्वीय मान्यता अनुसार सर्ग हुने ठाउँमा तरङ्ग रहेको छ भने पात्र पनि क्षत्रीय वा राजा हुनु पर्नेमा ब्राह्मणलाई नायक बनाइएको छ ।

## ४.३.२ चरित्र

कथानकलाई सजीव एवम् गतिशील बनाउन **बालागुरु** महाकाव्यमा पात्रहरूको संयोजन गरिएको छ । यस महाकाव्यमा पुरुष र स्त्री र मानवे पात्रहरू रहेका छन् । प्रस्तुत महाकाव्यमा मुख्य, सहायक र गौण पात्रहरू रहेका छन् । बालागुरुको चरित्रलाई आधार मानेर लेखिएको महाकाव्य हुनाले बालागुरु र उनका कार्यमा सहयोग गर्ने व्यक्ति एवम् भक्तहरूलाई नै प्रस्तुत महाकाव्यमा पात्रका रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत महाकाव्यका प्रमुख पात्र बालागुरु हुन् । सहायक पात्रका रूपमा रुक्मिणी, रामनाथ, जयधर्म, नन्दिकेश्वर र गन्जसिंह छन् । गौण पात्र लक्ष्मीनारायण हुन् । यिनको महाकाव्यमा केही पनि भूमिका रहेको छैन, केवल नाम मात्र उल्लेख भएको छ ।

काव्यकारलाई काव्य लेख्नतर्फ अभिप्रेरित गर्ने मानिसको नाम पनि मङ्गलाचरणमा उल्लेख गरिएको छ- फणीन्द्रनाथ, प्रेमनाथ, सत्यनारायण र दण्डपाणिको नाम उल्लेख भए पनि महाकाव्यमा केही भूमिका रहेको छैन ।

### ४.३.२.१ बालागुरु

यस महाकाव्यको नायक आबाल ब्रह्मचारी बालागुरु पडानन्द हुन् । यसमा बालागुरुको जन्म, बाल्यकाल, शिक्षादीक्षा, तीर्थभ्रमण, शैक्षिक, सामाजिक, धार्मिक कार्यहरूलाई सजीव रूपमा वर्णन गरिएको छ । पूर्वीय मान्यता अनुसार महाकाव्यको नायक

देवता वा धीरोदात्त, धीरप्रशान्त, धीरललित प्रकृतिको कुलीन क्षेत्रीय कोही राजा वा एकै कुलका धेरै राजा हुनुपर्ने रहेको छ । त्यस्तो मान्यता अनुसार बालागुरु धीरप्रशान्त नायक हुन् । पूर्वीय मान्यताले क्षेत्रीय भने पनि बालागुरु ब्राह्मण हुन् ।

धीरप्रशान्त नायकका गुणहरू सामान्य गुणले युक्त, शान्त प्रकृति भएको द्विज आदि गुण भएको नायक धीरप्रशान्त हुन्छ (सिग्देल,२०५८ : १२१) ।

बालागुरु धीरप्रशान्त नायक हुन् । उनी त्यागी समाजसेवी, शिक्षासेवी, रुढी अन्धविश्वासको विरोधी, समाज सुधारक, आबाल ब्रह्मचारी, आध्यात्मवादी चिन्तनका आधारमा उनको चरित्रको चित्रण गर्न सकिन्छ ।

बालागुरु शिक्षासेवी थिए । उनी शिक्षाप्रति विशेष अनुराग राख्ने भएकाले नै शिक्षा आर्जन गर्न घरबाट भागेर हिंडेका प्रसङ्गहरू रहेका छन् । उनले जनकपुर र काशीबाट विभिन्न विषयको ज्ञान हासिल गरेका थिए । आफूले हासिल गरेको ज्ञानलाई आफैंमा सीमित नगरी सम्पूर्ण देशभरि नै फैलाएका थिए । उनले सर्वप्रथम दिङ्लामा गुरुकुल पाठशालाको स्थापना गरेका थिए -

इच्छा यै मनमा भयो र पहिले शोचे गरुँ के भनी ।
विद्यादान निमित्त खोल्न मन भो त्यो पाठशाला अनि ॥
हिन्दु संस्कृति, धर्म, ज्ञान जति हो जानून् सबैले अब ।
भन्ने आशयले यहाँ गरिलिने द्योता प्रतिष्ठापन ॥

(५: ११)

बालागुरुले स्थापना गरेको विद्यालयमा सम्पूर्ण जातजातिले पढ्न पाउने व्यवस्था थियो । उनले विभिन्न दुःखहरूको सामना गर्दै शिक्षा आर्जन गरे पनि दिङ्लावासीलाई सजिलै शिक्षा आर्जन गर्ने सुविधा मिलाएका थिए । त्यसैले उनी शिक्षाप्रति बढी आस्थावान् रहेको देखिन्छ । त्यसैले उनलाई दिङ्ला क्षेत्रका मात्र नभएर नेपालकै शिक्षाको ज्योतिको रूपमा लिइन्छ ।

समाज सुधारक व्यक्तित्वको आधारमा उनको चरित्रको चित्रण गर्न सकिन्छ । उनले सामाजिक भावनाले धेरै कार्यहरू गरेका छन् । समाजमा रहेका पुराना परम्परालाई उनले हटाएका थिए । त्यती वेलाको चलन अनुसार तुलसीलाई धारा अथवा कुवा माथि रोप्ने

चलन रहेको थियो, उनले तुलसीलाई घर-घरमा मठ बनाएर रोप्ने र पूजा गर्ने चलन चलाएका थिए -

धारामाथि सबै लगेर तुलसी रोप्थे अरे गाउँमा ।
ल्याए रे घरमा लगेर मठमा रोप्ने प्रथा गाउँमा ॥

(९ :२)

उनले समाजमा बसोवास गर्ने मानिसहरूका बीचमा अनमेल हुँदा सबैले परस्परमा मिलेर बस्ने वातावरणको सिर्जना गरेका थिए । त्यसैगरी उनले सामाजिक भावनाले छात्रावासमा पढ्ने छात्रहरूका लागि र स्थानीयवासीको आवश्यकतालाई ध्यानमा राखेर खानेपानीको व्यवस्था गरेका थिए-

विद्यार्थी अरू बाहिरी जन सबै सुस्वास्थ्यका खातिर ।
गर्नन् काम नुहाउने र पिउने पानी हुँदा निर्मल ॥
भन्ने भो मनमा र तीर्थजलले छर्केर आवाहन ।
गर्दै, श्री शिव, राम, लक्ष्मण भनी धारा बनेका छन ॥

(६ :५३)

उनले विभिन्न कुण्ड र बगैंचाको निर्माण गरेका थिए भने मानिसहरूको सुविधाका लागि साप्ताहिक हाटको समेत व्यवस्था गरेको देखिन्छ ।

बालागुरुको चरित्र रूढि परम्पराको विरोधीको रूपमा चित्रण गर्न सकिन्छ । उनले सतीप्रथाको विरोध गरेका र सतीप्रथालाई पहिलै दिङलाबाट हटाए भनेपछि सरकारी स्तरमा समेत आवाज पुऱ्याएर दशैबाट अन्त्य गरेका थिए । त्यसैगरी श्राद्धमा बोकाको बलि दिने, मासु खाने, खुवाउने र विरालो बाध्ने चलनको अन्त्य गर्दै खीर खाने र खुवाउने चलन चलाएका थिए –

काट्ने श्राद्ध हुँदा खसी, घरमहाँ बाँध्ने बिरालो पनि ।
नारीधर्म सती हुने पति मरे कस्तै परेता पनि ॥
यस्ता धर्मविकारले पछि गई सद्धर्मका नाशका ।
बन्ने संशयले हटाइन गए देखाउँदै साहस ॥

(९ :४)

यसरी रूढि परम्पराका कट्टर विरोधीको रूपमा उनको चरित्र रहेका पाइन्छ ।

बालागुरुलाई धर्म-संस्कृतिप्रति आस्थावान् चरित्रको आधारमा चित्रण गर्न सकिन्छ । उनमा धार्मिक भावना प्रवल रहेको देखिन्छ । उनी देवताप्रति बढी आस्थावान् देखिन्छन् । उनले विभिन्न देवीदेवताको स्थापना गरेबाट उनमा धार्मिक चिन्तन प्रशस्त रहेको अनुमान गरिन्छ -

सीता, लक्ष्मण, राम शोभित हुँदा दिङ्ला अयोध्या भयो ।
त्यो बेला जयगान–नाद भरिई आकाश नै ढाकियो ॥
देवस्थापनाको मुहूर्त जब भो त्यै ठीक बेला पारी ।
पढ्दै वेद शुरु भयो तब उता त्यो पाठशाला पनि ॥

(५ :५५)

उनले स्थापना गरेका मन्दिरमा नित्य पूजा गर्ने पुजारीको व्यवस्था गरेका थिए । चौमासा पुराण भन्ने व्यवस्था गर्नुका साथै पर्व-पर्वमा पनि पुराण भन्ने र सुन्ने व्यवस्था गरेका थिए । त्यसैगरी दिङ्लामा धार्मिक भावनाले वर्षको दुइपटक मेला लगाउने चलन पनि चलाएका थिए भने स्थानीयवासीलाई ब्रत बस्ने, स्नान गर्ने, दान गर्ने परम्परा सिकाएका थिए भन्ने वर्णन पाइन्छ ।

बलागुरुको अर्को चरित्रको रूपमा आबाल ब्रह्मचारी रहेको छ । उनी त्यागी थिए । त्यसैले उनी सानैमा घर छोडेर हिँडेका थिए । उनले आफ्ना लागि केही सम्पत्ति राखेको पाइदैन । उनी ब्रह्मचारी थिए । उनले बिहे गरेका थिएनन् -

मेरो आज विचार यो छ जननी भै ब्रह्मचारी सदा ।
बस्ने जीवनमा र काम अरूको कल्याण गर्ने सदा ॥
आशीवार्द म माग्छु जे जति हुनन् मेरा सबै चाहना ।
पूरा हून् यसबाट दुःख छ भने माग्दैछु माता क्षमा ॥

(४ :२४)

उनी योगी थिए । उनले योगीले लगाउने बस्त्र धारण गरेको चर्चा गरिएको छ -

जोगी भै अहिले षडानन् यहाँ आए अरे गाउँमा ।
हल्ला भो जब, गर्न दर्शन सबै आए गढीगाउँका ॥
दाह्री, केश, जुँगा सबै चहकिला, काला र लामा पनि ।
लाएको कपडा छ गेरु रङ्गको धोती र भोटो अनि ॥

(४ :३२)

उनलाई केहीको लोभलालच थिएन र उनले आफ्नो भएको सम्पत्ति सबै सामाजिक कार्यमा लगाएका थिए ।बालागुरु मातृभक्तका साथै दाजुभाइ र दिदीहरूप्रति पनि आदर भाव राख्थे । उनको चरित्र आज्ञाकारी छोरा र भाइको रूपमा रहेको देखिन्छ । त्यसैले उनले आमाको अर्ती र दाजहरूको सल्लाह अनुसार कार्य गरेका थिए । उनको अर्को चरित्रलाई हेर्दा आध्यात्मवादी रहेको पाइन्छ । उनले योगसाधनाबाट शक्ति प्राप्त गरेका थिए । उनमा अदृश्य हुने, हलुङ्गो बस्तुलाई गह्रुङ्गो बनाउने, गह्रुङ्गोलाई हलुङ्गो बनाउने शक्ति रहेको थियो । उनी गुठीका सस्थापक थिए । उनले स्थापना गरेका पाठशाला र मन्दिरको निरन्तर सञ्चालनका लागि एउटा बृहत् गुठीको स्थापना गरेका थिए भने सरकारका तर्फबाट गुठीमा लालमोहर समेत गराएका थिए ।

बालागुरुको चरित्रलाई हेर्दा उनी सामाजिक चेतनाका सम्बाहकको रूपमा रहेका देखिन्छन् । परम्पराको अन्त्य गर्दै नयाँ चेतनाको प्रर्वतन गराउने चरित्र, त्यस बेलाको समयमा उनमा क्रान्तिकारी चेत रहेको पाइन्छ ।

**सहायक पात्रहरू**

### ४.३.२.२ रूक्मिणी

यिनी बालागुरुकी आमा हुन् । यिनको चरित्र आफ्नो छोरालाई अर्ती उपदेश दिने कार्यमा रहेको छ -

हे नानी ! तर जन्मिएपछि यहाँ सन्तान आफ्नो कुनै ।
राखे जीवन हुन्छ सार्थक भनी मान्ने गरेका सधैं ॥
इच्छा हुन्छ भने विवाह नगरी बस्ने, तिमीमा सदा ।
स्थायी कीर्ति अवश्य राखन तिमी सन्तानका रूपमा ॥
(४ : २६)

### ४.३.२.३ गायत्रीमाता

प्रस्तुत महाकाव्यमा गायत्री माताको पनि भूमिका रहेको छ । गायत्री माताले बालागुरुलाई दर्शन दिएर विभिन्न अर्ती उपदेश दिएर ज्ञानी बनेका थिए । बालागुरुले गायत्री पुनश्चरणबाट गायत्री माता प्रशन्न भएर बालागुरुलाई वरदान दिएकी थिइन -

जस्तो काम चिताउँछौ अब तिमी पूरा हुनेछन् सब ।

त्यस्तै नै अणिमादि सिद्धि जति छन् पूरा हुनेछन् अब ॥
पूजा जो जति देवता गरिलियौं राखेर यी सामुमा ।
देख्नेछौ अब एउटा अरू बढी द्यौता यसै ठाउँमा ॥
(३ : १४)

प्रस्तुत महाकाव्यमा दमिनीको भूमिकालाई एउटा श्लोकमा प्रस्तुत गरिएको छ । यिनको चरित्र पनि बालागुरुलाई अर्ती उपदेश दिने कार्यमा रहेको छ ।

### ४.३.२.५ गन्जसिंह बस्नेत

प्रस्तुत महाकाव्यमा गञ्जसिंह बस्नेतको भूमिका एउटा श्रद्धालु व्यक्तिको रूपमा रहेको पाइन्छ । माथि कैलाश डाँडामा स्थापना गरेका मन्दिर र पाठशाला तल सार्दा जग्गा दिने व्यक्तिका रूपमा उसको चरित्र रहेको छ ।

### ४.३.२.६ बलभद्र र जमानसिंह बस्नेत

प्रस्तुत महाकाव्यमा यी दुवै पात्रहरूको भूमिकालाई हेर्दा बलभद्रको राधाकृष्णको मन्दिर बनाउँदा लागेको पैसा दिने र जमानसिंहको पाटी बनाउँदा लागेको पैसा दिने नाम र धन दुवै प्रशस्त भएका व्यक्तिका रूपमा यिनीहरूको चरित्र रहेको छ ।

### ४.३.२.७ शिवलाल, रामनाथ, जयधर्म

प्रस्तुत महाकाव्यमा यी तीनको चरित्र संयुक्त रूपमा घर बनाएर मन्दिरमा अर्पण गर्ने बालागुरुका भक्तहरूको रूपमा रहेको छ । यिनीहरू बालागुरुका भतिजाहरू भएकाले गुरूप्रति उनीहरूको बढी भक्ति भाव रहेको पाइन्छ । यी तीनै भाइले बालागुरुले दिङ्लामा गरेका सम्पूर्ण कार्यहरूमा शुरुदेखि अन्तिमसम्म सहयोग गर्ने सहयोगी पात्रका रूपमा रहेका छन् ।

### ४.३.२.८ नन्दिकेश्वर अधिकारी

प्रस्तुत महाकाव्यमा नन्दीकेश्वर अधिकारीको भूमिका पनि उल्लेखनीय रहेको पाइन्छ । उनी बालागुरुका प्रिय भक्त थिए । यिनले बालागुरुका प्रत्येक कार्यमा सहयोग गर्ने सहयोगी र सल्लाहकारका रूपमा उनको चरित्र रहेको छ । उनी बालागुरुका नजिकका भक्त भएकाले उनले पनि मन्दिरको लागि घर बनाएर दिएका र बालागुरुले दिएको मन्त्रको आधारमा बालागुरुलाई चिनेका थिए ।

प्रस्तुत महाकाव्यमा पुरुष पात्र र स्त्री पात्र दुवै खाले पात्रहरूको प्रयोग गरिएको छ । यसका साथै यस महाकाव्यमा उच्च वर्गका पात्र ब्रम्हाणदेखि निम्न वर्गीय पात्र दमिनीको भूमिका समेत रहेको छ । प्रस्तुत महाकाव्यका नायक बालागुरु हुन् । उनलाई अर्ती उपदेश दिन र उनले गरेका कार्यमा सहयोग गर्ने अन्य पात्रहरू आएका छन् ।

## ४.४ सर्गबद्धता

बालागुरु महाकाव्यमा पूर्वीय महाकाव्यीय मान्यताले अङ्गालेको सर्ग सम्बन्धी मान्यतालाई पालना गरिएको छ । महाकाव्यमा आठभन्दा बढी र तीसभन्दा कम सर्ग रहनुपर्ने मान्यता अनुरूप यो महाकाव्य दश तरङ्गहरूमा विभाजित छ । यस महाकाव्यमा सर्गलाई नभनी तरङ्ग भनिएको छ, यो कविको नयाँ प्रयोग हो । तरङ्गहरू एक अर्कासित सम्बन्धित र शृङ्खलित बन्दै गएका छन् । यस महाकाव्यमा प्रत्येक तरङ्गको अन्तिम श्लोक भावी तरङ्गको कथाको सङ्केत वा सूचना श्लोकका रूपमा रहेका छन् । त्यसैले यो मान्यता पूर्वीय महाकाव्यीय मान्यतासँग पूर्ण मेल खाने देखिन्छ ।

प्रस्तुत महाकाव्यमा कुनै पनि तरङ्गका श्लोक सख्या समान रहेको पाइदैन । घटीमा तेइस श्लोक सख्या भएका तरङ्गदेखि बढीमा एकसय चार श्लोक सख्यासम्म भएका तरङ्ग यस महाकाव्यमा रहेकाछन् । यस महाकाव्यको कुनै तरङ्गमा तरङ्गभरि एउटै छन्द प्रयोग गरेर तरङ्गान्तको एउटा श्लोकमा मात्र छन्द परिवर्तन गरिएको भेटिन्छ भने कुनै तरङ्गमा विविध छन्द प्रयोग भएको पनि भेटिन्छ ।

## ४.५ परिवेश

बालागुरु महाकाव्यमा पात्रले भोगेका जीवनजगतका रूपमा व्यापक परिवेशको चित्रण भएको छ । नेपालको पूर्वी भोजपुर जिल्लामा अवस्थित दिङ्लाका गाउँ, वेसी, खोला, पहाड हुँदै जनकपुर, काशी लगाएत खोटाङ् पोखरा र काठमाडौंसम्म यसको कथानक फैलिएको छ । चरित्र प्रधान विषयबस्तुमा आधारित कथानक भएकाले यस महाकाव्यले नेपाली सामाजिक परिवेशलाई नै आधारभूमि बनाएको छ । नेपालको परिवेश अनुसार पाइने गाउँले परिवेशका सार्थ प्रकृतिको चित्रण र नेपालको शासन व्यवस्था आदिको उचित वर्णन यस महाकाव्यमा गरिएको छ । बालागुरु एउटा गरिव परिवारमा जन्म भएको भए पनि उनले शिक्षा आर्जन गर्न नेपालको जनकपुर तथा भारत पुगेका थिए । यसकासाथै शिक्षादीक्षा आर्जन गरेपछि यागसाधाना गर्न नेपालको बागमतीमा आइ बसेका र त्यसपछि

तीर्थ भ्रमणका क्रममा भारतका विभिन्न ठाउँहरू घुमेका थिए । यसरी यस महाकाव्यमा नेपालको सामाजिक, संस्कृति वातावरणलाई मुख्य रूपमा देखाइएको छ भने तत्कालीन समसामयिक परिस्थिति र राजनीतिक गतिविधिलाई समेत चित्रण गरिएको छ ।

चरित्रिक रूपमा हेर्दा बालागुरुको जन्म, बाल्यकाल, उनले आर्जन गरेका शिक्षा-दीक्षा, तीर्थभ्रमण, उनले गरेका धार्मिक, सामाजिक, सांस्कृतिक कार्यको वर्णनको साथै काव्यकारका नीजि अनुभवहरू यस महाकाव्यमा प्रसङ्ग अनुसार गरिएको छ ।

प्रस्तुत महाकाव्यमा तत्कालीन नेपाली समाजको राजनीतिक तथा ऐतिहासिक घटनालाई पनि देखाईएको छ । राणा शासनले जरा गाडेको वेला बालागुरुलाई सरकारी स्तरको सहयोग मिलेको थियो -

बस्ता ज्ञान प्रचार भो र गुरुको राणाहरूमा पनि ।
राम्रो पर्नगयो प्रभाव यिनको हुन् सिद्ध योगी भनी ॥
बस्ने आश्रम, भोजनादि सबको राम्रो व्यवस्था थियो ।
पाए आदर योग्य पूर्णरूपले सर्कारका तर्फको ॥

(३ :२०)

बालागुरुप्रति राणाहरूको सकरात्मक प्रबृत्ति रहेको थियो । पाठशाला स्थापना गर्दा पनि बालागुरु पटक-पटक राणाहरूसँग गएका र उनले भने अनुसारनै देशलाई दास प्रथा, सतीप्रथा हटेको भनाइ रहेको छ । त्यसपछि राजनीति परिवेशलाई लिँदा २००७ सालको प्रजातन्त्रको स्थापना भएको वेला दिङ्लाको गुठीमा भएको सम्पतीबाट एक दुइ जना मानिसले राजनीति गरि दिङ्लाका सम्पूर्ण संरचनाहरू ओझेलमा परेका प्रसङ्गहरूको वर्णन यस महाकाव्यमा गरिएको । दिङ्लालाई सरकारीस्तरको सहयोग भई फेरी विकासको गतिमा अगाडि बढेको चर्चा गरिएको छ । यस महाकाव्यमा सामाजिक परिवेश अनुसार विभिन्न संस्कृति र सभ्यताको वर्णन गरिएको छ ।

पूर्वीय मान्यता अनुरूपको व्यापक परिवेश यस महाकाव्यले ग्रहण गरेको देखिन्छ । बालागुरुको जन्म भोजपुर जिल्लाको दिङ्लामा भई अध्ययन, योगसाधना र तीर्थभ्रमणका क्रममा नेपाल लगाएत भारतका विभिन्न ठाउँको व्यापक परिवेश भएको बालागुरुको जीवनगाथालाई विषयबस्तु बनाउनु पनि यसको परिवेशगत व्यापकतालाई औंल्याउँछ । पूर्वीय मान्यता अनुसार महाकाव्यमा नगर, यात्रा, समुद्र, वन, पर्वत, मानव सभ्यताको विकास आदिको वर्णन पाइन्छ । यस महाकाव्यमा महाकाव्यकारले आफू बाँचेको युग,

आफूले देखे भोगेको घट्नाहरू, आफ्नो मौलिक विचार, जीवन जगतसम्बन्धी मान्यतालाई समेत प्रस्तुत गरेका छन् । त्यसकारण यस महाकाव्यको परिवेश एवम् वातावरण व्यापक समसामयिक, प्राचीन तथा सान्दर्भिक र स्वाभाविक पनि रहेको छ । परिवर्तन गरिएको भेटिन्छ भने कुनै तरङ्गमा विविध छन्द प्रयोग भएको पनि भेटिन्छ ।

## ४.६ रस/भाव

पूर्वीय महाकाव्यीय मान्यता अनुसार महाकाव्यमा शृङ्गार, वीर र शान्त रस मध्ये कुनै एउटा रसलाई अङ्गीरसका रूपमा आउनु पर्दछ भने पश्चिमी मान्यता अनुसार महाकाव्य दुःखान्त हुनुपर्ने भएकाले करूण रसलाई अङ्गीरसका रूपमा स्विकारीएको छ । त्यसो त आचार्य आनन्दबर्धनले पूर्वीय उपजीव्य काव्य रामायणमा पनि प्रबन्धात्मक अङ्गी रगका रुपमा करुण रसलाई लिएका छन् (जोशी, २०४६ : ९३) ।

रामायणमाकरूण प्रस्तुत महाकाव्यमा बालागुरुकी आमाको अन्त्यले पनि करूण रसलाई सङ्केत गरेको छ–

यस महाकाव्यमा पनि पश्चिमी मान्यता अनुसार रसको प्रयोग भएको छ ।

प्रस्तुत बालागुरु महाकाव्यमा प्रमुख रूपमा करूण रस देखिन्छ । किनभने यसमा बालागुरुको अवसान भएको वेला चराचर जगत पनि शोकाकुल भएको चर्चा कविले गरेका छन् । बालागुरुले आठ वर्षको उमेरमा घर छाडेर हिंड्दा पनि आमालाई एक प्रकारको शोक परेको देखिन्छ । पछि बालागुरु आफ्नो जन्मस्थान फर्केर आएपछि उनकी आमाको अन्तिम अवस्था भइ सकेको थियो । उनी पुगेको तीन दिन पछि आमाको मृत्यु भएको कारणले यहाँ पनि करूण रसनै रहेको छ । प्रस्तुत महाकाव्यका चरित्र शान्त प्रकृतिको योगी, त्यागी भएपनि शान्तरस प्रवल रहनु पर्ने ठाउँमा करूण रस मुख्य रसको रूपमा रहेको छ ।

### ४.६.१ करूण रस

प्रस्तुत महाकाव्यमा बालागुरुकी आमाको अन्त्यले पनि करूण रसलाई सङ्केत गरेको छ–

देखें यो सपना र निश्चय गरें सम्झेर माताकन ।
माताको अब अन्त्यको समय भो गर्नेछु गै दर्शन ॥
भन्ने आशयले तुरुन्त घरमा आई गरे दर्शन ।

माता जानुभयो विदा हुनभई छोडेर पृथ्वीकन ॥

(५:९)

आमा आलम्बन विभाव, आमाको सम्झना उद्दिपन विभाव, आमाको मृत्यु पछिको रुनु कराउनु अनुभाव आमाप्रतिको बालागुरुको अवसान भएको समयमा करूण रसलाई यसरी प्रस्तुत गरिएको छ - विषाद, शोक व्यभिचारी भावबाट शान्तरस उत्पन्न भएको छ ।

त्यो बेला सब भक्तका हृदयमा गाँठो परेको थियो ।
भेला मानिस जो थिए सकलको आँसू झरेको थियो ॥
गर्थे राम हरे पुकार कतिले कोही त नारायण ।
क्वै भन्थे कसरी हराउन गयौ हे ज्ञानका दीपक ॥

(७ :६२)

यहाँ बालागुरुको मृत शरीर आलम्बन विभाव, उनका गुण उद्दिपन विभाव, आशु झर्नु, मुटुमा गाँठो पर्नु, बालागुरु प्रतिको विषाद व्यभिचारी भाव भएर शान्तरस अनुभाव उत्पन्न भएको छ ।

## ४.६.२ शान्त रस

प्रस्तुत महाकाव्यमा अङ्गीरसको रूपकम करूण रस भएपनि अङ्गरसको रूपमा शान्त रस पनि रहेको छ । शान्तरसको प्रयोग निम्न अनुसार गरिएको छ –

जोगी भै अहिले षडानन् यहाँ आए अरे गाउँमा ।
हल्ला भो जब, गर्न दर्शन सबै आए गढीगाउँका ॥
दाह्री, केश, जुँगा सबै चहकिला, काला र लामा पनि ।
लाएको कपडा छ गेरु रङको धोती र भोटो अनि ॥

(४ : ३२)

बालागुरु आलम्बन विभाव, उनले लगाएको गेरु रङको कपडा उद्दीपन विभाव, जोगी भेष अनुभाव, उनको स्वभाव, घृति आदि व्यभिचारी भावहरूबाट शम स्थायीभाव शान्तरस स्वरूप बनेर अभिव्यक्त भएर शान्तरस प्रकट भएको छ ।

## ४.६.३ भाव

प्रस्तुत महाकाव्यको चौथो तरङ्गमा बात्सल्य भाव प्रकट भएको छ । प्रस्तुत तरङ्गमा आमा र छोरा बीचको कुराकानीलाई प्रस्तुत गरि कविले बात्सल्य भाव प्रकट गरेका छन् ।

यहाँ प्रयोग गरिएको भाव निम्नानुसार छ –

सुन्दैमा यतिमात्र बात, जननी आएछ कान्छो भनी ।
पारी टल्पल आँसुले नयनमा बोलिन् बलैले गरी ॥
सम्झी आज अगाडि दर्शन दिई बोली सुनाई दियौ ।
मेरो पुत्रवियाग–कष्ट अहिले सारा हटाई दियौ ॥
(४ : १६)

यहाँ बालागुरुको बचन सुनेपछि उनकी विरामी आमाले छोरालाई चिनेको र आँखाभरि आँसु पारी बिस्तारै बोलेर आज सम्झेर आइ दर्शन दियौ र पुत्र वियोगको जुन कष्ट पीडा थियो त्यो सारालाई हटाई दियौ भन्ने भाव प्रकट भएको छ ।

मेरो बाबु ! तिमी कतातिर थियौ खोजी गरेंथे रुँदै ।
ध्यौरालीतिर फर्किई नजरले हेर्ने गरेंथे सधैं ॥
आफ्नो यो घर संम्झिएर मनले आए हुँदो हो भनी ।
पाली नित्य शरीर यो, विरहले बस्थें खरानी बनी ॥
(४ :१८)

यहाँ बालागुरुकी आमाले बालागुरुलाई बाबु भनि सम्बोधन गरी, तिमी कता गएका थियौ रुदै खोजेकी थिएँ । जहलि पनि ध्यौरालीतिर हेर्दथैं आफ्नो घर सम्झेर आए पनि हुने थियो भनि, सधैं मेरो शरीर पीरले पाल्दथ्यो र खरानी जस्तै सुखा भएर बस्दथें भन्ने छोराप्रतिको स्नेहभाव प्रकट भएको छ ।

प्रस्तुत महाकाव्यमा प्रमुख रसका रूपमा करूण रसको प्रयोग भएको छ । करूण रस प्रमुख हुने मान्यता पूर्वीय नभएर पश्चिमी मान्यता अनुसार रहेको छ । पश्चिमी काव्य सिद्धान्तमा करूण रसलाई अङ्गी रसको रूपमा लिइएको छ भने पूर्वीय मान्यता अनुसार शृङ्गार, वीर र शान्त रसमध्ये कुनै एकलाई अङ्गी रस र अन्य रसलाई अङ्गरसका रूपमा स्विकारीएको छ । प्रस्तुत महाकाव्यमा रसमान्यतामा पूर्वीय मान्यता अनुसार नभएर पश्चिमी मान्यता गएर मिलेको छ । यो मान्यता पूर्वीय महाकाव्यीय मान्यताका क्षेत्रमा नयाँ मान्यताको प्रयोग भएको छ । प्रमुख रस करूण भए पनि यसमा शान्तरस अङ्ग रसका रूपमा प्रयोग भएको छ भने विभिन्न भावहरू पनि प्रयोग भएका छन् ।

## ४.७ छन्द वा लय

कविताको प्रमुख परिचायक तत्त्व छन्द वा लय भएकाले महाकाव्यमा विविध प्रकारका छन्द वा लयको प्रयोग गरिनु पर्छ भन्ने मान्यता पूर्वमा रहेको छ भने एउर्ट षटपदी

वीर छन्दको प्रयोगलाई पश्चिममा स्वीकारिएको छ । महाकाव्यकमा एउटा सर्गमा विविध छन्दहरूको प्रयोग गर्नुपर्दछ र अन्य सर्गको सर्गान्तमा बाहेक सर्गभरि एउटै छन्द पनि रहन सक्छ भन्ने पनि पूर्वीय मान्यता रहेको पाइन्छ (सिग्देल, २०५८ : ९१) यस सन्दर्भमा प्रस्तुत महाकाव्यलाई हेर्ने हो भने यस महाकाव्यमा छन्द प्रयोग सम्बन्धी पूर्वीय मान्यतालाई पालना गरिएको छ । यसमा कुनै तरङ्गभरि एकै छन्द र तरङ्गान्तमा अर्को छन्दको प्रयोग गरिएको छ भने कुनै तरङ्गमा एक भन्दा बढी छन्दको प्रयोग पनि गरिएको देखिन्छ । यसमा शास्त्रीय वार्णिक तथा मात्रिक दुवै किसिमका छन्दहरूको प्रयोग गरिएका छ ।

प्रस्तुत महाकाव्यको पहिलो तरङ्गमा तरङ्गभरिनै शार्दुलबिक्रीडित छन्दको प्रयोग गरिएको छ भने तरङ्गान्तमा मात्र छन्द परिवर्तनको रूपमा उपजाति छन्दको प्रयोग गरिएको छ ।

### ४.७.१ शार्दुलबिक्रीडित छन्द

वार्णिक छन्द अन्तर्गत यस महाकाव्यका धेरै जसो श्लोकमा शार्दुलबिक्रीडित छन्दको प्रयोग गरिएको छ –

यस्तो यो भयभीतिको समयमा नेपालका सन्तति ।
के शिक्षा कसले लिएर कसरी गर्ने यहाँ अध्यारो उन्नति ॥
दिङ्ला क्षेत्र पहाड हो विकटको सार्है अध्यारो कुनु ।
त्यस्ता शासनमा रहेर कसरी शिक्षा-विकासै हुनु ॥

(२ : १)

यस महाकाव्यमा शार्दुलबिक्रीडित छन्दमा म स ज स त त गु गण रहन्छन् ।

### ४.७.२ मन्दाक्रान्त छन्द

यसरी नै यस महाकाव्यमा सप्तम तरङ्गमा मन्दाक्रान्त छन्दको प्रयोग भएको छ । यस महाकाव्यमा म भ न त त गु गु हुने छन्द मन्दाक्रान्त छन्द हो -

दिङ्लाभित्रै पनि जब नयाँ सभ्यता क्यै पलायो ।
गूठी सञ्चालक सकलको ध्यान अन्तै लगायो ॥
पैलेका मन्दिर, घर, कला कालले नै लडायो ।
ऐले क्यै निर्मित हुनगए त्यो पुरानो हरायो ॥

(७ : ७९)

### ४.७.३ इन्द्रबज्रा छन्द

प्रस्तुत महाकाव्यको पहिलो तरङ्ग, दोस्रो तरङ्ग, तेस्रो तरङ्ग, चौथो तरङ्ग र छैटौं तरङ्गहरूका अन्तिममा इन्द्रबज्रा छन्दको प्रयोग गरिएको छ । इन्द्रबज्रा छन्दको उदाहरण -

शिक्षा दिई स्वर्ग गइन् र माता ।
के काम गर्ने अब शोच गर्दा ॥
राख्ने भई देव र पाठशाला ।
दिङ्ला निवासी जन हुन्छ भेला ॥
(७ : ७९)

### ४.७.४ स्रग्धरा छन्द

प्रस्तुत महाकाव्यको पाँचौ तरङ्गको अन्तिमको एउटा श्लोकमा स्रग्धरा छन्दको प्रयोग गरिएको छ -

सारे ती देव, विद्यालय तल नजिकै भो तयारी बगैंचा ।
खाने पानी र नाना किसिम किसिमका कुण्डको भो व्यवस्था ॥
ह्मा्रा हिन्दुत्वका जे सकल नियम छन् ती सबै ज्ञान गर्न ।
राम्रो गर्दै व्यवस्था समय समयमा भन्न लागे पुराण ॥
(५ : ७४)

### ४.७.५ अनुष्टुप छन्द

यस महाकाव्यको आठौं तरङ्गमा तीनवटा छन्दहरूको प्रयोग गरिएको छ । यस तरङ्गका धेरै जसो श्लोकहरू शार्दुलविक्रीडित छन्दका रहेका छन् । पन्ध्रवटा श्लोकमा अनुष्टुप छन्दको प्रयोग गरिएको छ भने दशवटा श्लोकहरू बसन्ततिलका छन्दको प्रयोग गरिएको छ । अनुष्टुप छन्दको उदाहरण -

षडानन्द महाविद्यालय संस्कृततर्फमा ।
निवेदन गरे खोल्ने सम्बन्धित विभागमा ॥
(८ : ४८)

### ४.७.६ बसन्ततिलका छन्द

यस तरङ्गमा प्रयोग भएको बसन्ततिलका छन्दको उदाहरण -

विज्ञानको चकचकी सुख सम्झिएर ।
बस्नै नसक्नु हुनगो जब एक्लिएर ॥

सम्पूर्ण चाल परिवर्तनशील जानी ।
हेर्दा भविष्यतिर यो अनिवार्य ठानी ॥
(८ : ५७)

यसरी यस महाकाव्यमा विभिन्न छन्दहरूको प्रयोग भए पनि मूल रूपमा शार्दुलविक्रीडित छन्दको प्रयोग भएको छ । प्रस्तुत महाकाव्यमा जम्मा पाँच सय सतसट्ठी श्लोकहरू रहेका  छन् । जसमध्ये मूलरूपमा शार्दुलविक्रीडित छन्द रहेको छ । यस छन्दको श्लोकहरू पाँच सय छब्बीस रहेका छन् । त्यसै त्यसैगरी स्रग्धरा र मन्दाक्रान्ता छन्दको पनि एक एक श्लोक रहेका छन् भने बसन्ततिलकाका चौध श्लोक रहेका छन् भने अनुष्टुप छन्दका सत्र श्लोकहरूको प्रयोग गरिएको छ । त्यसैगरी यस महाकाव्यमा प्रयोग गरिएको इन्द्रबज्रा छन्दमा श्लोकहरू रहेका छन् । यस महाकाव्यका श्लोकहरू लयात्मक र स्वाभाविक रहेका छन् ।

## ४.८ शीर्षकीकरण

पूर्वीय साहित्य शास्त्रीहरू मध्ये विश्वनाथले महाकाव्यको शीर्षकीकरणका वारेमा पनि सङ्केत गरेको पाइन्छ । नाम/शीर्षक प्रत्येक साहित्यिक कृतिका सिरान वा आरम्भमा रहने त्यस्तो चिन्ह हो जसको सहायताले नै सो कृतिलाई चिन्ने चिनाउने गरिन्छ । प्रत्येक महाकाव्यत्मक कृतिको पनि आफ्नो नाम शीर्षक हुन्छ त्यही शीर्षकका आधारमा महाकाव्यलाई चिन्ने गरिन्छ । त्यसैले महाकाव्यमा शीर्षकीकरण पनि महाकाव्यमा आवश्यक तत्त्वको रूपमा रहेको छ । महाकाव्यको नाम कविको वा नायकको वा प्रतिनायकको वा कथानकको नामबाट र अवान्तरसर्गको नाम त्यसको विषय लिएर राख्नु पर्दछ (सिग्देल, २०५८ :९१) ।

प्रस्तुत महाकाव्यको शीर्षकीकरण पूर्णः पूर्वीय मान्यताका आधारमा गरिएको छ । पूर्वीय मान्यता अनुसार ग्रन्थको शीर्षकीकरण नायक, प्रतिनायक वा कथानकको नामबाट राखिनु पर्ने भएकोले यस महाकाव्यको शीर्षकीकरण नायकका नामबाट राखिएको छ । यस महाकाव्यका नायक बालागुरु हुन् । उनकै नामबाट महाकाव्यको शीर्षक बालागुरु राखिएको छ । उनको जीवन चरित्रमा आधारित भएर यस महाकाव्यको रचना गरिएको छ । यस महाकाव्यमा बालागुरुको जन्म, शिक्षादीक्षा उनले गरेका विभिन्न कार्यहरूको वर्णन यस काव्यभित्र भएकाले यसको शीर्षकीकरण उचित रहेको छ ।

## ४.९ जीवन दर्शन

कुनै पनि साहित्यकारले जीवनजगत प्रतिको आफ्नो दृष्टिकोण वा विचारलाई कुनै पात्रका माध्यमबाट प्रत्येक्ष रूपमा आफ्नो कृतिमा व्यक्त हुन्छ । कविको जीवनजगत प्रतिको दृष्टिकोण जे जसरी व्यक्त गरेको हुन्छ त्यसैलाई जीवनदर्शन भनिन्छ । बालागुरु महाकाव्यमा पनि महाकाव्यकारले समसामयिक युगजीवनमा देखिएका विकृति विसङ्गतिका साथै आध्यात्मिक चिन्तनलाई जनमानससामु ल्याएका छन् । यसरी प्रस्तुत महाकाव्यमा आध्यात्मिक चिन्तन रहेको देखिन्छ । प्रस्तुत महाकाव्यमा कविले वेदान्त दर्शनलाई यसरी प्रस्तुत गरेका छन् -

मायाबाट भएछ सृष्टि पहिले 'मेरो' 'म' भन्ने पन ।
'मेरो' भन्नु 'म' भन्नु नै मनुजका हुन्छन् सदा बन्धन ॥
मेरो छैन म छैन शून्य सब हो माया छ यो केवल ।
हेरौं ज्ञान विवेकका नयलने देखिन्छ यो निर्मल ॥

(७ :५०)

मायाबाट 'मेरा' र म को सृष्टि भएको हो, यही मेरो र मबाट नै मानिसलाई सदै बन्धन भएको छ । मेरो छैन म पनि छैन भन्ने भावनालाई राखेर ज्ञानको आँखाले हेर्दा सधैं सफा देखिन्छ भन्ने चिन्तन प्रस्तुत श्लोकमा व्यक्त गरिएको छ ।

यौटै इश्वर अंश जीवन हुनगै अज्ञानले देहम ।
बस्ता देह बनेर दुःख-सुखमा राखी अहम् भावना ॥
गर्दा कर्म शरीर यो बदलिंदो थाहै नपाईकन ।
नाना देह लिएर घुम्दछ सधैं भै कर्मको बन्धन ॥

(७: ५१)

जीवमा आत्मा र परमात्मा दुई स्वरूप हुन्छन् । परमात्मा जीव आत्माको अंश हो, त्यसैले मानिसमा दुःख सुख र अहंमको भावना सिर्जना गर्दछ । आफ्नो कर्मको भोग गर्दै शरीरलाई छोडेर आत्मा चाहिं घुमिरहन्छ भन्ने भाव व्यक्त भएको छ ।

छाडी पूर्ण स्वरूप, लोभवशले यो देहमा अल्झियों ।
बस्ने पूर्ण भएर इश्वर बनी भन्ने कुरा बिर्सियौं ॥
माछाकै सरि अल्झियौं कुमतिले दुष्कर्मको जालमा ।
काटी जाल जाल विवेक–ज्ञानबलले मिल्ने गरौं इशमा ॥

(७ : ५२)

हामीले इश्वरलाई बिर्सिएर पूर्णरूपले लोभको वशमा देहलाई अल्झाइ रहेका छौं । माछा जसरी जालमा परेर अल्झिन्छ यदी उसले जाल काट्न सके मात्र बाहिर नस्किन्छ नसकेमा जालमा नै रहन्छ त्यसैनै हामी पनि संसाररूपी जालमा परेर अल्झिरहेका छौं । ज्ञानरूपी बलले यो जाललाई काट्न सकेमात्र हामीले इश्वरको चिन्तन गर्न सक्दछौं भन्ने भाव पाइन्छ ।

लाएको कपडासमान बुझियो यो देह ता आखिर ।
लााई, यो कपडा सबै गरिलिने कर्ता छ अर्कैतिर ॥
थोत्रो देह सडेर जान्छ तर यो कर्ता सदा जिवित ।
नाना कर्म र भोगका वश परी अज्ञानले बुज्दछ ॥
(७ : ५६)

हाम्रो देह केवल कपडाजस्तो । काम गर्ने कर्ता अर्का हुने, देह सडेर जान्छ तर काम गर्न कर्ता सधै जीवित रहने र आफूले गरेको कर्मको फल भोग गर्दै घुमिरहन्छ भन्ने प्रस्तुत श्लोकको भाव रहेको छ ।

काव्यकारले कर्म गर फलको आश नगर भन्ने गीताको भनाइलाई यसरी प्रस्तुत गरेका छन् -

धेरै पून्य - सुकर्मको फल हुँदा आयौं भई मानव ।
सच्चित् पूर्णस्वरूप बन्न सकिने मौका छ यो उत्तम ॥
अर्काको उपकार गर्नु र सदा सत्कर्म निष्कामना ।
गर्दैगै परमेशमा लय हुने गर्ने गरौं चिन्तन ॥
(७ : ५७)

ठुलो पुण्यको फलले मानिसको चोला मानव भएको हो । यही मानव चोलानै उत्तम हो यस चोलामा इश्वरहरूपनि जन्मलिन चाहान्छन् । अर्काको सधै उपकार गर्नु, भलाई हुने कार्य गर्नु तर फलको आश नगरी भगवानमा लिन हुने चिन्तन गरौं भन्ने भावमा गीताको श्लोकर्ला कविले प्रस्तुत महाकाव्यमा व्यक्त गरेका छन् । यस महाकाव्यमा पाइने मुख्य चिन्तन आध्यात्मिक चिन्तन नै हो ।

## ४.१० भाषाशैली

महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको बालागुरु महाकाव्यमा सरल, सुबोध्य, प्रवाहमय भाषाको प्रयोग भएको छ । महाकाव्यको महत्त्वपूर्ण घटक तत्त्व भाषाशैली पनि हो । आचार्य भामहले महाकाव्यको भाषाशैली अलङ्कारयुक्त तथा संघनतापूर्ण समेत हुनुपर्ने

बताएका छन् । त्यसैगरी आचार्य दण्डीले पनि महाकाव्यको भाषाशैली अलङ्कृत हुनुपर्छ भनी उल्लेख गरेका छन् । रुद्रट र विश्वनाथले महाकाव्यको भाषाशैलीका बारेमा प्रष्ट टिप्पणी गरेको पाईंदैन (अवस्थी, २०६४ :२४) । पूर्वीय आचार्यहरूले महाकाव्यमा त्यस्तो अलङ्कृतियुक्त र समुद्धिपूर्ण भाषिक वर्णनशैलीको अपेक्षा गरेको पाइन्छ, जुन रसले युक्त भएको हुनपर्दछ ।यस महाकाव्यको भाषाशैलीका बारेमा स्वयम् कविले यसो भनेका छन् -

जान्ने लेखक हवैन लेखनकला मेरो सदा शून्य छ ।
श्रद्धाले मन कुत्कुत्याउन गई गर्दछु क्यै साहास ॥
भाषा, शब्द र वाक्य छन्द रसमा टर्रो भएता पनि ।
ल्यायँ पाठकमा कुनै दिन यहाँ होला भनी औषधि ॥
(मंङ्गलाचरण : १४)

प्रस्तुत महाकाव्यको भाषाशैली सरल रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यस महाकाव्यमा तत्सम ठाउँ आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ भने ठाउँ ठाउँमा ठेट नेपाली शब्दहरू पनि प्रयोग गरिएको पाइन्छ । यस महाकाव्यको भाषाशैली स्वभावोक्तिमूलक रहेको छ । यस महाकाव्यमा महाकाव्यकारले सरल भन्दा सरल तत्त्वसम शब्दहरूको प्रयोग गरेका छन् । यहाँका शब्दहरू क्लिष्ट एवम् दुर्बोध्य छैनन् । नेपाली साहित्यका पाठकहरू जो सुकैका लागि पनि यो सरल एवम् सरस छ । संस्कृतका तत्सम शब्दका साथै आगन्तुक शब्दहरू प्रयोग भएका छन् । यहाँ विभिन्न अलङ्कारको प्रयोगले गर्दा महाकाव्य रोचक बन्न गएको छ ।

प्रस्तुत महाकाव्य केही सन्धि भएका शब्दहरू पनि प्रयोग गरिएका छन् - पाखा-पखेरा, भीर-पहरा, जन्म-जननी, योग-वियोग, ज्ञान-बत्ती आदि सन्धि शब्दहरूको प्रयोग भएकोछ ।

त्यसैगरी यस महाकाव्यमा समासयुक्त शब्दहरूको पनि प्रयोग पाइन्छ -तीर्थस्थल, प्रतिष्ठापन, पुण्यस्थल, योगाभ्यास, पद्मासन, सुधासमान, देवमन्दिरहरू, इष्टदेवी, जपकर्म आदि ।

यस महाकाव्यमा महाकाव्यकारले संस्कृत तत्सम शब्दहरूको प्रयोग प्रशस्त गरेका छन् जसमध्ये केही तत्सम शब्दहरू यस्ता छन्- आर्यावर्त, वृक्ष, लता, पर्वत, ब्रम्हाण, धर्म, कर्म वेद, नेत्र, पद्मासन, मिर्गासन, भस्म, जप, माता, स्वर्ग, पाठशाला, जन्मभूमि, सुत, ब्रतबन्ध, मातृवात्सल्यको, शयनमा, ब्रह्मचारी, गोकर्ण, कष्ट, हाम्रा संस्कृति, धर्मसंस्कृति, विद्यासंस्कृत, प्रतिष्ठापन, सकलमा, पिता, विमुग्ध, पञ्चवाद्य, यत्रस्थल, तुप्त, बसन्त ऋृतुको

कोकिल, पवनले विस्तृत, व्यामोह नासिका शोभाले, विमुग्ध, आध्यात्म, आनन्दको तपस्थल, स्नान, दान, पुण्य, सुकर्मी, जनले, सिद्ध महर्षि, आनन्दमा पुण्य, सत्कर्म, शोधादायक सौभाग्यको, सुवास, भक्तहरू, आश्रममा, रम्यस्थल, नित्य, मनुजका, तुलसी, सती, लोकमा, विद्या पादप, महर्षिसरि, सुभावना, आर्यावर्त, आलोक, प्रज्ञान आदि धेरै संस्कृत तत्सम शब्दहरू रहेका छन् । यस महाकाव्यमा धेरै जसो संस्कृत तत्सम शब्दहरूनै प्रयोग भएका छन् ।

त्यसैगरी प्रस्तुत महाकाव्यमा आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ- हिमाल कापिच, खोला, भीर-पहरा, आड, डेरा, गाँठो, शाखा, निम्ता, विरुवा, पत्थर, ईँट, खावा, फक्किर, भुँवरी, हाट, चाकरी, नोकरी, थोत्रा ढलेका, चोट, परखाल आदि ।

प्रस्तुत महाकाव्यमा ठेट नेपाली शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ -तर्कारी, गाईवस्तु, माटो, सिस्नु, गाठालो, भतुवा, कान्छो, सुकुरी, कुटो, हँसिया आदि ।

प्रस्तुत महाकाव्यमा बालागुरुले गरेका विभिन्न कार्यहरूलाई घट्ना, पात्र, परिवेश र वातारणलाई प्रस्तुत गरेर आख्यानको निर्माण गरी उपयुक्त कथन पद्धति अङ्गीकार गरिएको छ । यस महाकाव्यमा स्वयम् महाकाव्यकारकै कथन पद्धतिबाट पनि यो महाकाव्य अगाडि बढेको छ ।

प्रस्तुत महाकाव्यमा काव्यकारले महाकाव्यको मूल पात्र बालागुरुलाई उभ्याएर कथानकलाई अगाडि बढाएका छन् भने ठाउँ ठाउँमा सहायक तथा गौण पात्रहरूलाइ पनि उपस्थित गराएका छन् ।

यस महाकाव्यमा पहिलो तरङ्गमा विभिन्न पौराणिक दीपहरूको उल्लेख गरिएको छ । त्यसैगरी दोस्रो तरङ्गदेखि नौं तरङ्गसम्म बालागुरुको जन्म, बाल्यकाल, उनले प्राप्त गरेको शिक्षादीक्ष, उनले गरेका विभिन्न कार्यहरूको वर्णन गर्नुका साथै उनले गरेका विभिन्न आलौकिक कार्य तथा महाकाव्यकारले बालागुरुलाइ अहिलेको दिङ्लालाई हेर्न आउ भनी आव्हान गरेको प्रस्तुतीबाट यो महाकाव्यको अन्त्य भएको छ । त्यसैले यो महाकाव्यको भाषा सरल छ । यो महाकाव्यलाई पढ्दा धेरै ठाउँमा लय परिवर्तन गर्नु पर्दैन, धेरै जसो श्लोकहरू एकै छन्दमा रहेका छन् ।

### ४.१०.१ बालागुरु महाकाव्यमा अलङ्कार विधान

प्रस्तुत महाकाव्यमा काव्यकारले विभिन्न अलङ्कारहरूको प्रयोग गरेर महाकाव्यलाई रोचक बनाएका छन् । प्रस्तुत महाकाव्यमा शब्दालाङ्कारको प्रयोग भएको र अर्थालङ्कार दुवै अलङ्कारहरूको प्रयोग भएको छ । यस महाकाव्यको कथावस्तु ऐतिहासिक विषयमा आधारित रहेको छ । प्रस्तुत महाकाव्यमा प्रयोग भएका अलङ्कारहरू निम्नानुसार छन् -

**उपमा**

भित्ता मन्दिरका अतीव बलिया चिल्ला बनेका थिए ।
पक्की ईंट जडेर निर्मित हुँदा ती बज्रझै देखिए ॥
ढोका, झ्याल बनाउनाकल भनी ढुङ्ग जडेका थिए ।
राम्रो गोल मिली कला सब यहीं भेला भएका थिए ॥

(६ : ३१)

यहाँ मन्दिरको निर्माण गरेको ईंटलाई इन्द्रको बज्रसँग तुलना गरिएको छ, त्यसैले यसमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

पस्ने मन्दिरभित्र, दक्षिण दिशा ढोका रहेका थिए ।
ढोकाबाहिर नै अनेक रूपका घण्टा झुलेका थिए ॥
हेर्दा दर्शकबृन्द मुग्धहुन गै तस्वीरझै देखिने ।
पस्ता मन्दिरभित्र, शीतल भई आनन्द पैदा हुने ॥

(६ : ३२)

यहाँ मन्दिरमा राखिएका घण्टालाई अनेक रूपसँग तुलना गरिएको छ ।

**रूपक**

डोरी ज्ञान-विवेकबाट बलियो बाँधेर पैले मन ।
रोकी इन्द्रिय-वासना गरिलिने सदरूपको चिन्तन ॥
मेरो हैन शरीर यो अलग हो साक्षीस्वरूप म ता ।
भन्ने ज्ञान लिएर निर्मल भई मिल्ने गरौ ईशमा ॥

(७ :५३)

यहाँ ज्ञान र विवेकलाई डोरीसँग आरो गरिएको छ ।

## उत्प्रेक्षा

उत्प्रेक्षा अलङ्कारको उदाहरण निम्ननुसार छ-

गर्दा दर्शन मूर्ति नै अब उठी बोल्छन् कि जस्ता हुने ।
हेर्दा पैह्रनको प्रकाश अहिले बल्छन् कि झैं देखिने ॥
तिर्खा, भोक, थकाइ, शोक जति हो हेर्दा सबै बिर्सिने ।
साँच्चै तीनजना उडेर अहिले आए कि झैं देखिने ॥

(६ :३४)

यहाँ दिङ्लामा स्थापना गरेका देवताहरू सजिव हुन सक्ने स्वभाविक कुरा सबै मानिसका पिडा भुलेर जाने सम्भावना प्रकट भएको छ ।

## स्वभावोक्ति अलङ्कार

स्वभावोक्ति अलङ्कारको निम्नानुसार प्रयोग गरिएको छ-

सीता, लक्ष्मण, राम शोभित हुदा दिङ्ला अयोध्या भयो ।
त्यो बेला जयगान-नाद भरिई आकाश नै डाकियो ॥
देवस्थापनको मुहूर्त जब भो त्यै ठीक बेला गरी ।
पढ्दै वेद शुरु भयो तब उता त्यो पाठशाला पनि ॥

(५ :५५)

यहाँ सीता, लक्ष्मण, रामको स्थापनाले दिङ्लालाई अयोध्याको जस्तै शोभा मिलेको यथार्थ वर्णन गरिएको छ ।

## अतिशयोक्ति अलङ्कार

प्रस्तुत महाकाव्यमा अतिशयोक्ति अलङ्कारको प्रयोग निम्नानुसार गरिएको छ -

राखेका शिवराममा मलिनता आई अध्यारा भए ।
छाडी सुन्दर भव्यता भवनले थोत्र ाबनेझै भए ॥
शेभादायक वाटिका, वन, लता हेर्दा सुकेझै भए ।
धारा, कुण्ड र पोखरी विरहले सुख्खा बनेका थिए ॥

(७ :६९)

प्रस्तुत श्लोकमा बालागुरुको मृत्यु भएको समयमा विभिन्न बस्तुमा मलिनता अ ाएको भनि निर्जीव बस्तहरूलाई बढाइ-चढाई गरेर वर्णन गरिएको हुनाले यहाँ अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ ।

### दृष्टान्त अलङ्कार

घुम्दै आइपुगी शरद् ऋतु यहाँ नानाथरी फूलका ।
शेभाले रगिंदा विचित्र रूपको देखिन्छ यो वाटिका ॥
हेर्थे दर्शकले विमुग्ध हुनगै विर्सेर संसार यो ।
गर्थे पान डुबुल्किदै जनहरू आध्यात्म आनन्दको ॥

(६ : ४५)

प्रस्तुत श्लोकमा पहिलो श्लाकको पुष्टिका लागि अरू श्लोक आएकाले यहाँ दृष्टान्त अलङ्कार रहेको छ । प्रस्तुत महाकाव्यमा अर्थालङ्कारका साथै शब्दालङ्करको प्रयोग गरिएको छ । शब्द योजनाको प्रयोगमा देखिने अलङ्कार शब्दालङ्कार हो अर्थात शब्दालङ्काले शब्द प्रयोगमा सौन्दर्य र चमत्कार थप्ने काम गर्दछ । शब्दलङ्कार अन्तर्गत अनुप्रास अलङ्कारको प्रयोग यस महाकाव्य भित्र भएको छ ।

## ४.१०.२ बालागुरु महाकाव्यमा गुणविधान

प्रस्तुत महाकाव्य सरल, सुललित पद-पदावली भएको महाकाव्य हो । यसका श्लोकहरू पढ्ने बित्तिकै वा सुन्ने बित्तिकै अर्थ छर्लङ्ग भएर हृर्दयमा बसिहाल्छ । त्यसकारण प्रसाद गुणकै अधिकता यस महाकाव्यमा पाइन्छ । प्रसाद गुणको एउटा उदाहरण हेरौं -

विद्या, तीर्थ र धर्म मिश्रित हुँदा भो यो त्रिवेणीस्थल ।
सीताराम सदा विराजित हुँदा मानिन्छ देवस्थल ॥
यी सम्पूर्ण कुरा व्यवस्थित गरी योगी षडानन्द ता ।
फर्की बस्नुभयो छपन्नतिरनै गै बाग्मती तीरमा ॥

(७ :३)

यसरी प्रस्तुत महाकाव्य भाषा र शिल्प सौन्दर्यका दृष्टिले उच्च देखिन्छ । सरल सरस र सुबोध्य भाषा यसमा पाइन्छ र शैली पनि सुन्दर, सह्रज तगा उदात्त किसिमको छ । शब्द प्रयोगमा आनुप्रासिकता पाइन्छ । संस्कृत तत्सम शब्दहरूको अधिकांश प्रयोग गरिए पनि सरल, सरस तथा सुमधुर शब्दहरूको बाहुल्य यसमा देखिन्छ ।

## ४.११ उद्देश्य

बालागुरु महाकाव्य चरित्र प्रधान महाकाव्य भएकाले यहाँ कथात्मक रूपमा विभिन्न चरित्रहरूको प्रस्तुत गरिएको छ । प्रस्तुत महाकाव्यमा बालागुरुका माध्यमद्वारा बालागुरुको जन्म, बाल्यकाल, उनले लिएको शिक्षा-दीक्ष, उनले गरेका विभिन्न कार्यहरूको चित्रण गर्नुका साथै दिङ्लाली जनताको संस्कृति र काव्यकारको अनुभूतिको प्रकाश पार्नु अथवा बालागुरु जस्ता महापुरुषको चरित्रलाई चिनाउनुका साथै आध्यात्मिक चिन्तनको प्रकाश पार्नु नै यस महाकाव्यको उद्देश्य रहेको देखिन्छ । बालागुरुको जन्मदेखि लिएर उनका जीवनमा देखेका, भोगेका कुराका साथै उनले गरेका विभिन्न कार्यहरूको चित्रण यसमा गरिएको सह्यार सुसार आमा दाजु र दिदीले गरेका थिए । उनको ब्रतबन्ध आठवर्षमा भएको थियो त्यस पछि उनले शिक्षा आर्जन गरी भोगसाधाना प्र्प त गरी विभिन्न धार्मिक, साँस्कृत र सामाजिक कार्यहरू गरेको थिए यिनै कार्यहरूको वर्णन सि महाकाव्यमा गरिएको छ । प्रस्तुत महाकाव्य लेख्नुको उदेश्य निम्न रहेको छ -

हामीले गुण सम्झिएर उनका उद्देश्यका खातिर ।
गर्दै काम मिलेर एक मतले लागौं विकासैतिर ॥
गर्दैनौ विपरीत काम उनका सिद्धान्त सम्झीकन ।
विन्ती गर्छु गारौ सदा प्रण यही हामी बनी, सज्जन ॥
(मङ्गालाचरण : ९)

के, कस्तो, कसरी दिएर कसले गूठी भयो सिर्जन ।
के-के कामनिमित्त खर्च कति के गर्ने थियो चाहना ॥
राखे जे पहिले प्रमाण गुरुले होला सुरक्षा भनी ॥
ल्याएँ क्यै जनतासमक्ष अहिले जानून् सबैले भनी ॥
(मङ्गालाचरण :१०)

राखेका सय वर्षपूर्व गुरुले उदेश्य के के थिए ।
ऐलेको युगमा महन्व तिनको उस्तै यहाँ देखिने ॥
शिक्षा, संस्कृति, धर्म, अर्थ सबमा देखाँउदै उन्नति ।
यहाँ सभ्य समाज सृष्टि हुनगो भै दुरदर्शी उनी ॥
(८ : ९१)

प्रस्तुत महाकाव्यको लेख्नुको प्रमुख उद्देश्य भन्नुनै बालागुरुले कुन उद्देश्य लिएर गरेका कार्यहरू अहिले कास्ता भएका छन् ती कार्यको मूल्यकनका लागि उनको व्यक्तित्वलाई प्रस्तुत महाकाव्यमा तत्कालीन नेपालको राजनीतिक पविर्तन र त्यस परिवर्तनले गर्दा दिङ्लामा बालालगुरुले गरका कार्यहरूमा परेको असरहरूलाइ पनि व्यक्त गएिको छ । यसरी तत्कालीन नेपालको राजनीतिक परिस्थितिले गर्दा बालागरुले गरेका सम्पूर्ण विकास निर्माणका कार्यहरू अध्यारामा परेका बाध्यतालाई प्रस्तुत गर्नपनि यस महाकाव्यको उदेश्य रहेको देखिन्छ ।

पूर्वीय महाकाव्यीय मान्यताले स्वीकारेको चतुर्वर्गफल धर्म, अर्थ, मोक्ष र काम मधये एउटा पुरुषार्थका प्रतिपादन हुन आवश्यक भएकाले यस महाकाव्यले पनि पालना गरेको देखिन्छ । प्रस्तुत महाकाव्यमा चतुर्वर्ग फल मध्ये धर्म र कामलाई मुख्य विषय बनाएको छ यसको मुख्य उदेश्यनै धार्मिक भाजना र सामाजिक कार्यहरू रहेको छ । मानिसको जीवन एकपटक जन्मने र जन्मेपछि यस धर्तीमा सधैं असल अथावा परोकारका निम्ति कार्य गरिनु हुदैन भन्ने मुख्य उदेश्य यस महाकाव्यको रहेको छ । र यसलाई नै कान्तासम्मित उपदेशको रूपमा पनि लिन सकिन्छ ।

पश्चिचीमी  मान्यताअनुरूपको मनोवेगहरूको समाजन गर्ने वा मनः- शान्ति प्रदान गर्ने उदेश्यलाई पनि आंशिह रूपमा बालागुरुले आफ्नो जीवनमा गरेका विभिन्न कार्यहरू अथवा उनको शान्त स्वभाव पाठकहरूले पनि यो काव्य पढिसकेपछि मनःशान्ति प्राप्त गर्ने उदेश्य महाकाव्यले लिएको देखिन्छ ।

## ४.१२ प्रकृतिको चित्रण

मानिस प्रकृतिमै जन्मन्छ, प्रकृतिमै हुर्कन्छ र प्रकृतिबाटै विभिन्न शिक्षा पनि हासिल गर्दछ । अन्त्यमा आफ्नो देह विर्सजन गरी प्रकृतिमै मिल्न पुग्दछ, यसरी प्रकृतिसँग मानव जीवनको अत्यन्तै घनिष्ट र गहिरो सम्बन्ध रहेको हुन्छ । कवि तथा साहित्यकारहरूले पनि आफ्ना सिर्जनामा प्रकृतिको प्रयोग गर्ने गर्दछन् । यसरी प्रकृति सिर्जनाका लागि आवश्यक हुने भएकाले महाकाव्यका लेखक अधिकारीले पनि यस महाकाव्यमा प्रकृतिको चित्रण गरेका छन् । प्रस्तुत महाकाव्यमा प्रकृतिलाई दुई प्रकारले चित्रण गरिएको छ । कविले वणनात्मक र मानविरणका आधारमा गरेका छन् भने प्रकृतिको सौन्दर्य वर्णनको पनि चर्चा गरिएको छ ।

यस महाकाव्यमा प्रकृतिलाई दुई प्रकारले चित्रण गरिएको छ । वर्णनात्मक र मानवीकरणका आधारमा सौन्दर्य पूर्ण तरिकाले गरिएको छ ।

वर्णनात्मक प्रकृतिको चित्रण कविले यसरी गरेका छन्-
नाना वृक्ष, लता र फूलफलले दिङ्ला भई शोभित ।
हेर्दा रूप हराभरा प्रकृतिको बन्ने सवै मोहित ॥
छङ्छङ् झर्झर गान गर्छ छहरा झर्ना झरी सर्वदा ।
दिङ्ला बन्छ पवित्र चारतिर नै खोला वहेका हुँदा ॥
(१ : १९)

प्रकृतिक सौन्दर्यको वर्णन निम्न अनुसार गरिएको छ-
दिङ्लादेखि छ दूर उत्तर दिशा चाँदी वनी झल्कने ।
हेर्दामा गिरिराजको चहकिलो श्रीपेच भै टल्कने ॥
हाती, सिंह र गोरु, मानिस, चरा आकारमा देखिने ।
भै आकर्षित दृश्यरूप यसमा यो विशव नै लोभिने ॥
(१ :११)

प्रस्तुत महाकाव्यमा वाटिकाको वर्णन गर्ने क्रममा प्रकृति चित्रण गरिएको छ । मानविकरण प्रकृतिको चित्रण यसरी गरिएको छ -

हेर्दामा रमणीय फूलफलले शोभायमानै थियो ।
मालीले जल, गोडमेल, मलले सेवा गरेको थियो ॥
देखिन्थे कलिला, सदा रहरिा भै रक्तिमा पालुवा ।
बाह्रै मास सुवासना छरिदिने फक्रेर ती कोपीला ॥
(६ :४२)

निम्ता गर्न भनी वसन्त ऋतुको गर्थ्यो कुहू कोकिल ।
लान्थ्यो सौरभ पुष्पको पवनले बोकेर चारैतिर ॥
सेवामा रहने सधैं प्रकृतिको ती पालुवा कोपिला ।
फक्री फूल सुगन्ध विस्तृत हुँदा व्यामोह भो नासिका ॥
(६: ४४)

यो महाकाव्य पूर्वीय मान्यता अनुसार प्रकृतिको वर्णन रहनु पर्नेलाई पूर्णः पालना गरेर लेखिएको छ ।

## ४.१३ बालागुरुको जीवनीमा आधारित काव्यकृतिका सन्दर्भमा बालागुरु महाकाव्य

बालागुरुको जीवन चरित्रलाई आधारमानेर विभिन्न काव्यकृतिहरू लेखिएका छन् । ती मध्येमा एउटा काव्यकृति नन्दीकेश्वर अधिकारी (१९८४) को **'सदाचार ज्ञान दर्शक'** हो ।

यो संस्कृतमा लेखिएको छ ।  यसको विषयवस्तु पनि बालागुरुका  जीवनीसँगै सम्वधित रहेको छ  ।

नेपालीमा लेखिएका काव्यकृतिहरू निम्न अनुसार रहेका छन- यज्ञनिधि चापागाई (१९६६) मालेखिए **आबाल ब्रह्मचारी चरित्रम्** यसको पहिलो प्रकाशन १९७५ मा भएको अनुमान गरिएको छ । दोस्रो चोटी (२०४५) सालमा भएको हो । प्रस्तुत काव्य बालागुरुको नजिकमा बसेर लेखिएको हो । यसमा  यथार्थ कुराहरू बढी  भए पनि यस काव्यका निम्न विशेषताहरू रहेका छन् -

(क) मध्यकालीन शैलीको प्रयोग गर्नु,

(ख) वर्णनात्मक रूपमा लेखिनु,

(ग) बढी खुट्टा काटेका शब्दहरूको प्रयोग गरिनु,

(घ) यथार्थ कुराहरू बढी भएपनि कवित्व शक्ति कम देखिनु,

(ङ) यसको मुख्य विशेषता पद्यात्मक अथवा वर्णनात्मक रूपमा लेखिनु  ।

यस काव्यमा निम्न अनुसारको भाषाको प्रयोग भएको छ -

सव्विद्यार्थि पठाउन्या भनि असल् पंडित् रह्याका जहाँ ।
गूठी काम लचाउन्या भनि दुई आह्मी दिनू भो तहाँ ॥
धेरै द्रव्य लगाइ भूमि किनि सब थप् खर्च राखीदिया ।
भक्तादीहरूले दिया जति पनी अर्पण् सबै गर्दिया ॥

(पृ : २९)

यस काव्यमा शुद्ध भाषाको प्रयोग कम गरिएको छ । ज्ञानराज सुवेदी (२०४२) को **षडानन्द स्मृति काव्य** यो छ स्मृतिमा विभाजित रहेको छ । प्रस्तुत काव्य बालागुरुको जीवन चरित्रलाई आधार मानेर लेखिएपनि छन्दको लागि शब्दहरू तोडमोड गरिएको छ । प्रस्तुत काव्यका निम्नलिखित बिशेषताहरू रहेका छन्-

(क) छोटकरीमा भएपनि बालागुरुको परिचय दिनु,

(ख) यसको भूमिका खण्ड लामो हुनु,

(ग) विशेष कुरालाई भन्दा अन्य कुरालाई महत्त्व दिनु,

(घ) कथावस्तुलाई छ स्मृति खण्डमा विभाजित गर्नु  ।

यस काव्यमा कवितात्मक शैलीमा बालागुरुको संक्षिप्त जीवनी प्रस्तुत गरिएको छ ।

भोग्यप्रसाद भण्डारी (२०४३) को **श्री षडानन्द चरित्** महाकाव्य प्रस्तुत महाकाव्यलाई नौ सर्गमा विभाजित गरिएको छ । यहाँ शिक्षा सदाचार स्थापना गर्ने र कुरीति समाप्त पार्ने बालागुरुका कार्यलाई प्रस्तुत गरिएको छ । समाजसुधारण महापुरुष बालागुरुको जीवनीलाई नौसर्गमा बाँडेर उनको व्यक्तित्वलाई चिनाउने प्रयास गरिएको छ । यसका धेरै जसो कविता अनुष्टुप छन्दका रहेका छन् । यहाँ कविको कवित्व शक्ति प्रवल रहेको देखिन्छ ।

नरेन्द्र चापागाईं (२०४४) को **बाल-आबाल काव्य** यो काव्य दुई खण्डमा लेखिएको छ । एउटा बालखण्ड र अर्को आवाल खण्ड रहेका छन् । यहाँ बाल खण्डभित्र मेरा नानीहरू शीर्षक राखिएको छ भने आबालभित्र देशान्तर शीर्षक राखिएको छ । बाल्य जीवनको रमणीय अनुभूतिहरूको वर्णन मेरा नानीहरू शीर्षकमा गरिएको छ भने देशान्तर खण्डमा बालागुरुको जीवनीलाएं प्रकाश पारिएको छ ।

प्रस्तुत काव्यको देशान्तर खण्डमा बालागुरुका पूर्खाहरूको कल्पनादेखि षडानन्दको जन्मको साङ्केतिक कल्पना गरिएको छ । त्यसैगरी माँझ किराँतको भौगोलिक चित्र, षडानन्दको जन्म, सामाजिक संस्कारको झलक, बालकका शुभसूचन चेष्टाहरू मनकामना भगवतीको वर्णन तथा परम्परागत ब्रम्हाण संस्कार आदिको चर्चा गरिएको छ । प्रस्तुत काव्यका विशेषताहरू निम्नानुसार छन्-

(क) अन्य काव्यको तुलनामा यसको विषयबस्तुको प्रस्तुति फरक तरिकाको हुनु,

(ख) विषयबस्तुलाई दुई खण्डमा विभाजित गरिनु,

(ग) प्रथमखण्डमा बाल्यकालको वर्णन गरिएको छ भने दोस्रो खण्डमा मात्र बालागुरुको संक्षिप्त चर्चा गर्नु ।

प्रस्तुत काव्यमा कश्यप गोत्रीय अधिकारी, जुन बालागुरुको पूर्खाहरूको पनि चर्चा गरिएको छ ।

दुर्गाप्रसाद अधिकारी (२०५६) को **बालागुरु** महाकाव्य हो । यसमा दशवटा तरङ्गहरू रहेका छन् । प्रस्तुत महाकाव्यको मुख्य विषय नै बालागुरुको जीवन चरित्रसँग सम्बन्धित छ । यसको संक्षिप्त चर्चा तल गरिएको छ ।

खेमराज गौतम (२०५९) को 'गुरु षडानन्द पद्यकाव्य' हो । प्रस्तुत काव्यमा पनि विष्यबस्तुको मूल श्रोत बालागुरुको जीवनीनै रहेको छ । बालागुरुको सम्बन्धमा अहिलेसम्म लेखिएका काव्यकृतिहरू मध्य अन्तिममा प्रकाशित कृति यही हो । तर यसमा विषयबस्तुको प्रस्तुती सामान्य रूपमा गरिएको छ । प्रस्तुत काव्यका विशेषताहरू निम्नानुसार छन-

(क) छोटकरीमा भएपनि बालागुरु जीवनी प्रस्तुत गर्नु,

(ख) दिङ्लाको चार किल्लाको सीमानाको शीर्षक राखेर नै सामान्य परिचय दिनु,

(ग) काव्यका विषयबस्तुलाई बिभिन्न शीर्षकमा नाम दिएर वर्णन गर्नु ।

बालागुरुको जीवन चरित्रमा आधारित मानेर माथि उल्लेखित कृतिहरू लेखिएका छन् । यी काव्य कृतिका अतिरिक्त जीवन चरित्रलाई नै आधार मानेर दुईवटा महाकाव्यहरूको रचना भएको छ पहिलो महाकाव्य भोग्यप्रसाद भण्डारी (२०४३) को **षडानन्द चरित्** महाकाव्य हो भने दोस्रो दुर्गाप्रसाद अधिकारी (२०५६) को **बालागुरु** महाकाव्य हो । यहाँ यी दुई महाकाव्यको संक्षिप्त तुलनात्मक अध्ययन गरिएको छ ।

## सर्गबद्धता

सर्गको प्रयोगको सम्बन्धमा दुवै महाकाव्य समान रहेका छन् । भोग्यप्रसादले सर्गमा नै विभिजित गरेका छन् भने दुर्गाप्रसादले तरङ्गमा विभाजित गरेका छन् । यी महाकाव्य भोग्यप्रसादको नौ सर्गमा विस्तारित छ भने दुर्गाप्रसादको दश सर्गम विभाजित छ ।

## विषयबस्तु

विषयबस्तुका प्रस्तुतिमा दुवै महाकाव्य समान छन् । विषयबस्तुको प्रयोगमा चाहिं भोग्यप्रसादको भन्दा दुर्गाप्रसादको सान्दर्भिक छ । यसको मुख्य कारण भोग्यप्रसाद भण्डारी महाकाव्य लेख्दा एक पटक मात्र दिङ्ला पुगेको र मानिसहरूले भनेका कुरालाई आधार मानेको कुरा उल्लेख गरेका छन् भने दुर्गाप्रसाद अधिकारी दिङ्ला मै जन्मिएका, हुर्केका बालागुरुले स्थापना गरेको पाठशालामा पढेका र दिङ्लाको वातावरणमा भिजेको हुनाले **बालागुरु** महाकाव्यको विषयबस्तु सान्दर्भिक भएको हो ।

**छन्द प्रयोग**

छन्द प्रयोगको हिसावले यी दुवै महाकाव्य वार्णिक छन्दमा लेखिएका छन् । **षडानन्द चरित्** महाकाव्यमा मुख्य रूपले अनुष्टुप छन्दको प्रयोग भएको छ भने **बालागुरु** महाकाव्यमा मुख्य रूपले शादूलविक्रीडित छन्दको प्रयोग भएको छ । यी दुवै महाकाव्यमा आवश्यकतानुसार अन्य छन्दको पनि प्रयोग भएको छ । दुवै महाकाव्यमा सर्ग र तरङ्गको अन्तिममा छन्द परिवर्तन गरी भावि सर्ग वा तरङ्गको सङ्केत गरिएको छ ।

**षडानन्द चरित्** महाकाव्यमा प्रयोग भएको अनुष्टुप छन्दको उदाहरण निम्नानुसार छ-

गडीगाउँ महाँ जन्मे प्यार गर्थे सबै जन ।
शुक्ल पक्षविषे चन्द्रसरि भो बढ्ने क्रम ॥

(२: ८)

**बालागुरु** महाकाव्यमा प्रयोग भएको अनुष्टुप छन्दको उदाहरण निम्नानुसार छ-

यो संस्कृत महाविद्यालय तेईस सालमा ।
खोली लागे बसै शास्त्रीसम्मको नै पढाइमा ॥

(८ :९४)

**षडानन्द चरित्** महाकाव्यमा सबै पाउमा बराबर अक्षर हुने मात्रिक छन्दको प्रयोग भएको छ । यसको उदाहरण निम्नानुसार छ-

विधि संगै सब जातक कर्म भो
द्विज गएर लगन्ठहराइयो ।
तव षडानन नाम हुँदो भयो
जननिको ननिको पिर दूर भो ॥

(१ : ६९)

**बालागुरु** महाकाव्यमा प्रयोग भएको इन्द्रबज्रा छन्दको उदाहरण निम्नानुसार रहेको छ-

डेरा गरी वागमती किनार ।
पूरा भयो योग र मन्त्र सिद्ध ॥
बस्ता यहाँ क्यै सपना भएछ ।
दिङ्ला फिरेछन् घर सम्झिएर ॥

(२ :२३)

**बालागुरु** महाकाव्यमा प्रयोग भएको शादूलबिक्रीडित छन्दको उदाहरण निम्नानुसार छ-

यो नेपाल विकास गर्न सबैले देखाउनू एकता ।
गर्नु रक्षण  सम्पदा प्रकृतिको सम्झेर आत्मीयता ॥
गर्दा काम सदा तयार रहनू लागेर कर्तव्यमा ।
नेपालीहरूको हिमाल गुरु हो शिक्षा दिने काममा ॥
(१ : १४)

## भाषा प्रयोग

**षडानन्द चरित्** महाकाव्यमा **बालागुरु** महाकाव्यको भन्दा अलिक परिस्कृत भाषाको प्रयोग गरिएको छ । **बालागुरु** महाकाव्यमा बढी संस्कृत तत्सम शब्दहरूको प्रयोगको साथै नेपाली शब्दहरूको पनि प्रयोग गरिएको छ । भोग्यप्रसाद भण्डारीको महाकाव्यमा पनि संस्कृत तत्सम शब्दको प्रयोग गर्नाको साथै नेपाली शब्दको पनि प्रयोग गरिएको छ ।

## अलङ्कार

दुवै महाकाव्यमा उपमा, रूपक, दृष्टान्त जस्ता अलङ्कारहरूको प्रयोग गरिएको छ, यी महाकाव्यमा प्रयोग गरिएका अलङ्कारको उदाहरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ -

हीरा झैं चंकने सतो खुकुरी हातमा पऱ्यो ।
झल्यांस्स व्यूंझदा खेरि दृश्य आफैं विलीन भो ॥
(ष. च. १३)

भित्ता मन्दिरका अतीव बलिया चिल्ला बनेका थिए ।
पक्की ईंट जडेर निर्मित हुँदा ती बज्रझैं देखिए ॥
ढोका, झ्याल बनाउनकन भनी ढुङ्गा जडेका थिए ।
राम्रो गोल मिली कला सब यहीं भेला भएका थिए ॥
(बा. ६२)

दिङ्लाको प्रकृतिको चित्रण दुवै महाकाव्यमा प्रकृतिको चित्रण गरिएको छ । षडानन्द चरित् महाकाव्यमा निम्नानुसार प्रकृतिको चित्रण गरिएको छ -

किनारमा लतावृक्ष औषधी छन् अनेकन ।
मृतसंजीवनी जस्ता बुटी मिल्छन् हजारन ॥

(१: १५)

**बालागुरु** महाकाव्यमा निम्नानुसार प्रकृतिको वर्णन गरिएको छ-

फुल्दा फूल सदा विभिन्न रङका दिङ्ला मनोमोहक ।
मीठो पुष्पराग ली पवनले बन्दैछ आकर्षक ॥
भूँ भूँ गरेर नित्य भँवरा, मौरी बसी लोभले ।
लागेका रसपानमा कुसुमको एकाग्रका भावले ॥

(१: २०)

## तत्कालीन युगीन व्यवस्था

तत्काली समयमा जनताहरू सबै सीधासाधा भएको कुराको दुवै महाकाव्यमा वर्णन गरिएको छ । देशमा राण शासनले जरा गाडेको थियो । विद्यालयहरू कंही पनि थिएनन् । नेपाल अधिराज्यमा एउटा मात्र विद्यालय थियो । त्यसमा राणहरूका छोराछोरी मात्र पढ्न पाउने व्यवस्था थियो भने सर्वसाधरणलाई पढ्न दिईदन थियो । यस्तो स्थितिमा बालागुरुले दिङलामा १९३२ सालमा विद्यालयको स्थापना गरेको प्रसङ्गको वर्णन दुवै महाकाव्यमा गरिएको छ ।

## पश्चिमी संस्कृतिको विस्तार त्यसका असर

**षडानन्द चरित्** महाकाव्यमा पश्चिमी संस्कृतिको वारेमा केही पनि वर्णन गरिएको पाईंदैन । **बालागुरु** महाकाव्यमा पश्चिमी संस्कृति र सभ्यताको विस्तारले नेपालमा पार्ने असरको वारेमा निकै राम्रो चर्चा गरिएको छ । यस्तो असरलाई निम्नानुसार देखाइएको छ -

बग्दै पश्चिमबाट भेल शुरु भै सम्पूर्ण नै विश्वमा ।
धेरै देश डुबाउँदं क्रमसँगै पस्ने छ नेपालमा ॥
पस्नासाथ हिमाल, पर्वत, नदी, मैदान ढाकीकन ।
आई भेल बिलाउन् क्रमसँगै पूर्वीयका गौरव ।

(७ : २५)

उर्ली भेल बढी परेर भुँवरी नेपाल डुवला जब ।
जाला काम हुँदै निकै फरक भै धेरै कुरामा तब ॥
भाषा, पैह्रन, खानमा, गमनमा, सङ्गीत, सम्मानमा ।
पूर्वी संस्कृति,धर्म। नीतिहरूमा, सत्कर्म संस्कारमा ॥

(७ : २६)

**षडानन्द चरित्** महाकाव्यमा दिङ्लाको अकिलेको विकृति र विसङ्गतिको वर्णन गरिएको छैन । प्रस्तुत **बालागुरु** महाकाव्यमा महाकाव्यको अन्तिम दसौं तरङ्गभरि नै दिङ्लाको विसङ्गति र विकृतिको वर्णन गुर्नका साथै बालागुरुलाई अहिले दिङ्ला हेर्न आउ भनि आव्हान समेत गरिएको छ ।

**बालागुरु** महाकाव्यमा निम्नानुसार दिङ्लाको विकृति र विसङ्गतिको वर्णन गरिएको छ-

पैलेका हरिया घना प्रकृतिका श्रृङगारका साधन ।
बन्दामा घर चारतर्फ अहिले ती काननी पादप ॥
लागे जान विदा लिइ शहरमा बस्ने हुँदा चाहना ॥
कस्तो दृश्य अरण्यको हुन गयो आऊ षडानन्द हे ॥
(१० : ८)

लागे किन्न र बेच्न आज कसले सामान के क लगी ।
के खाँदैछ कहाँ गएर कसले बोल्दैछ कस्तो भई ॥
कस्ता खेल कहाँ बसेर कसले खेल्दैछ आनन्द भै ।
दिङ्लाको नवदृश्य हेर्न अहिले आउ षडानन्द हे ॥
(१० : १०)

## काव्यप्रतिभा

**षडानन्द चरित्** महाकाव्यको भन्दा **बालागुरु** महाकाव्यमा काव्यप्रतिभा बढी रहेको छ । महाकाव्यको भाषाशैली सरल, सरस छ भने **षडानन्द चरित्** महाकाव्य पढ्दा मनलाई आनन्द बनाउँछ । स्थानीय प्रकृतिको चित्रण पनि सान्दर्भिक छ । यस महाकाव्यमा वेदान्तको चिन्तन, प्रकृतिको चित्रण, पाश्चात्य संस्कृतिको प्रभावले नेपालमा पारेको असर र दिङ्लाको अहिलेको विकृति र विसङ्गति निकै राम्रो चर्चा गरिएको छ । त्यसैले प्रस्तुत **बालागुरु** महाकाव्यको काव्यप्रतिभा अरू काव्य कृतिका साथै **षडानन्द चरित्** महाकाव्यको भन्दा उच्च रहेको छ ।

## सन्देशात्मक

प्रस्तुत बालागुरु महाकाव्यले एउटा महापुरुषको जीवनचरित्रको माध्यमबाट आध्यात्मिक सन्देश दिएको छ । **षडानन्द चरित्** महाकाव्यले पनि बालागुरुको चरित्रका माध्यमबाट बालागुरुलाई महाकाव्यका नायकका रूपमा स्थापित गरेको पाइन्छ ।

## ४.१४ सारांश

नेपाली महाकाव्यको परिभाषा गर्ने पूर्वीय प्रथम आचार्य भामह हुन् । पश्चिमका अरस्तुले पहिलो काव्यको परिभाषा शुरु गरेका हुन् । भामहले शुरु गरेको मान्यतालाई उत्तरवर्ती काव्यचिन्तकहरूले थप्ने र घटाउने काम गरेका छन् । यसरी पूर्वीय आचार्यहरूले प्रतिपादन गरेका तत्त्वका आधारमा **बालागुरु** महाकाव्यको अध्ययन गरिएको छ ।

**बालागुरु** महाकाव्यका लेखक दुर्गाप्रसाद अधिकारी हुन् । प्रस्तुत महाकाव्यलाई दशवटा तरङ्गमा विभाजित गरिएको छ । पूर्वीय महाकाव्यीय मान्यताका आधारमा लेखिएको प्रस्तुत महाकाव्यमा मुख्य रूपले शार्दुलविक्रीडित छन्दको प्रयोग गरिएको छ । यहाँ मङ्गलाचारणलाई पृष्ठभूमिको रूपमा राखिएको छ । प्रस्तुत महाकाव्यको कथाबस्तु बालागुरुको जन्म, बाल्यकाल, शिक्षादीक्षा, उनले गरेका शैक्षिक, सामाजिक र धार्मिक कार्यहरू रहेका छन् । महाकाव्यका नायक बालागुरु हुन् र उनैका नामबाट महाकाव्यको शीर्षकीकरण गरिएको छ ।

प्रस्तुत महाकाव्य रसको क्षेत्रमा भन्नु पर्दा पश्चिमी महाकाव्यको अङ्गी रसका रूपमा रहने करूण  रसलाई यस महाकाव्यमा पनि अङ्गी रस बनाइएको छ भने शान्तरसलाई अङ्गरसका रूपमा राखिएको छ । यहाँ विभिन्न अलङ्कार, छन्द, प्रकृतिको चित्रण आदिको चर्चा गरिएको छ । **बालागुरु** महाकाव्यको योगदानको  समेत वर्णन गरिएको छ ।

# परिच्छेद-पाँच
# उपसंहार तथा निष्कर्ष

## ५.१ अध्यायगत सार

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । शोधशीर्षक, शोधकार्यको प्रयोजन प्रस्तुत गर्दै यस अन्तर्गत शोध समस्या, शोध कार्यका उद्देश्य, पूर्वकार्यको समीक्षा लगायत शोध कार्यको वारेमा उल्लेख गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा महाकाव्यकार दुर्गाप्रसाद अधिकारीको संक्षिप्त परिचय दिइएको छ । उनका व्यक्तित्वका आयामहरू हेर्दा शिक्षक व्यक्तित्व, स्रष्टा व्यक्तित्व, पुराणवाचक व्यक्तित्व, गीतकार व्यक्तित्वमध्ये उनको स्रष्टा व्यक्तित्व महत्त्वपूर्ण रहेको छ । उनले साहित्य लेखनमा वि. सं २०१९ सालदेखि प्रवेश गरे पनि २०५६ सालदेखि मात्र उनका कृतिहरू प्रकाशित भएका छन् ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा बालागुरुको संक्षिप्त परिचय दिइएको छ । महाकाव्यकार दुर्गाप्रसाद अधिकारीले बालागुरुको जीवन चरित्रमा आधारित महाकाव्य लेखेका उनले बालागुरुको जीवन नबुझी **बालागुरु** महाकाव्यको समता र असमताका कुराहरू थाहा नहुने भएकाले यस परिच्छेदमा बालागुरुको जीवन चरित्रको उल्लेख गरिएको हो । यहाँ बालागुरुको जन्म, जन्मस्थान, बाल्यकाल, ब्रतबन्ध र शिक्षादीक्षा, तपश्चर्य आदि कुराहरू प्रस्तुत गर्दै उनले गरेका शैक्षिक कार्य, धार्मिक, सामाजिक कार्य, गुठीको संस्थापक भनी उनको चरित्रलाई उल्लेख गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेदमा महाकाव्यीय सिद्धान्तको र तत्त्वको चर्चा गरिएको छ । यिनै तत्त्वहरूका आधारमा **बालागुरु** महाकाव्यको विश्लेषण गरिएको छ । ती तत्त्वहरू निम्नानुसार छन् -

(क) कथानक, (ख) पात्र वा चरित्र, (ग) सर्गबद्धता, (घ) परिवेश, (ङ) रस/भाव, (च) छन्द वा लय (छ) शीर्षकीकरण, (ज) जीवनदर्शन, (झ) भाषाशैली, (ञ) उद्देश्यहरू रहेका छन् ।

## ५.२ समग्र शोधनिष्कर्ष

**बालागुरु** महाकाव्य चरित्रप्रधान महाकाव्य हो । यसले बालागुरुको चरित्रलाई प्रस्तुत गरेको छ । प्रस्तुत महाकाव्य पूर्वीय महाकाव्यीय सिद्धान्तको अनुसरण गरेर लेखिएको छ । यसमा महाकाव्यमा हुने इतिहास प्रसिद्ध कथावस्तुको प्रयोग गरिएको छ । प्रस्तुत महाकाव्यमा मुख्य रूपमा शार्दूलबिक्रीडित छन्दको प्रयोग भएको छ । यसमा प्रयोग भएका अन्य छन्दहरूमा इन्द्रबज्रा, बसन्ततिलका, अनुष्टुप र मन्दाक्रान्त आदिको प्रयोग गरिएको छ । यस महाकाव्यमा बालागुरुले घर छोड्दा, उनकी आमाको मृत्यु हुँदा र बालागुरुको मृत्य हुँदाको वर्णनमा बढी करूण रसको प्रयोग भएको भएको छ भने यहाँ शान्त रसको पनि सँगसँगै प्रयोग भएको छ । प्रस्तुत महाकाव्यको भाषाशैली सरल र सहज रहेको छ । यहाँ विभिन्न छन्द तथा अलङ्कारहरूको पनि प्रयोग गरिएको छ । अलङ्कारहरूमा उपमा, रूपक, दृष्टान्त, उत्प्रेक्षा जस्ता अलङ्कारको प्रयोग गरिएको छ । प्रस्तुत महाकाव्य बालागुरु सम्बन्धमा लेखिएका अन्य काव्यकृति यज्ञनिधि चापागाईको **आबाल-ब्रह्मचारी चरितम्,** नन्दिकेश्वर अधिकारीको **सदाचारज्ञान दर्शक**, ज्ञानराज सुवेदीको **षडानन्द स्मृति काव्य**, नरेन्द्र चापागाईको **बाल-आबाल काव्य** र खेमराज गौतमको **गुरु षडानन्द पद्यकाव्य** आदि काव्यकृतिभन्दा यसको स्थान उच्च रहेको छ । अरू काव्यकृतिमा बालागुरुको जीवनीलाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ यीमध्ये पनि यज्ञनिधि चापागाईको बालागुरुसँग नजिक रहेर लेखिएको काव्य भए पनि यसको भाषा माध्यामिक कालको छ । त्यसको तुलनामा **बालागुरु** महाकाव्यको भाषा उच्च रहेको छ ।

बालागुरुका सम्बन्धमा दुईवटा महाकाव्यहरू लेखिएका छन् । एउटा भोग्यप्रसाद भण्डारीको **षडानन्द चरित्** अर्को प्रस्तुत शोधपत्रको **बालागुरु** महाकाव्य हो । यी दुवै महाकाव्य महाकाव्यका क्षेत्रमा पूर्णतः मिल्ने खालका छन् । तर **षडानन्द चरित्** महाकाव्यका लेखक अर्को जिल्ला निवासी हुन् र महाकाव्य लेख्दा मात्र एकपटक दिङ्ला गएकाले उनी वास्तविक कथावस्तुसँग त्यति नजिक पुग्न सकेका छैनन् । **बालागुरु** महाकाव्यका लेखक दिङ्ला निवासी भएकाले उनले दिङ्लाको वर्णन गर्दा वास्तविक कुरालाई प्रस्तुत गरेका छन् । त्यसैले वास्तविकताको नजिक पुगेर प्रस्तुत महाकाव्य लेखेएको छ । त्यसैले अन्य काव्यकृतिको तुलनामा **बालागुरु** महाकाव्य, महाकाव्य बन्न सफल भएको छ ।

- ☞ पूर्वीय महाकाव्यी सिद्धान्तमा आधारित महाकाव्य हो. ।
- ☞ विभिन्न छन्द, रस र अलङ्कारहरूको प्रयोग गरिएको छ ।
- ☞ मुख्य रूपमा बालागुरुको जीवन चरित्रलाई प्रस्तुत गरिएको छ ।
- ☞ मुख्य नायकका नामबाट महाकाव्यको शीर्षक राखिएको छ ।

## सम्भावित शोध शीर्षकहरू

यस विषयमा भावी अध्ययनका लागि निम्नि शोध शीर्षक सम्भाव्य रहेका छन् –

(क) महाकाव्य शिल्पका आधारमा **बालागुरु** महाकाव्यको अध्ययन,

(ख) प्रकृति प्रयोगका दृष्टिले **बालागुरु** महाकाव्यको अध्ययन,

(ग) नेपाली ऐतिहासिक महाकाव्य परम्परमा **बालागुरु** महाकाव्यको अध्ययन ।

# सन्दर्भग्रन्थसूची

## पुस्तकहरू


अधिकारी, दुर्गाप्रसाद (२०५६), **आबाल,** महाकाव्य बनेपा : युगला प्रकाशन ।

अधिकारी, नन्दीकेश्वर **सदाचार ज्ञान दर्शक,** (१९८४) भारतः वनारस ।

अधिकारी, सेमन्तराज (२०६२), **आवाल ब्रम्हाचारी षडानन्द अधिकारीका बंशधर दिङ्लाली अधिकारीहरूको बंशावली,** अलकावस्ती, लैनचौर ।

अधिकारी, हेमराज (२०४१), **षडानन्दको जीवनकथा,** सूचना विभाग नेपालः श्री ५ को सरकार सञ्चार मन्त्रालय ।

अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौं विद्यार्थी प्रकाशन ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं क्षितिज प्रकाशन ।

आचार्य, कृष्णप्रसाद (२०६१), **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,** कीर्तिपुरः दीक्षान्त पुस्तक प्रकाशन ।

आचार्य, कृष्णप्रसाद तथा ईश्वरीप्रसाद, गैरे(२०६३), **नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा,** काठमाडौं क्षितिज प्रकाशन ।

आबाल ब्रम्हचारी षडानन्द आश्रम संरक्षण समाज काठमाडौंको गतिविधि (२०६६) ।

आश्रम संरक्षण समाज (२०६६), काठमाडौं ।

आश्रम संरक्षण समाज (२०६६), **आबाल ब्रम्हचारी षडानन्द,** आश्रम संरक्षण समाज काठमाडौं ।

उपाध्याय, केशवप्रसाद (२०५०), **विचार र व्याख्या,** ललितपुर : साझा प्रकाशन ।

__________ (२०५५), **पूर्वीय साहित्य-सिद्धान्त,** ललितपुर : साझा प्रकाशन ।

__________ (२०५९), **साहित्य प्रकाश,** ललितपुर : साझा प्रकाशन ।

कौही, विश्वनाथ (२०५०), **शिक्षासेवी तथा कर्मठ योगी षडानन्द बालामञ्जरी**, विराटनगरः अध्ययन केन्द्र ।

गुप्त, देवीप्रसाद (१९६८), **हीन्दी महाकाव्य सिद्धान्त और मूल्याङ्कन,** जयपुर : अपोलो पब्लिकेशन ।

गौतम, कृष्ण (२०५५), **पाश्चात्य महाकाव्य,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

__________(२०५९), **प्राच्य महाकाव्य,** काठमाडौंःनेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी ।

गौतम, खेमराज (२०५९), **गुरु षडानन्द पद्यकाव्य,** विराटनगर ।

चापागाईं, नरेन्द्र (२०४४), **बाल आबाल काव्य,** विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

__________(२०५९), **काव्य समालोचना,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

चापागाईं, यज्ञनिधि (२०४५), **आबाल ब्रम्हचारी चरितम्,** विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

जनक शिक्षा सामग्री केन्द्र महेन्द्रमाला कक्षा-८ (२०२८) **बालागुरु षडानन्द,** काठमाडौं : ज.शि.सा.के.लि. ।

जोशी, कुमारबहादुर (२०५०), **महाकवि देवकोटा र उनका महाकाव्य,** ते. सं. काठमाडौंः साझा प्रकाशन ।

जोशी, ताराप्रसाद (२०४६),**आदर्श राघवको शास्त्रीय विवचना,** काठमाडौंः रत्नपुस्तक भण्डार ।

ठाकुर, रवीन्द्रनाथ (२०१३), **मेघनाद वध,** भूमिका ते.. सं. चिरवांवः साहित्य सदन ।

थापा, हिमांशु (२०४२), **साहित्य परिचय,** दो सं. काठमाडौंः साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४६), **सुलोचना महाकाव्य,** (भूमिका आ. सं.) काठमाडौंः साझा प्रकाशन ।

न्यौपाने , टंकप्रसाद (२०४३), **साहित्यको रूपरेखा,** दो. सं. काठमाडौंः साझा प्रकाशन ।

पोखरेल ,बालकृष्ण र अन्य (२०५२), **नेपाली बृहत शब्द कोष,** काठमाडौंः साझा प्रकाशन, ने. रा. प्र.प्र. ।

भटराई , घटराज (२०४०), **प्रतिभै प्रतिमा र नेपाली साहित्य,** काठमाडौंः⁄कपन फैका ।

भण्डारी, भोग्यप्रसाद, (२०४३), **श्री षडानन्द चरित्र महाकाव्य,** सनातनधर्म सेवा समिति, धरान ।

रिसाल, राममणि (२०५८), **नेपाली काव्य र कवि,** काठमाडौं : साझा प्रकाशन ।

विश्वनाथ (१९८८), **साहित्य दर्पण,** जवहारनागर : भारतीय बुक कर्पोरिसन ।

शर्मा , तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास**, काठमाडौंः नवीन प्रकाशन ।

पर्वतीय , लिलाधर (१९९६), **भारतीय संस्कृति कोष**, दिल्ली : राजपाल एण्ड सर्न ।

शर्मा, मोहनराज तथा खगेन्द्र लुइटेल (२०६६), **शोधविधि,** चौ. सं. काठमाडौंः साझा प्रकाशन ।

शर्मा, सोमनाथ (२०५८), **साहित्य प्रदिप**, काठमाडौंः साझा प्रकाशन ।

सम, बालकृष्ण (२०३१), **भूमिका चिसा चुल्हो** महाकाव्य काठमाडौंः साझा प्रकाशन ।

सुवेदी, दधिराज (सम्पा. २०५२), **आबाल ब्रम्हाचारी षडानन्द अधिकारी स्मृति ग्रन्थ**, विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।

सुवेदी, ज्ञानराज (२०६५), **षडानन्द स्मृति काव्य,** दो. सं.बनेपाः बन्दिपुर छापाखाना ।

सुवेदी, ज्ञानराज (२०४२), **षडानन्द स्मृति काव्य,** प्र. सं.विरागनगर प्रतिभा पुरस्कार प्रतिष्ठान ।

त्रिपाठी वासुदेव (२०५७), **महाकाव्य बुढो र पुरानो साहित्यिक विधा,** काठमाडौंः प्रज्ञा भवन ।

सुवेदी, (२०५२), **महाकवि देवकोटा र उनका महाकाव्य भूमिका,** ते. सं. काठमाडौंः साझा प्रकाशन ।

सुवेदी, तथा अन्य (सम्पा.२०४९), **नेपाली कविता भाग-४,** काठमाडौंः साझा प्रकाशन ।

## शोधग्रन्थहरू

खड्का, भगवान (२०५६), **पूर्व ४ नं. भोजपुर, दिङ्लास्थित षडानन्द आश्रमको ऐतिहासिक अन्वेषण** अप्रकाशित स्नातकोत्तर तहको शोधग्रन्थ, काठमाडौंः त्रि. वि. वि. कीर्तिपुर ।

चापागाईं, गोविन्द (२०५४), **षडानन्द अधिकारीको सामाजिक तथा शैक्षिक कार्यहरू**, अप्रकाशित शोध ग्रन्थ स्नातकोत्तर तह, काठमाडौंः त्रि. वि. वि. कीर्तिपुर ।

चापागाईं, शोभा (२०५४), **बालागुरु षडानन्द अधिकारी र उनका विषयमा लेखिएका कृतिहरूको** अप्रकाशित शोध ग्रन्थ स्नाकोत्तर तह, काठमाडौंः त्रि. वि. वि. कीर्तिपुर ।

चापागाई , सुमित्रा (२०६४), **भोजपुर जिल्लाको साहित्यिक सर्भेक्षण,** अप्रकाशित शोध ग्रन्थ स्नाकोत्तर तह, काठमाडौंः त्रि. वि. वि. कीर्तिपुर ।

तिमल्सिना, गणेशकुमारी (२०६३) **रमेश खकुरेल महाकाव्यहरूको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित शोध ग्रन्थ स्नाकोत्तर तह, काठमाडौंः पद्मकन्या क्याम्पस, बागवजार ।

लामिछाने, बुनु (२०५६), **सुलोचना महाकाव्यः एक अध्ययन,** अप्रकाशित शोध ग्रन्थ, स्नाकोत्तर तह, काठमाडौंः त्रि. वि. वि. कीर्तिपुर ।

# परिशिष्ट खण्ड

# परिशिष्ट-क
# फोटोसहित शोधनायकको अन्तर्वार्ता



दुर्गाप्रसाद अधिकारी (जन्म वि.सं. १९९४)

# परिशिष्ट-ख

# बालागुरु र उहा“का कृतिहरू देखाउने तस्विरहरू



बालागुरु षडानन्द (जन्म वि.सं. १८९२ - १९७३)



षडानन्द संस्कृत पाठशाला (वि.सं. १९३२)



सीताराम मन्दिर



षडानन्द सीताराम गुठीको मन्दिर परिसर



षडेश्वर महादेव



पुराण मण्डप



बालागुरु जन्मेको घर अगाडि रहेको सरस्वती मन्दिर र संस्था



सद्मीमा गरिने रथयात्रा



बालागुरुको सालिक अगाडि रहेको शिलाललेख



बालागुरुको जन्म भएको घरको बाँकी अंश



बालागुरुको नाभि गाडेको ठाउँ




राम धारा



पार्वती कुण्ड



लक्ष्मण धारा



नर्मदेश्वर महादेव